वर्ष १ अंक १

# महान्यायाधिवक्ताको कार्यालयको
# बुलेटिन

(सम्मेलन विशेषाङ्क)

२०६८ जेष्ठ
प्रकाशक
महान्यायाधिवक्ताको कार्यालय
रामशाहपथ, काठमाडौं

**संरक्षक**

**महान्यायाधिवक्ता**

प्रा.डा. श्री युवराज संग्रौला

**सल्लाहकारहरू**

नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला

नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्की

नायब महान्यायाधिक्ता श्री राजनारायण पाठक

**सम्पादन समिति**

| | |
|---|---|
| नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला | - संयोजक |
| उपन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी | - सदस्य |
| शाखा अधिकृत श्री सोमकान्त भण्डारी | - सदस्य सचिव |

# प्रकाशकीय

स्वतन्त्र र सक्षम फौजदारी न्याय प्रशासन कानूनी राज्यको अपरिहार्य शर्त हो । संविधानले परिलक्षित गरेको स्वतन्त्र न्यायपालिका तथा कानूनी राज्यको अवधारणालाई व्यवहारमा उतार्न एवं नागरिकहरूका मौलिक मानव अधिकारहरूको संरक्षणको लागि संविधानमा संरचना गरिएका निकायहरू मध्ये महान्यायाधिवक्ताको भूमिका महत्वपूर्ण छ । महान्यायाधिवक्ता तथा निजबाट प्रत्यायोजित अधिकार प्रयोग गरी मातहतका सरकारी वकीलहरूले अपराध अनुसन्धानलाई प्रभावकारी बनाउन अनुसन्धान अधिकारीहरूलाई निर्देशन दिने, अभियोजन गर्ने तथा ती मुद्दाहरूमा सरकारको तर्फबाट प्रतिनिधित्व गर्ने कार्य गर्दछन् । नेपाल सरकारको हक, हित र सरोकार भएको मुद्दामा जुनसुकै अदातल वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको प्रतिनिधित्व गर्न तथा राज्यको कामकारवाहीका सन्दर्भमा उत्पन्न कानूनी समस्या वा द्विविधामा कानूनी राय उपलब्ध गराउने समेतको कार्य महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीलबाट हुन्छ । यसरी फौजदारी न्याय प्रशासन मात्र नभएर सिङ्गो न्याय प्रशासनको प्रभावकारिता, कानूनको शासन तथा सुशासनको स्थापनामा महान्यायाधिवक्ता तथा निज मातहतका सरकारी वकीलहरूको भूमिका महत्वपूर्ण छ ।

संविधानवादमा आधारित लोकतान्त्रिक शासन पद्धतिमा हरेक सार्वजनिक निकाय र अधिकारीहरूका कार्यहरू कानूनसम्मत, विवेकपूर्ण, न्यायिक र पारदर्शी हुनु आवश्यक मानिन्छ । समाजको समष्टि विकासको लागि नागरिकहरूको मौलिक हक तथा साम्पत्तिक अधिकार तथा स्वतन्त्रताको संरक्षण गर्न समाजको शान्ति सुरक्षामा खलल पार्ने आपराधिक गतिविधिहरूलाई नियन्त्रण गर्नु अनिवार्य हुन्छ । यसको लागि फौजदारी न्याय प्रशासनका हरेक चरण अर्थात मुद्दाको अनुसन्धान, अभियोजन, प्रमाणको प्रस्तुतीकरण तथा सुनुवाइसमेतमा सरकारी वकीलको प्रभावकारी भूमिका रहन्छ ।

महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने कामकारवाहीहरूमा पारदर्शिता कायम गर्न, सरकारी वकीलहरूबाट सम्पादित कार्यका सम्बन्धमा सरोकारवाला सबैलाई सूचित गर्न र सरकारी वकीलहरूलाई उत्तरदायी बनाउन महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूबाट मासिक रूपमा सम्पादन हुने अभियोजन, बहस पैरवी र प्रतिरक्षा लगायतका कार्यहरूको विवरण र महान्यायाधिवक्ताको कार्यालयका गतिविधिहरू समावेश गरिएको विवरण (बुलेटिन) प्रकाशित गर्ने कार्यको सुरुवातस्वरूप पहिलो अंक यहाँहरूको हातमा आई पुगेको छ ।

बुलेटिनको प्रकाशनको पूर्वसन्ध्यामा सरकारी वकीलहरूको वार्षिक केन्द्रीय कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमसमेत सम्पन्न भएको छ । फौजदारी न्याय प्रशासनको प्रमुख अंगको रूपमा रहेका सरकारी वकीलहरूले आफ्नो कार्य सम्पादनको क्रममा सामना गर्नु परेका समस्याहरूको बिषयमा छलफल गरी तिनीहरूको समाधानका उपायहरू पत्ता लगाउने तथा समग्र फौजदारी न्याय प्रशासनमा गरिनु पर्ने समसामयिक सुधारका क्षेत्रहरू पहिल्याउने उद्देश्यले गरिने वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रममा भएको छलफल र निष्कर्षलाई बुलेटिनमा समावेश गरिनु सान्दर्भिक भएको हुँदा यो अंकलाई **सम्मेलन विशेषाङ्कको** रूपमा प्रकाशन गरिएको छ ।

प्रस्तुत बुलेटिन पहिलो प्रकाशन भएकोले भाषागत तथा विषयवस्तुमा समेत त्रुटि र कमजोरीहरू रहन सक्ने कुरालाई स्वीकार गर्दै ती कमीकमजोरीहरूलाई सुधार गर्न विज्ञ पाठकहरूबाट रचनात्मक सुझाव र टिप्पणीहरूको अपेक्षा गरिएको छ । यसमा देखिएका कमीकमजोरीहरूलाई आगामी अंकमा सुधार गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

# विषय सूची

**शीर्षक** **पेज नं.**

**खण्ड क**

**सम्पादित कार्यको विवरण र गतिविधि**

१. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यको विवरण ५
२. पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण ६
३. जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण ७
४. विविध गतिविधिहरू ९
५. परिपत्र ११
६. नेपाल राजपत्र १२
७. अन्य १३

**खण्ड ख**

**वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम**

१. उद्घाटन सत्र १५
२. कार्यपत्र प्रस्तुति र छलफल सत्र १८
(क) प्रस्तावित अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा अभियोजन सम्बन्धी अवधारणा, कमी कमजोरी र सुधारका विषय, १८
**- सह-न्यायाधिवक्ता श्री रमेशकुमार पोखरेल**
(ख) भ्रष्टाचार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन पश्चात् थपिएको दायित्व, चुनौती र नेपाल कानूनमा गर्नुपर्ने सुधार,
**- सह-न्यायाधिवक्ता श्री महेश शर्मा पौडेल** २४
(ग) महान्यायाधिवक्ताको कार्यालयको प्रशासनिक र व्यावसायिक सुदृढीकरण,
**- सह-न्यायाधिवक्ता श्री युवराज सुवेदी** २९
(घ) सम्पत्ति शुद्धीकरण, संगठित अपराध, आतंककारी कार्यमा लगानी सम्बन्धी महासन्धि, ऐन र प्रस्तावित ऐन समेतबाट अभियोजनमा पर्ने असर,
**- सह-न्यायाधिवक्ता श्री किरण पौडेल** ३४
(ङ) ऐन नियमको विषयमा खुला छलफल ३८

**अनुसूचीहरू**

१. सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमको कार्यतालिका
२. सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम तेलकोट (भक्तपुर)-२०६८ बाट पारित प्रस्तावहरू
३. सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम २०६८ (जेष्ठ २२ र २३) मा सहभागी तथा पर्यवेक्षकहरू
४. कार्यक्रममा पेश भएका कार्यपत्रहरू
५. कार्यक्रम व्यवस्थापन, आवास व्यवस्थापन र ऱ्यापोटिङ्गमा सम्लग्न कर्मचारीहरू
६. महान्यायाधिवक्ताको कार्यालयबाट जारी गरिएको कार्य निर्देशिका, २०६८

# खण्ड क

## १. महान्यायाधिवक्ताको कार्यालयबाट सम्पादित कार्यको विवरण
## २०६८ जेष्ठ

| सि. नं. | पद | सरकारी वकीलको नाम | जम्मा बहस संख्या |
|---|---|---|---|
| १ | नायब महान्यायाधिवक्ता | श्री पुष्पराज कोइराला | १० |
| २ | नायब महान्यायाधिवक्ता | श्री सूर्यप्रसाद कोइराला | ४७ |
| ३ | नायब महान्यायाधिवक्ता | श्री प्रेमराज कार्की | २५ |
| ४ | नायब महान्यायाधिवक्ता | श्री राजनारायण पाठक | ५२ |
| ५ | सह न्यायाधिवक्ता | श्री युवराज सुवेदी | २३ |
| ६ | सह न्यायाधिवक्ता | श्री सरोजप्रसद गौतम | ४७ |
| ७ | सह न्यायाधिवक्ता | श्री ठोकप्रसाद शिवाकोटी | ४६ |
| ८ | सह न्यायाधिवक्ता | श्री महेशकुमार थापा | ४१ |
| ९ | सह न्यायाधिवक्ता | श्री किरण पौडेल | ५९ |
| १० | सह न्यायाधिवक्ता | श्री समीर सिलवाल | १६ |
| ११ | सह न्यायाधिवक्ता | श्री महेश शर्मा पौडेल | ६८ |
| १२ | सह न्यायाधिवक्ता | श्री कृष्णजीवी घिमिरे | ८९ |
| १३ | सह न्यायाधिवक्ता | श्री कृष्णप्रसाद पौडेल | ११४ |
| १४ | उपन्यायाधिवक्ता | श्री शरदकुमार खड्का | ५८ |
| १५ | उपन्यायाधिवक्ता | श्री योगराज बराल | ५४ |
| १६ | उपन्यायाधिवक्ता | श्री धर्मराज पौडेल | ५२ |
| १७ | उपन्यायाधिवक्ता | श्री रमेश शर्मा पौडेल | ४० |
| १८ | उपन्यायाधिवक्ता | श्री रेवतीराज त्रिपाठी | ७७ |
| १९ | उपन्यायाधिवक्ता | श्री खेमराज ज्ञवाली | ७ |
| २० | उपन्यायाधिवक्ता | श्री हरिप्रसाद रेग्मी | १९ |
| २१ | उपन्यायाधिवक्ता | श्री मदनबहादुर धामी | ९ |
| २२ | उपन्यायाधिवक्ता | श्री शंकरबहादुर राई | ६१ |
| २३ | उपन्यायाधिवक्ता | श्री दिवाकर भट्ट | ७ |

## २. पुनरावेदन सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण, २०६८ जेष्ठ

| सिं नं. | कार्यालयको नाम | मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण | | | | | | | | पेशी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फछ्र्यौट | | | | | जम्मा | बाँकी | पेशीमा चढेको मुद्दा संख्या | बहस पैरवी गरेको संख्या | सरकारी वकीलबाट स्थगित संख्या |
| | | | कसूर कायम वा दावी कायम | कसूरमा सफाई वा दावी खारेज | मुल्तवी/ तामेली | मुद्दा फिर्ता | मिलापत्र | | | | | |
| १ | पु.स.व.का. इलाम | १६५ | ६७ | ६ | | | | ७३ | ९२ | ६२० | ३१९ | ८१ |
| २ | पु.स.व.का. विराटनगर | ८२९ | १०७ | १३१ | १ | | | २३९ | ५९० | १३२५ | १३१३ | १२ |
| ३ | पु.स.व.का. धनकुटा | १२४ | ७० | २७ | | | | ९७ | २७ | २४१ | १४२ | ५२ |
| ४ | पु.स.व.का. राजविराज | ७९५ | २३७ | २३५ | ४२ | | | ५१४ | २८१ | आषाढ २३ गते सम्मको | | |
| ५ | पु.स.व.का. जनकपुर | ९६९ | १८५ | ४३५ | | | | ६२० | ३४९ | १४६५ | १०६४ | १७६ |
| ६ | पु.स.व.का. हेटौंडा | ३३३ | ४५ | ११४ | ३ | | | १६२ | १७१ | ६८२ | ५५२ | ७३ |
| ७ | पु.स.व.का. पाटन | २५६० | २४९ | ३८४ | ० | ० | | ६३३ | १९२७ | ५०३२ | ४५१२ | ५२० |
| ८ | पु.स.व.का. पोखरा | ३०८ | ८३ | ८९ | | | | १७२ | १३६ | ९७१ | ८६१ | ५४ |
| ९ | पु.स.व.का. बाग्लुङ | ६८ | | | | | | | | २६९ | १६४ | ११ |
| १० | पु.स.व.का. बुटवल | ३४५ | ६६ | १०३ | | | | १६९ | १७६ | १७६ | १३० | २५ |
| ११ | पु.स.व.का. तुल्सिपुर | २१७ | ४८ | ६३ | | | | १११ | १०६ | ६८५ | ३६६ | ८० |
| १२ | पु.स.व.का. सुर्खेत | १०१ | ६ | २७ | | | | ३३ | ६८ | ३६६ | ३१२ | ५४ |
| १३ | पु.स.व.का. नेपालगंज | ४६२ | १८० | १०२ | ८ | | | २९० | १७२ | ७७३ | ४३२ | १५१ |
| १४ | पु.स.व.का. जुम्ला | ३६ | | | | | | ० | ३६ | ४१ | ४१ | ० |
| १५ | पु.स.व.का. दिपायल | १२६ | ६३ | | | | | ६३ | ६३ | ७९ | २७ | |
| १६ | पु.स.व.का. महेन्द्रनगर | १२८ | २२ | २२ | २ | | | ४६ | ८२ | २४४ | १०८ | ४५ |
| | जम्मा | ७५६६ | १४२८ | १७३८ | ५६ | ० | ० | ३२२२ | ४२७६ | १२७९३ | १०२१३ | १३०९ |

# ३. जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादित कार्यको विवरण, २०६८ जेष्ठ

| सि.नं | कार्यालयको नाम | मुद्दाको लगत, फछ्र्यौट र बाँकीको विवरण | | | | | | | | पेशी सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगत | फछ्र्यौट | | | | | जम्मा | बाँकी | पेशीमा चढेको मुद्दा संख्या | बहस पैरवी गरेको संख्या | सरकारी वकीलबाट स्थगित पेशी संख्या |
| | | | कसूर कायम वा दाबी कायम | कसूरमा सफाई वा दाबी खारेज | मुल्तवी/ तामेली | मुद्दा फर्ता | मिला पत्र | | | | | |
| १ | ताप्लेजुङ | ७९ | २४ | ९ | | | | ३३ | ४६ | १८१ | १५७ | २४ |
| २ | पाँचथर | १०७ | २६ | १२ | | | | ३८ | ६९ | २८१ | १३३ | ३७ |
| ३ | इलाम | १८४ | ५७ | ४ | २ | | | ६३ | १२१ | २७४ | २५६ | २८ |
| ४ | झापा | १०५९ | ११८ | १४ | ४० | | | १७२ | ८८७ | २३१ | २३१ | ० |
| ५ | तेह्रथुम | ९० | १४ | ६ | ० | १ | | २१ | ६९ | ७७ | ७१ | ६ |
| ६ | संखुवासभा | ६० | २२ | ५ | १ | | | २८ | ३२ | १६८ | १५२ | १६ |
| ७ | भोजपुर | ७८ | १४ | ६ | | | | २० | ५८ | ११६ | ७८ | ११ |
| ८ | धनकुटा | ९९ | ३४ | ९ | ८ | | | ५१ | ४८ | २१२ | १२८ | ३६ |
| ९ | मोरङ्ग | ९२० | १०५ | ४४ | | | | १४९ | ७७१ | ५६९ | १२६९ | ३०० |
| १० | सुनसरी | १०३७ | ९४ | ४७ | २ | | | १४३ | ८९४ | १०२८ | ७८० | २०९ |
| ११ | सोलुखुम्बु | ४७ | २४ | ४ | | | | २८ | १९ | | | |
| १२ | ओखलढुङ्गा | | | | | | | ० | ० | | | |
| १३ | खोटाङ्ग | ६२ | २६ | ५ | | | | ३१ | ३१ | | | |
| १४ | उदयपुर | १७९ | ९० | ६ | | | | ९६ | ८३ | | | |
| १५ | सप्तरी | | | | | | | ० | ० | | | |
| १६ | सिराहा | ६७० | ५६ | २७ | | | | ८३ | ५८७ | | | |
| १७ | रामेछाप | ४७ | १२ | २ | | | | १४ | ३३ | | | |
| १८ | सिन्धुली | ११६ | ४४ | ८ | | | | ५२ | ६४ | | | |
| १९ | धनुषा | | | | | | | ० | ० | | | |
| २० | महोत्तरी | | | | | | | ० | ० | | | |
| २१ | सर्लाही | ५४२ | ६१ | ४८ | | | | १०९ | ४३३ | | | |
| २२ | रौतहट | ४१६ | १९ | २२ | | | | ४१ | ३७५ | ७०९ | ७०३ | १५६ |
| २३ | बारा | ३०१ | ११९ | २५ | ६ | | | १५० | १५१ | १११ | ८२ | ० |
| २४ | पर्सा | ४७६ | ३४ | १८ | १ | | | ५३ | ४२३ | ८५२ | ४६१ | २०१ |
| २५ | मकवानपुर | ४०० | ५२ | ११ | | | | ६३ | ३३७ | ५६२ | २८७ | ७९ |
| २६ | चितवन | ४१४ | ५० | २ | | | | ५२ | ३६२ | ६१५ | ४७८ | १३७ |
| २७ | दोलखा | ७४ | २८ | ९ | | | | ३७ | ३७ | | | |
| २८ | सिन्धुपाल्चोक | १५८ | ७ | ५ | | | | १२ | १४६ | | | |
| २९ | काभ्रेपलाञ्चोक | २०० | १५ | ३० | | | | ४५ | १५५ | | | |
| ३० | भक्तपुर | ३२८ | ५६ | २६ | | | | ८२ | २४६ | | | |
| ३१ | ललितपुर | ५५५ | ८५ | १०० | | | | १८५ | ३७० | | | |
| ३२ | काठमाडौं | ५५८१ | ४३० | ७३२ | १६ | | | ११७८ | ४४०३ | ६३११ | ४५०४ | १८०७ |
| ३३ | नुवाकोट | १०९ | १७ | ५ | | | | २२ | ८७ | | | |
| ३४ | रसुवा | २९ | ८ | | | | | ८ | २१ | | | |
| ३५ | धादिङ | २८८ | ७५ | १७ | ३ | | | ९५ | १९३ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३६ | गोर्खा | १७२ | ६१ | १६ | ० | १ | | ७८ | ९४ | २१२ | १९३ | १९ |
| ३७ | तनहुँ | २७१ | १४६ | १८ | | | | १६४ | १०७ | ३९९ | १४१ | २४ |
| ३८ | लमजुङ | ८० | ३२ | ० | २३ | | | ५५ | २५ | १२६ | ११७ | ९ |
| ३९ | मनाङ | ८ | ३ | २ | १ | | | ६ | २ | २ | १ | ० |
| ४० | कास्की | १०४८ | ५२६ | ४२ | ४ | | | ५७२ | ४७६ | ५९४ | ५७२ | २२ |
| ४१ | स्याङजा | १३६ | ४६ | ९ | ६० | | | ११५ | २१ | २७५ | ३३८ | १६ |
| ४२ | मुस्ताङ | ६ | ५ | | | | | ५ | १ | ६ | ५ | ० |
| ४३ | म्याग्दी | ६२ | २३ | ७ | | १ | | ८ | १५ | १३८ | १०२ | ४ |
| ४४ | बाग्लुङ | १६७ | २१ | १० | १ | | | ३२ | १३५ | २२१ | १९५ | २६ |
| ४५ | पर्वत | ७३ | ९ | | | | | ९ | ६४ | १४५ | ११० | ६ |
| ४६ | पाल्पा | १२१ | ५६ | १ | | | | ५७ | ६४ | १७४ | १६५ | ९ |
| ४७ | गुल्मी | ७० | ४१ | २ | | | | ४३ | २७ | २१ | २४९ | ० |
| ४८ | अर्घाखाँची | ५४ | ६ | १० | | | | १६ | ३८ | १०२ | ८९ | ९ |
| ४९ | नवलपरासी | ३५९ | १५० | ११ | | | | १६१ | १९८ | ७०८ | ५२४ | ५५ |
| ५० | रुपन्देही | ७४० | ३२६ | ६६ | १४ | | | ४०६ | ३३४ | १३४६ | १२६५ | ८१ |
| ५१ | कपिलवस्तु | ३२० | ९३ | १४ | | | | १०७ | २१३ | २८६ | २६० | १३ |
| ५२ | दाङ | ४८० | १३५ | २२ | | | | १५७ | ३२३ | ३१३ | २८९ | २४ |
| ५३ | सल्यान | ७१ | ३१ | २ | | | | ३३ | ३८ | १४० | ९६ | ० |
| ५४ | प्युठान | ३९ | १५ | ३ | | | | १८ | २१ | १४४ | १०२ | ८ |
| ५५ | रुकुम | ४८ | ४ | | | | | ४ | ४४ | १२० | ४९ | ११ |
| ५६ | रोल्पा | ४८ | २४ | १ | | | | २५ | २३ | ३७ | १८ | ५ |
| ५७ | सुर्खेत | ३२८ | ८७ | ५२ | २ | | | १४१ | १८७ | ३३४ | ३०९ | २५ |
| ५८ | दैलेख | २१ | १५ | ५ | १ | | | २१ | ० | १२७ | ३ | १२४ |
| ५९ | जाजरकोट | ५१ | ४ | १ | १३ | | | १८ | ३३ | ४ | १० | १ |
| ६० | बाँके | १०१५ | ३३ | ६१ | १ | | | ९५ | ९२० | ७१३ | ३४० | १२० |
| ६१ | बर्दिया | १९९ | २५ | ५ | | ० | | ३० | १६९ | २४९ | ३०९ | १४ |
| ६२ | डोल्पा | १६ | ५ | | | | | ५ | ११ | ५ | १२ | ० |
| ६३ | जुम्ला | १६ | ६ | ० | १ | | | ७ | ९ | ३५ | ३५ | ० |
| ६४ | मुगु | १९ | ४ | १ | | | | ५ | १४ | २५ | २९ | ६ |
| ६५ | हुम्ला | १८ | १ | ० | १३ | | | १४ | ४ | ० | | |
| ६६ | कालिकोट | २९ | १० | ८ | १ | | | १९ | १० | २४ | २४ | ५ |
| ६७ | बझाङ | ४४ | ७ | १ | | | | ८ | ३६ | ० | | |
| ६८ | बाजुरा | २१ | ५ | १ | | | | ६ | १५ | ४८ | ३७ | २८ |
| ६९ | अछाम | ३३ | १२ | ८ | | | | २० | १३ | ११ | ९ | |
| ७० | डोटी | ३७ | १५ | ८ | | | | २३ | १४ | ० | | |
| ७१ | कैलाली | ४९० | १०६ | १८ | १ | | | १२५ | ३६५ | ७६८ | २६६ | ५६ |
| ७२ | कञ्चनपुर | ३३९ | ७१ | १७ | | | | १७ | ५४ | २७५ | | ३ |
| ७३ | डडेल्धुरा | ४१ | २५ | २ | १ | | | ३ | २२ | ६३ | ५१ | १२ |
| ७४ | वैतडी | ४२ | १२ | ९ | | | | ९ | ३ | ९५ | २६ | ४ |
| ७५ | दार्चुला | ३६ | ११ | २ | १ | | | ३ | ८ | ३६ | २० | ६ |

## ४. विविध गतिविधिहरू

### (क) सरकारी वकील कार्यालयहरूका लागि कार्य निर्देशिका जारी

अपराधको प्रभावकारी, विश्वसनीय एवं स्वच्छ र निष्पक्ष अनुसन्धान एवं अभियोजनको प्रबर्द्धन गर्ने उद्देश्यले महान्यायाधिवक्ताको कार्यालयबाट मातहत सबै सरकारी वकील कार्यालयहरूलाई मिति २०६७।२।२७ मा ३३ बुँदे कार्य निर्देशिका जारी गरियो । उक्त निर्देशिकाको पूर्णपाठ **अनुसूची ६** मा समावेश गरिएको छ ।

### (ख) महत्वपूर्ण निर्णयहरू

**(बैशाख २, २०६८)**

- **विभागहरूको गठन र जिम्मेवारी**

बैशाख २, २०६८ मा महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको उच्च पदाधिकारीको बैठकको निर्णय अनुसार महान्यायाधिवक्ताको कार्यालयमा देहाय बमोजिमका विभागहरूको गठन गरी विभागका प्रमुखको जिम्मेवारी देहायका नायब महान्यायाधिवक्ताहरूलाई तोकियो ।

(क) जनशक्ति व्यवस्थापन विभाग- **नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला**

(ख) योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार विभाग- **नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला**

(ग) कानूनी राय परामर्श तथा सुशासन सुझाव विभाग- **नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्की**

(घ) मुद्दा तथा बहस पैरवी व्यवस्थापन विभाग- **नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठक**

उल्लेखित विभागहरू महान्यायाधिवक्ताको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहने र विभागको कार्यबोझको आधारमा आर्थिक प्रशासनको अख्तियारी समेत प्रदान गर्ने निर्णय गरियो ।

- **ऐन कानून परिमार्जन सुझाव समिति गठन**

सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ लगायतका अन्य नेपाल कानूनमा सुधार वा संशोधन गर्ने विषयमा सुझाव दिन **नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठक**को संयोजकत्वमा पाँच सदस्यीय समितिको गठन गरियो ।

- **सरकारी वकील कार्यालयहरूको आधुनिकीकरण गर्ने**

महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना बमोजिम विभिन्न सरकारी वकील कार्यालयहरू सुदृढीकरण र आधुनिकीकरण गर्नको लागि पुनरावेदन सरकारी वकील कार्यालयहरू **राजविराज, हेटौंडा, पाटन, पोखरा, बुटवल र नेपालगञ्ज** एवं जिल्ला सरकारी वकील कार्यालय **काठमाडौं**लाई अत्याधुनिक बनाउने । यसको जिम्मेवारी **नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला**लाई प्रदान गर्ने । जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको कार्यालय भवनका लागि नेपाल औषधी लिमिटेडको भवनमा CCTV लगायतका अत्याधुनिक उपकरण सहितको व्यवस्था गर्ने ।

- **बुलेटिन प्रकाशन गर्ने**

महान्यायाधिवक्ताको कार्यालयबाट मासिक बुलेटिन प्रकाशन गर्न योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार सचिवालयका **नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला**लाई जिम्मेवारी तोक्ने ।

- **नियमित स्टाफ मिटिङ गर्ने**

महान्यायाधिवक्ताको कार्यालयमा सबै कर्मचारीहरूको स्टाफ मिटिङ प्रत्येक तीन महिनामा कम्तीमा एक

पटक र सरकारी वकीलहरूको स्टाफ मिटिङ प्रत्येक महिनामा एक पटक गर्ने ।

(**बैशाख १६, २०६८**)

- **सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा संशोधन प्रस्ताव**

  सरकारी वकील सम्बन्धी नियमावली, २०५५ मा संशोधन प्रस्ताव पेश, छलफल सहित आवश्यक संशोधन गरी नेपाल सरकार, कानून मन्त्रालयमा पठाउने ।

- **संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने**

  महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरू एवं नेपाल सरकारका विभिन्न निकायहरू, संवैधानिक अंगहरू लगायतका सरकारी निकायहरूमा सरकारी वकीलहरूको दरबन्दी बढाउने सम्बन्धमा संगठन तथा व्यवस्थापन (O & M) गर्नको लागि आगामी बैठकमा पेश गर्ने ।

(**जेष्ठ २०, २०६८**)

- **अभियोजन प्रशिक्षण केन्द्रको स्थापना**

  फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन सरकारी वकीलहरूलाई अभियोजन सम्बन्धी आधारभूत प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने र महान्यायाधिवक्ताको कार्यालयको बैठक कक्षलाई प्रशिक्षण केन्द्रको रूपमा विकास गर्ने ।

- **महान्यायाधिवक्ताको कार्यालयको भवन डिजाइनिङ्ग गर्ने**

  महान्यायाधिवक्ताको कार्यालयको केन्द्रीय भवन निर्माण गर्न डिजाइनिङ्गका लागि इन्जिनियरिङ्ग कलेजहरूलाई अनुरोध गर्ने र उत्कृष्ट डिजाइन गर्नेलाई महान्यायाधिवक्ताले तोकेको समितिले गरेको सिफारिसका आधारमा रु. पचास हजार पुरस्कार उपलब्ध गराउने ।

**(जेष्ठ २६, २०६८)**

- **सरकारी वकीलहरूको लागि आधारभूत प्रशिक्षण कार्यक्रम**

  महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूमा कार्यरत राजपत्राङ्कित द्वितीय श्रेणी तथा तृतीय श्रेणीका सरकारी वकीलहरूको लागि महान्यायाधिवक्ताको कार्यालय योजना, अनुसन्धान, अनुगमन तथा मानव अधिकार विभागको संयोजकत्वमा आयोजित आधारभूत प्रशिक्षण कार्यक्रम २०६८।२।३० मा सुरु भई २०६८।३।३ मा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालय तथा काठमाडौं उपत्यकाका जिल्ला सरकारी वकील कार्यालयका ३८ जना सरकारी वकीलहरू र ११ जना उपत्यकाका प्रहरी कार्यालयहरूमा कार्यरत नेपाल प्रहरीका अनुसन्धान अधिकारीहरू सहभागी हुनु भएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा अनुसन्धानको क्रममा सरकारी वकीलको निर्देशन, अभियुक्तको बयान, निर्णय तथा तथ्य र प्रमाणको विश्लेषण, अभियोगपत्र लेखन, बहस व्यवस्थापन, पुनरावेदन निवेदन, कार्यालय व्यवस्थापन सम्बन्धी सैद्धान्तिक ज्ञान र साक्षी प्रमाणको परीक्षण, अभियोगपत्र लेखन अभ्यास, नमुना बहस सम्बन्धी व्यावहारिक अभ्याससमेत गराइएको थियो । यसले अनुसन्धान तथा अभियोजनमा प्रभावकारिता आउने विश्वास गरिएको छ । यस प्रशिक्षण कार्यक्रममा व्यवस्थापनको संयोजक सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय तथा सह संयोजकमा शाखा अधिकृत श्री बालकृष्ण वाग्ले रहनु भएको थियो भने र्‍यापोटरको रूपमा उपन्यायाधिवक्ताहरू श्री खेमराज ज्ञवाली र उद्धवप्रसाद पुडासैनीले गर्नु भएको थियो । कार्यक्रमको व्यवस्थापनमा नायब सुब्बा श्री नारायणप्रसाद घिमिरे र श्री गजेन्द्रकुमार के.सी., कार्यालय सहयोगी श्री दीपक पुडासैनीले सहयोग गर्नु भएको थियो ।

## ५. परिपत्र

महान्यायाधिवक्ताको कार्यालयले सबै जिल्ला सरकारी वकील कार्यालयहरूमा संबोधन गरी प्रहरी प्रधान कार्यालयलाई बोधार्थ दिई मिति २०६७।१२।०७ मा गरिएको परिपत्रः

१. अपराधको सूचना प्राप्त भए पछि तहकिकात सुरु गर्नु भन्दा पहिला तहकिकात गर्ने प्रहरी कर्मचारीले तहकिकात गर्ने कुराहरू खुलाई सम्बन्धित सरकारी वकील कार्यालयमा अपराध सम्बन्धी प्रारम्भिक प्रतिवेदन पठाउन लगाउने,

२. तहकिकातको क्रममा हिरासतमा रहेको शंकितलाई म्याद थप गर्न अदालत/मुद्दा हेर्ने अधिकारी समक्ष लैजानु पूर्व संकलित मिसिल कागजातका कानूनी पक्षका सम्बन्धमा सरकारी वकील समक्ष सम्पर्क र समन्वय गर्न लगाउने,

३. शंकित व्यक्तिको बयान अनुसन्धान अधिकृतले सरकारी वकील कार्यालयका सरकारी वकील समक्ष अनिवार्य रूपमा गराउने र अदालत समक्ष हुने बयान बकपत्रमा अनिवार्य रूपमा सरकारी वकील उपस्थित भई सोधपुछ, जिरह र पुनः सोधपुछ गर्ने,

४. तककिकातको समयमा साक्षीहरू राख्दा अदालतमा उपस्थित भई स्वेच्छाले बकपत्र गर्ने व्यक्तिहरूलाई प्राथमिकता दिन लगाउने,

५. अनुसन्धान अधिकृतले प्रस्तावित रायसहित मिसिल सरकारी वकील समक्ष पठाउँदा सरकारी वकीललाई मिसिल अध्ययन गरी अभियोजन पत्र तयार गर्न कानूनले निर्दिष्ट गरे बमोजिमको आवश्यक समय बाँकी छँदै रायसहितको मिसिल पेश गर्न लगाउने,

६. प्रहरी कर्मचारीको प्रतिवेदनले अनुसन्धान प्रारम्भ भएका वा प्रहरी कर्मचारीहरू साक्षी बसेका मुद्दाहरूमा अनिवार्य रूपमा प्रहरी कर्मचारीहरूलाई बकपत्र गर्न अदालतमा उपस्थित गर्न लगाउने,

७. विधिविज्ञान प्रयोगशाला वा अन्य विशेषज्ञले दिएको राय मिसिल साथ संलग्न गरेर मात्र रायसहितको मिसिल सरकारी वकील समक्ष पठाउन लगाउने,

८. पछि उपस्थित गराउन सम्भव नहुने साक्षीहरूलाई मुद्दा पेश गर्दाकै अवस्थामा बकपत्र गराउनको लागि पहल गर्ने ।

# भाग ४
# महान्यायाधिवक्ताको कार्यालयको
# सूचना

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (६) ले दिएको अधिकार प्रयोग गरी महान्यायाधिवक्ताले सोही धाराको उपधारा (३) को देहाय (ग) बमोजिम आफूमा निहित देहायको अधिकार देहायको शर्तको अधीनमा रही आफ्नो अधिकाराक्षेत्र भित्रका जिल्लाहरुको हकमा सम्बन्धित पुनरावेदन सरकारी वकील कार्यालयका सह न्यायाधिवक्ता वा निजको अनुपस्थितिमा सह न्यायाधिवक्ताको हैसियतमा काम गर्ने कर्मचारीले मिति २०६८।१।१ देखि प्रयोग र पालना गर्न पाउने गरी सुम्पेको छ :-

१. हिरासतमा रहेको व्यक्तिलाई नेपालको अन्तरिम संविधान, २०६३ को अधीनमा रही मानवोचित व्यवहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजूरी परेमा वा जानकारी हुन आएमा छानविन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने,

२. प्रकरण (१) मा उल्लेख भएको कार्य सम्पन्न भएपछि त्यस सम्बन्धमा त्रैमासिक रुपमा महान्यायाधिवक्ता समक्ष प्रतिवेदन पेश गर्ने,

३. प्रकरण (१) बमोजिम प्रत्यायोजित अधिकारका सम्बन्धमा महान्यायाधिवक्ता समक्ष उजुरी वा जानकारी प्राप्त भएको अवस्थामा अन्य आवश्यक व्यवस्था गर्ने महान्यायाधिवक्ताको अधिकारमा यस सूचना बमोजिम अधिकार प्रत्यायोजित भएको विषयले कुनै असर नपार्ने ।

आज्ञाले,
पुष्पराज कोइराला
नायब महान्यायाधिवक्ता

७. अन्य

(क) प्रहरी प्रधान कार्यालयबाट जारी गरिएको परिपत्र

# प्रहरी प्रधान कार्यालय

| | | | |
|---|---|---|---|
| बाट | प्रहरी प्रधान कार्यालय, प्र.म.नि.को सचिवालय | प्राथमिकता | MJ / AJ /J |
| लाई | म.न.प्र.आ.को कार्यालय, रानीपोखरी, क्षेत्रीय प्रहरी कार्यालय सबै, अंचल प्रहरी कार्यालय सबै, जिल्ला प्रहरी कार्यालय सबै | क्रमसंख्या | १२२६८ |
| बोधार्थ | श्रीमहान्यायाधिवक्ताको कार्यालय, प्र.प्र.का. अ.अ. विभाग | मिति / समय | ०३१३३८ |

मिति २०६७/१२/३ गते महान्यायाधिवक्ताको कार्यालयमा श्रीमान् महान्यायाधिवक्ताज्यू र प्रहरी महानिरीक्षकज्यू बीच भएको बैठकमा महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी बीचको समन्वयमा अभिबृद्धि गरी फौजदारी न्याय प्रणालीलाई कसरी अझ प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा छलफल हुंदा निम्नानुसारका कार्यहरु अविलम्ब गर्ने गराउने निर्णय भएकोले आवश्यक कार्यार्थ निर्देशानुसार अनुरोध (०)

निम्न

१. अनुसन्धानको क्रममा थुनामा रहेको अभियुक्तलाई म्याद थपको लागि अदालत लैजानु पूर्व संकलित मिसिल कागजातका कानूनी पक्ष सम्बन्धमा सरकारी वकिलसंग सम्पर्क र समन्वय गर्ने ।

२. अनुसन्धानको क्रममा साक्षीहरु राख्दा पछि अदालतमा उपस्थित भएर वकपत्र गर्ने स्वइच्छा राख्ने व्यक्तिहरुलाई प्राथमिकताका साथ राख्ने ।

३. अनुसन्धान अधिकृतले प्रस्तावित राय सहित मिसिल सरकारी वकिल कार्यालयमा पठाउंदा सरकारी वकिललाई उक्त मिसिल अध्ययन गरी अभियोजन पत्र तयार गर्नका लागि आवश्यक समय उपलब्ध हुने गरी अन्तिम हद म्याद भन्दा केही दिन पूर्व नै पठाउने ।

४. प्रहरी कर्मचारीको प्रतिवेदनले अनुसन्धान आरम्भ भएका मुद्दाहरुमा र प्रहरी कर्मचारीहरु साक्षी बसेका मुद्दाहरुको हकमा त्यस्ता प्रहरी कर्मचारीहरुलाई अदालतमा उपस्थित भएर अनिवार्य बकपत्र गर्ने र गराउने व्यवस्था मिलाउने ।

साथै उल्लेखित निर्देशनहरुको पालना भए नभएको सम्बन्धमा सुपरीवेक्षण गरी समय-समयमा प्रगति समीक्षा प्रतिवेदन श्रीमान् प्रहरी महानिरीक्षकज्यू समक्ष पेश गर्न समेत यसैको बोधार्थ सन्चारद्धारा प्र.प्र.का. अ.अ. विभागलाई निर्देशानुसार अनुरोध ।

प्रहरी नायव महानिरीक्षक
( नवराज ढकाल )

मिति :- २०६७/१२/३ गते /

**(ख) पश्चिम क्षेत्रीय प्रहरी कार्यालय पोखराको आयोजनामा २०६६ बैशाख १ मा पश्चिम क्षेत्रीय प्रहरी तालिम केन्द्र बुटवलमा सम्पन्न गोष्ठी (गोष्ठीमा लुम्बिनी अञ्चल र मातहतका छ वटा जिल्लाका प्रहरी प्रमुखहरू एवं अनुसन्धान अधिकारीहरू र जिल्ला न्यायाधिवक्ताहरूको सहभागिता रहेको) बाट पारित भएका सहमतिका बुँदाहरू :**

१. जिल्ला न्यायाधिवक्ता र जिल्ला प्रहरी प्रमुख एवं अनुसन्धान अधिकृतहरूको आवधिक अन्तरक्रिया गरी अपराध अनुसन्धान र अभियोजनमा देखिएका कमीकमजोरीहरूलाई हटाउन आवश्यक छलफल गर्ने ।

२. साक्षीको बयान कागज गराउँदा निजको स्थायी अस्थायी वतनको सँगसँगै सम्फर्क नं. समेत स्पष्ट उल्लेख गर्ने ।

३. प्रतिवादी पक्राउ गर्दा निजको पुराना अभिलेखमा कुनै आरोप भए सो समेत खुलाई पेश गर्ने ।

४. पुराना मुद्दाहरूको अनुसन्धानलाई प्राथमिकता दिई अनुसन्धानको लागि छुट्टै अनुसन्धान अधिकृतको व्यवस्था गरी गहन रूपमा अनुसन्धान गर्न लगाउने ।

५. जिल्ला न्यायाधिवक्ताबाट अनुसन्धानको सम्बन्धमा निर्देशन माग गर्दा अनुसन्धानमा भएको प्रगति विवरण र पछि गर्ने कार्यको विवरण प्रारम्भिक प्रतिवेदनमा पठाउने र जिल्ला न्यायाधिवक्ताले पनि अनिवार्य रूपमा स्पष्ट निर्देशन सममानै दिने ।

६. संभव भएसम्म कुनै पनि अपराधमा सम्लग्न अपराधी तथा साक्षीहरूको लिखित बयानका साथसाथै श्रव्य दृष्य अभिलेख (Visual records) सहित पेश गर्ने ।

७. जिल्ला सरकारी वकील कार्यालयमा रायसहितको प्रतिवेदन बुझाए पछि अनिवार्य रूपमा भरपाई लिने व्यवस्था गर्ने र अभियोगपत्रको नक्कलसमेत प्रहरीले प्राप्त गर्ने व्यवस्था गर्ने ।

८. जिल्ला प्रहरी कार्यालयले आयोजना गर्ने मासिक बैठकको अवसरमा जिल्लाका सबै अनुसन्धान अधिकृत, जिल्ला प्रहरी प्रमुख र जिल्ला न्यायाधिवक्ता समेत बसी छलफल गरी मासिक रूपमा भएका कामकारवाहीहरूको सिंहावलोकन गर्दै भएका कमीकमजोरीहरूलाई हटाउन पहल गर्ने ।

## खण्ड ख

# सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम तेलकोट (भक्तपुर)-२०६८

**कार्यक्रमको अध्यक्षता : महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौला**

**प्रमुख अतिथि : सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी**

**अतिथिहरू : श्री बाबुराजा जोशी, अध्यक्ष, नेपाल कानून आयोग**

**श्री प्रेमबहादुर खड्का, अध्यक्ष, नेपाल वार एशोसियसन**

**श्री माधव पौडेल, सचिव, कानून तथा न्याय मन्त्रालय**

**श्री कृष्णप्रसाद सापकोटा, अध्यक्ष, सर्वोच्च अदालत वार एशोसियसन**

**श्री रविन्द्रप्रताप शाह, प्रहरी महानिरीक्षक**

### १. उद्घाटन सत्र

सरकारी वकीलहरूको द्वि-दिवसीय **केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम**-२०६८ मिति २०६८ जेष्ठ २२ गते भक्तपुरको तेलकोटमा शुभारम्भ भएको थियो । महान्यायाधिवक्ता प्रा.डा.युवराज संग्रौलाज्यूको अध्यक्षतामा सञ्चालन भएको उद्घाटन सत्रका प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

उद्घाटन सत्रमा अतिथिहरू प्रहरी महानिरीक्षक श्री रबिन्द्रप्रताप शाह, कानून तथा न्याय मन्त्रालयका सचिव श्री माधव पौडेल, नेपाल वार एशोसियसनका अध्यक्ष श्री प्रेमबहादुर खड्का, नेपाल कानून आयोगका अध्यक्ष श्री बाबुराजा जोशीले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो भने कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मीज्यूले शुभकामना सहित उद्घाटन मन्तव्य व्यक्त गर्नु भएको थियो ।

उद्घाटन सत्रमा स्वागत मन्तव्य व्यक्त गर्नु हुँदै नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले शान्ति सुव्यवस्था कायम गर्ने राज्यको प्रमुख उद्देश्य हो । पीडकलाई दण्ड र पीडितलाई राहत दिलाउने हाम्रो कर्तव्य हो । अपराध अनुसन्धानमा अनुसन्धान अधिकृतलाई उचित निर्देशन दिने तथा कानून र तथ्यलाई विश्लेषण गरी अभियोजन र बहस पैरवी गर्ने लगायतका कार्यहरूमा सरकारी वकीलको भूमिका र जिम्मेवारी महत्वपूर्ण हुन्छ भन्दै कार्यक्रममा उपस्थित प्रमुख अतिथि तथा अतिथि एवं सहभागी, पर्यवेक्षकहरूलाई आयोजकको तर्फबाट स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमका पाल्नु भएका अतिथि प्रहरी महानिरीक्षक श्री रविन्द्रप्रताप शाहले कार्यक्रममा आमन्त्रणको लागि धन्वयाद ज्ञापन गर्नुहुँदै महान्यायाधिवक्ताको कार्यालय र नेपाल प्रहरी बीचको आपसी समन्वय र सहयोगले अपराध अनुसन्धान प्रभावकारी हुने र पीडितले न्याय पाउने अवस्था सिर्जना हुन्छ। सरकारी वकील कार्यालयहरू अनुसन्धान अधिकारीलाई कानूनी परामर्श दिने, अनुसन्धानमा निर्देशन दिने र अनुसन्धानलाई मूर्तरूप प्रदान गर्ने सहयोगी निकाय हुन् । सरकारी वकीलहरूसँग सहकार्य गरी अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउँदै हामी बीचको सहकार्य र व्यावसायिक सम्बन्धलाई सुदृढ बनाउनु पर्दछ। यस कार्यक्रमबाट निस्कने निष्कर्षले परिणामुखी, वैज्ञानिक अनुसन्धान र अभियोजन तथा पीडितलाई राहत दिने दिशामा कोशेढुङ्गा सावित हुनेमा विश्वस्त हुँदै प्रहरी संगठनले पूर्ण सहयोग र सहकार्य गर्ने प्रतिबद्धतासहित कार्यक्रमको पूर्ण सफलताको कामना गर्नु भयो ।

कार्यक्रमका अतिथि कानून तथा न्याय मन्त्रालयका सचिव श्री माधव पौडेलले कार्यक्रममा मन्तव्य राख्ने अवसर प्राप्त भएकोमा गौरवान्वित भएको छु । वार्षिक कार्य समीक्षाका साथै अनुशिक्षण कार्यक्रमले सरकारी वकीलको विगतको कार्यशैलीको समीक्षा गर्नुका साथै आगामी आ.व. को रणनीति तयार गर्नमा मद्दत पुग्ने विश्वास गर्नु भयो।

नेपालको कानून प्रणालीमा सुधारका लागि सरकारले पेश गरेका विधेयक तयार गरी प्रक्रिया अगाडि बढाएको र विधेयकहरू हाल व्यवस्थापिका-संसदमा विचाराधीन रहेको तथ्य औंल्याउँदै प्रस्तावित विधेयकमा सुधारका पक्षहरू बारे कार्यक्रममा छलफल भई ती विधेयकमा गर्नुपर्ने सुधारका सम्बन्धमा चिन्तन मनन हुने र छलफलबाट निस्केको निष्कर्षका आधारमा भोलिका दिनमा सुधार गर्न सकिने विषयहरू औंल्याइनेछ भन्ने अपेक्षा राख्दै कार्यक्रमको पूर्ण सफलताको कामना व्यक्त गर्नु भयो ।

कार्यक्रमका अर्का अतिथि नेपाल वार एशोसियसनका अध्यक्ष श्री प्रेमबहादुर खड्काले भावी दिनमा सरकारी वकीलले गर्नुपर्ने कार्यबारे रणनीति तय गर्न कार्यक्रम सफल होस् भन्ने शुभकामना व्यक्त गर्नु भयो । सरकारी वकीलबाट अपराध अनुसन्धानमा दिइने निर्देशनको प्रहरीले पालना नगरेका धेरै उदाहरण छन् । अदालतका फैसला आलोच्य हुनु हुँदैन । बहालवाला न्यायाधीश गैर सरकारी संस्थाको कार्यक्रममा भाग लिने कार्य राम्रो देखिदैन भन्नु हुँदै मुद्दा जिम्मा लगाउने नमुना अदालतको प्रभाव राम्रो देखिएको छैन । यसले विकृति र विसंगति बढाएको अनुभव गरिएको छ । मुद्दा हेर्दाहिर्दै राख्ने प्रचलनको प्रभाव पनि राम्रो देखिएको छैन भन्नु भयो ।

कार्यक्रमका अतिथि नेपाल कानून आयोगका अध्यक्ष श्री बाबुराजा जोशीले नेपाल कानून आयोग सरकारी वकीलहरूका कार्यमा सहयोग गर्न तत्पर रहेको धारणा राख्दै हाल दण्डहीनताको स्थिति बढिरहेको प्रति चिन्ता व्यक्त गर्नु भयो । यसको अन्त्यका लागि महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकीलहरूले महत्वपूर्ण भूमिका खेल्नु पर्छ । मुद्दा फिर्ता लिने परिपाटीले पनि दण्डहीनता बढाएको छ । महान्यायाधिवक्ताको पदीय स्थायित्व कायम राखिनु पर्छ । यो संस्था स्थायी प्रकृतिको भएकोले सरकार परिवर्तन हुनासाथ परिवर्तन नहुने गरी व्यवस्था गर्न उपयुक्त हुन्छ । सरकारी वकीलहरू प्रहरीबाट दबिएको भन्ने सुनिन्छ । प्रहरीले वकील नियुक्त गर्ने गरेको भन्ने गुनासा पनि सुनिएका छन् । दण्डहीनताका लागि समेत सरकारी वकीलहरू दरिलो हुनु पर्दछ । न्यायाधीशहरू न्याय सम्पादनमा बाहेक अन्य कार्यमा सम्लग्न रहनु उचित होइन् । प्रस्तावित संहिता र ऐनका सम्बन्धमा छलफल गरी सुधार हुनुपर्ने विषयमा महत्वपूर्ण सुझाव आउने र दण्डहीनता रोक्न कार्यक्रम सक्षम होस् भन्ने अपेक्षासहित कार्यक्रमको पूर्ण सफलताको कामना गर्नु भयो ।

कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीश खिलराज रेग्मीले सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमको प्रमुख अतिथिको रूपमा आमन्त्रण गरी उद्घाटन मन्तव्य व्यक्त गर्ने अवसर प्राप्त भएकोमा आयोजकलाई धन्यवाद दिनु भयो । संक्रमणकालीन अवस्थामा वृद्धि भैरहेको अपराधको नियन्त्रण र दण्डहीनताको अन्त्यका लागि सम्मेलनले महत्वपूर्ण आधार खडा गर्ने विश्वास व्यक्त गर्नु भयो । संविधानले दिएको महत्वपूर्ण जिम्मेवारी वहन गर्न महान्यायाधिवक्ताले फौजदारी न्याय प्रशासनमा नेतृत्वदायी भूमिका निभाउँदै मुलुकमा सुशासन कायम गरी दण्डहीनताको अन्त्य गर्न महत्वपूर्ण भूमिका खेल्नु पर्नेमा जोड दिनु भयो । अपराधको अनुसन्धान, अभियोजन र न्याय निरूपणको कार्य गर्न स्थापित निकायहरू दोषीलाई सजाय दिई पीडितलाई न्याय दिलाउने कार्यमा समर्पित हुँदै आएका छन् । हामी सबैको लक्ष्य, उद्देश्य एवं गन्तव्य एउटै हो । मानव अधिकार, लोकतान्त्रिक मूल्यमान्यता र विधिको शासनको मान्यतालाई आत्मसात गर्दै दण्डहीनताको अन्त्य गर्न सहकार्य बढाउन आवश्यक छ । दक्ष जनशक्तिको अभावका साथै उचित समन्वय नहुँदा समस्याहरू देखिएका छन् । अपराधको अनुसन्धानलाई प्रभावकारी बनाउन सरकारी वकीलको भूमिकालाई नयाँ ढंगबाट क्रियाशील बनाउनु पर्दछ । अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदनबाट थपिएको दायित्वका अतिरिक्त संगठित अपराधले समेत जिम्मेवारी थपिदै जाने हुँदा सरकारी वकीलको ज्ञान, सीप र दक्षतामा अभिवृद्धि गर्नु जरुरी छ ।

महान्यायाधिवक्ताको कार्यालय तथा सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरण, भौतिक पूर्वाधारमा सुधार, सरकारी वकीललाई व्यावसायिक तालिम र सेवा सुविधामा वृद्धि गरी मनोबल उच्च पार्नु आवश्यक छ । अदालतबाट भएका आदेश वा निर्णयको सफल कार्यान्वयनबाट न्यायले सार्थकता पाउने हुँदा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्न गराउन महान्यायाधिवक्ताको तर्फबाट प्रभावकारी कदम चालिने अपेक्षा राख्नु भयो । अदालत र महान्यायाधिवक्ताको कार्यालय

सहयात्री र एक अर्काका परिपूरक भएकाले स्वतन्त्र न्यायापालिका र संवैधानिक सर्वोच्चताका मूल्यमान्यताहरूको प्रत्याभूति भावी संविधानमा स्थापित गर्न सबैको प्रयास आवश्यक छ । स्वतन्त्र न्यायपालिका, मानव अधिकार, संवैधानिक सर्वोच्चता, कानूनको शासन, दण्डहीनताको अन्त्य जस्ता लोकतन्त्रका आधारभूत मूल्यमान्यता स्थापित नभएसम्म फौजदारी न्यायप्रशासन सफल हुन नसक्ने र यसले न्यायपालिका लगायत राज्यप्रतिको धारणामा नै नकारात्मक असर पर्ने तर्फ ध्यानाकर्षण गराउँदै यस कार्यक्रमबाट निस्कने निचोडले फौजदारी न्याय प्रशासनमा ठोस योगदान दिने विश्वास व्यक्त गर्दै कार्यक्रमको पूर्ण सफलताको कामना गर्नु भयो ।

उद्घाटन सत्रको अन्त्यमा कार्यक्रमका अध्यक्ष तथा महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौलाले समापन मन्तव्य व्यक्त गर्दै फौजदारी न्यायको सक्षमता सक्षम महान्यायाधिवक्ता र सरकारी वकीलहरूको कुशल कार्यशैलीबाट मात्र संभव हुन्छ । सरकारी वकीलहरूले महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरू बाहेक विभिन्न कार्यालयहरूमा समेत सेवा प्रदान गर्दै आएका छन् । कार्यबोझको अनुपातमा सरकारी वकीलको जनशक्ति कम रहेको छ, अदालतमा रहेका इजलास संख्या अनुसार सरकारी वकीलहरूको संख्या पर्याप्त छैन । २५० जना सरकारी वकीलको दरबन्दी लिएर हाल महान्यायाधिवक्ताको कार्यालय फौजदारी न्याय प्रशासनमा सक्रिय रहेको अवस्था छ । एउटा नायब महान्यायाधिवक्ताले १,७०० रिट र ३,५०० मुद्दा हेर्नुपर्ने अवस्था रहेको छ । जनशक्तिको अभावमा प्रभावकारी प्रतिनिधित्व र प्रतिरक्षा हुन सकेको छैन ।

हाल महान्यायाधिवक्ताको कार्यालयमा पारदर्शी रूपबाट सामूहिक निर्णयको अवधारणा विकास गरिएको छ । Input Output Destination (Result) Prosecution Criminal Justice को Bottleneck हो । उच्च मनोबलका साथ सबैले संस्था निर्माण गर्न अगाडि बढ्नु पर्दछ । प्रत्येकले आफ्नो संस्थागत विकासका लागि योगदान गर्नुपर्ने आवश्यकता छ । हामीले रणनीतिक योजना आफ्नै स्रोत/साधन र जनशक्तिबाट बनाएका छौं । यसमा SWOT (सबल तथा कमजोर पक्षहरू र अवसर र चुनौतीहरू) को विश्लेषण गरिएको छ । हाम्रो क्षमता वृद्धि र संस्थागत सुधार विना हाम्रा योजना सफल हुन सक्दैनन् । यसलाई रणनीतिक योजनामा समेटिएको छ ।

काठमाडौं जिल्ला सरकारी वकील कार्यालय राजधानीको अभियोजन कार्यालय भएकोले यो सुदृढ हुनु पर्छ । फौजदारी न्यायको स्तर सुधार्न प्रहरी र सरकारी वकीलको सहकार्य महत्वपूर्ण हुन्छ । हाल दस जनाको टिम काठमाडौंमा खटाइएको छ । खटाइएको स्थानमा नजानेलाई कारवाही हुन्छ अन्यथा सरकारी वकीलले गर्ने कार्य सफल हुँदैन । झ्यालबाट मिसिल ल्याउने र ढोकाबाट फिर्ता लाने कार्य रोकिनु पर्दछ । जनताले शुद्ध न्याय पाउनु पर्दछ । यसमा सरोकारवाला सबै निकाय समन्वयात्मक रूपमा लाग्नु पर्दछ । हामीले राज्यलाई सेवा प्रदान गर्ने हो आर्थिक मूल्यसँग यसलाई दाज्न मिल्दैन । विभिन्न देशको अभियोजन पद्धति अवलोकन गर्न विदेश भ्रमण/तालिममा सरकारी वकीललाई पठाउने प्रयास गरिएको छ ।

कार्यक्रममा आतिथ्य ग्रहण गरी उद्घाटन गरिदिनु भएकोमा प्रमुख अतिथि सम्माननीय प्रधान न्यायाधीशज्यूलाई र आतिथ्य स्वीकार गरी आउनु हुने अन्य अतिथिहरूलाई समेत धन्यवाद ज्ञापन गर्दै कार्यक्रम सफल रहने अपेक्षासहित उद्घाटन सत्रको समापन गर्नु भएको थियो ।

## २. कार्यपत्र प्रस्तुति र छलफल सत्र

### प्रथम दिन प्रथम पत्र

### (क) प्रस्तावित अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा अभियोजन सम्बन्धी अवधारणा, कमी कमजोरी र सुधारका विषय

***प्रस्तुतकर्ता, सह-न्यायाधिवक्ता श्री रमेशकुमार पोखरेल**

यस छलफल कार्यक्रमको अध्यक्षता महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौलाले गर्नु भएको थियो भने कार्यपत्र माथि नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठकले टिप्पणी गर्नु भएको थियो । सह-न्यायाधिवक्ता श्री रमेशकुमार पोखरेलले प्रस्तावित अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा अभियोजन सम्बन्धी अवधारणा, कमी कमजोरी र सुधारका विषयमा कार्यपत्र प्रस्तुत गर्नुहुँदै उक्त कार्यपत्रले केवल सुरुवात मात्र गरेको छ, यसमा सुधारका क्षेत्र धेरै छन् । विज्ञ समुदायबाट रचनात्मक सुझाव आएपछि यसले पूर्णता प्राप्त गर्दछ भन्ने अपेक्षा राखिएको छ । २०१२ सालमा दण्ड संहिता निर्माण गरिएको थियो तर लागू हुन सकेन । अभियोजन आफैमा कुनै सिर्जना होइन, अनुसन्धानबाट निस्किएको निष्कर्षलाई कानूनको साँचोमा ढाल्ने कार्य हो । अभाव, दवाव, प्रभावबाट अभियोजन मुक्त हुनु पर्दछ । अभियोगपत्रमा नाम, थर, वतन, गाउँ, शहर, टोल खुलाउने व्यवस्थामा संभव भएसम्म भन्ने शब्द प्रयोग गर्नु उचित देखिन्छ । सरकारी वकील बहसमा उपस्थित भएको र फैसला सुनी पाएको मितिले ३० दिने पुनरावेदन म्याद व्यावहारिक छैन । बदनियतपूर्वक अभियोजन गरेकोमा कैद सजाय गर्ने व्यवस्था उचित छैन । दफा १८५(२) मा सजाय बढाइएको छ, क्षतिपूर्तितर्फ पनि ध्यान दिइनु पर्दछ । ठगीमा बिगो भराउने व्यवस्था थप गरिनु पर्छ । ३० दिनभित्र सजाय निर्धारण गर्ने व्यवस्था व्यावहारिक हुँदैन, यसमा चलखेल हुन सक्छ भन्ने समेतका विषयवस्तुहरू समेटी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रको पूर्ण पाठ **अनुसूची -४** मा समावेश गरिएको छ ।

कार्यपत्र प्रस्तुति पश्चात अध्यक्षको आसनबाट महान्यायाधिवक्ताज्यूले यो कार्यक्रम महत्वपूर्ण छ भन्नु हुँदै प्रस्तावित अपराध संहिताका सम्बन्धमा सहभागीहरूबाट संवेदनशील र चनाखो भएर छलफलमा भाग लिन निर्देश गर्नु भएको थियो ।

**छलफलमा सहभागीहरूबाट उठाइएका विषयवस्तुहरू**

१. **उपन्यायाधिवक्ता श्री शरदकुमार खड्का (महान्यायाधिवक्ताको कार्यालय)**

* कार्यविधि संहिताको दफा ३२(२) को व्यवस्था ठीक छ । प्रतिवादीहरूको नाम, थर, वतन, हुलिया खुलाउने व्यवस्था हुनु पर्दछ ।

* सरकारी वकीलले बहसमा भाग लिएको आधारमा फैसला सुनेको मिति कायम गर्ने व्यवस्था हुनु हुँदैन ।

* न्यायाधीशलाई स्वविवेकाधिकार हुन पर्दछ । न्यायाधीशले गलत निर्णय गरे कारवाही गर्ने निकाय छन् ।

२. **उपन्यायाधिवक्ता श्री उद्धव पुडासैनी (महान्यायाधिवक्ताको कार्यालय)**

* कार्यपत्रमा Codification को Concept आएन ।

* विशेष ऐनले व्यवस्था गरेकोमा यो संहिता लागू हुँदैन, विषेश ऐनले व्यवस्था गरेका कुरामा पनि संहिताले बोलेको हुँदा दोहोरोपन देखिन्छ ।

* नीतिगत कुरामा वहालवाला न्यायाधीशहरू सम्लग्न रहनु न्यायिक सर्वोच्चता र शक्ति पृथकीकरणको सिद्धान्त विपरित छ ।

* नीति निर्माण समिति (सजाय निर्धारणमा) मा न्यायाधीश रहने व्यवस्था उचित छैन ।

* उद्योग, दुरुत्साहन आदिलाई एकै ठाउँमा राखिएको व्यवस्था Codification को मान्यता अनुसारनै छ ।

* न्यायाधीशलाई स्वविवेकाधिकार हुनु पर्दछ ।

३. **सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डे** (**पु.स.व.का.दिपायल**)

* विधेयक समयमै प्राप्त भएको भए व्यापक रूपमा छलफल हुन सक्थ्यो ।
* अपराध नियन्त्रणका लागि कैद सजाय बढाउनु मात्र पर्याप्त हुँदैन, अपराध गर्नेलाई सुधार गर्नेतर्फ राज्यले ध्यान दिनु पर्दछ । तीस वर्ष कैद र जीवित रहेसम्म कैद गर्ने प्राबधान उचित देखिदैन ।
* यौन अपराध बढिरहेको छ, यौन व्यवसायलाई कानूनी मान्यता दिई कानूनी दायरामा ल्याउनु पर्दछ । मानव बेचविखन अपराध नियन्त्रणका लागि पनि यो आवश्यक छ ।
* ज्यान मार्ने उद्योग मुद्दा सफल हुन सकिरहेको छैन ।
* कैद जरिवाना वा तल्लो हद हटाउन उपयुक्त हुन्छ ।
* प्रोवेशन र प्यारोलको सिद्धान्त ठीक हो तर लागू गर्नु पूर्व विचार गर्नु पर्दछ ।

४. **उपन्यायाधिवक्ता श्री दिवाकर भट्ट** (**महान्यायाधिवक्ताको कार्यालय**)

* ज्यान मार्ने उद्योग मुद्दामा ३-५ वर्ष कैद सजाय राख्नु ठीक हुन्छ । पीडितलाई न्याय दिन यो आवश्यक छ ।
* आत्महत्यामा सजाय गर्ने व्यवस्था जसले उक्साहट गर्छ उसैलाई सजाय भागी बनाएको व्यवस्था ठीकै छ ।
* तीस दिन भित्र सजाय निर्धारण गर्ने व्यवस्थाको सट्टा फैसला तयार हुँदाहुँदै सजाय निर्धारण गर्नु पर्दछ ।

५. **सहन्यायाधिवक्ता श्री किरण पौडेल** (**महान्यायाधिवक्ताको कार्यालय**)

* अभियोग संशोधन गर्ने व्यवस्था गरिएको ठीक छ तर मुद्दा चलाउने अन्तिम अधिकारीको रूपमा महान्यायाधिवक्ता रहेको हुँदा त्यसलाई व्यवस्थित गर्न महान्यायाधिवक्ताबाट अधिकार प्रत्यायोजन गरिनु पर्दछ ।
* अदालतको क्षेत्राधिकार व्यवस्थित गरिएको छ । अनुसन्धान गर्ने अधिकारीको व्यवस्था छरिएको र स्पष्ट छैन । एक जिल्लाको अनुसन्धान अधिकृतले अर्को जिल्लामा अनुसन्धान गर्न सक्ने नसक्ने खुलेको छैन ।
* ज्यान मार्ने उद्योगको व्यवस्था अरु उद्योग (Incoahate offense) सम्बन्धी व्यवस्था अन्तर्गतनै राख्नु उचित हुन्छ ।
* दोहोरो खतराको सिद्धान्तमा खुकुलो पार्न उपयुक्त हुन्छ ।

६. **सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराई** (**पु.स.व.का. विराटनगर**)

* आत्महत्या प्रयास गर्ने व्यक्तिलाई सजाय गर्ने व्यवस्था उचित हुँदैन ।

७. **सहन्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी**

* बदनियतपूर्वक अनुसन्धान र अभियोजन गर्नेलाई सजाय र जरिवाना गर्ने दुबै व्यवस्था हटाउनु पर्दछ ।

८. **नि. सहन्यायाधिवक्ता श्री दमनसिंह विष्ट** (**पु.स.व.का. महेन्द्रनगर**)

* आपराधिक षडयन्त्र र दुरुत्साहन आफैमा अपराध हो । Meeting of the Mind षडयन्त्र हो, जुन स्वयंमा अपराध हो ।
* उद्योग, दुरुत्साहन, षडयन्त्र र मतियारलाई सजाय हुने व्यवस्था ठीक छ ।
* आत्महत्यालाई कसूर कायम गरी सजायको व्यवस्था गर्नु पर्दछ ।

९. **उपन्यायाधिवक्ता श्री मदनबहादुर धामी** (**महान्यायाधिवक्ताको कार्यालय**)

* Codification भएको छ, अपराध संहिताले नयाँ व्यवस्था गर्न खोजेको छ ।
* पीडितलाई अन्तरिम क्षतिपूर्ति दिने व्यवस्था कसूर प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिपाउने अधिकारको Presumption of innocence until proved guilty भन्ने सिद्धान्त प्रतिकूल छ ।

* प्रत्येक मुद्दामा मतियार र मुख्य अपराधी हुन्छन्, एकै खण्डमा सबैलाई नराखी छुट्टयाउन उपयुक्त हुन्छ ।
* थुनछेक सम्बन्धी विषयमा स्पष्टता आउन आवश्यक हुन्छ । पीडितलाई पुनः पीडित (Retialate) गर्न सक्ने अवस्थाको प्रतिवादीलाई थुनामा राखी कारवाही गर्ने व्यवस्था थप गर्नु पर्छ ।
* Plea Bargaing अन्तर्गत पचास प्रतिशतसम्म छुट दिने व्यवस्था के कसरी कसलाई दिन सकिने हो ? मुख्य अभियुक्तलाई पनि छुट दिन सकिन्छ वा सकिदैन, स्पष्ट व्यवस्था छैन ।
* ज्यान मार्ने उद्योग मुद्दामा दस वर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । कसूर र सजायमा अनुपात मिल्ने (Proportionality) हुनु पर्छ ।

**१०. सहन्यायाधिवक्ता श्री समीर सिलवाल (महान्यायाधिवक्ताको कार्यालय)**

* फौजदारी संहिताको व्यवस्था अनुसार स-साना मुद्दामा महान्यायाधिवक्ताको स्वीकृति लिई मुद्दा नचलाउने व्यवस्थामा अभिलेख पद्धतिलाई चुस्त बनाउनु पर्छ ।

**११. सहन्यायाधिवक्ता श्री कृष्णजीवी  घिमिरे (महान्यायाधिवक्ताको कार्यालय)**

* मस्यौदामा उल्लेख भएका कुराहरूका बारेमा हाम्रो संस्थाले पनि चासो राख्नु पर्छ ।
* अभियुक्तको म्याद थप सरकारी वकील मार्फत हुने व्यवस्था कार्यविधि कानूनको पक्ष हो । अदालतबाट मात्र म्याद थप अन्य देशमा हुँदैन ।
* बिगो बरामद भएकोमा मात्र नभई अभियुक्तले कबुल गरेको बिगो पनि ठहर भएको अवस्था छ ।
* तजविजी अधिकार दिइनु पर्छ तर त्यसमा Reasoned decision हुनु पर्छ । तजविजी अधिकारको अनुपात घटाउन उपयुक्त हुन्छ ।

**१२. सहन्यायाधिवक्ता श्री शंकरराज बराल (पु.स.व.का. हेटौंडा)**

* दफा १७६ मा रहेको विवाहमा तीन वर्ष कैद (लेनदेनमा) गर्ने व्यवस्थाको सट्टा जरिवाना गर्ने भनी कार्यपत्र प्रस्तोताको रायसँग सहमत हुन सक्ने अवस्था छैन ।
* कार्यविधि संहिताको दफा १३१ मा प्रमाण बुझ्ने कार्य सम्पन्न भएको मितिले एक महिनाभित्र फैसला गर्नुपर्ने व्यवस्था अव्यावहारिक छ । जस्तैः वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत मुद्दा चलेकोमा १७ नं. अन्तर्गत निवेदन गरेकोमा एक वर्षसम्म कैफियत प्रतिवेदन दिइएको हुँदैन ।

**१३. उपन्यायाधिवक्ता श्री रमेश शर्मा पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* अभियोगपत्रमा प्रतिवादीको नाम, थर, वतन स्पष्ट खुलाउनै पर्छ ।
* न्यायाधीश/अदालतको अनुमति नलिई पक्राउ नगर्ने व्यवस्था व्यावहारिक हुँदैन ।

**१४. नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्की**

* अपराध संहितामा कैद र जरिवानाको अनुपात मिलेको देखिदैन । जरिवाना रु. १०००।- बराबर एक वर्ष कैद राखिएको छ ।
* जरिवाना वापत कैद गर्ने व्यवस्थामा हाल चार वर्ष कैद गर्ने व्यवस्थाको सट्टा सात वर्ष हुने गरी बढाइएको छ, छैन विचार विमर्श हुनु पर्दछ ।

**१५. नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला**

* सूचनाको अधिकार मौलिक हकको व्यवस्था हो । अनुसन्धानको सिलसिलामा खडा भएका कागजातको नक्कल अभियुक्तले पाउने, नपाउने बारे लेखिएको पाइदैन । प्रहरीले नक्कल दिन मिल्ने, नमिल्ने बारे स्पष्ट हुनु पर्दछ ।
* कैदको अनुपातमा जरिवानाको अंकको अनुपात मिलेको देखिदैन । जरिवानाको अंक बढाउनु पर्ने देखिन्छ ।

* चोरीमा रहजनी र डाँकालाई छुटाउन उपयुक्त हुँदैन ।

**१६. प्रहरी नायब महानिरीक्षक, श्री राजेन्द्रसिंह भण्डारी (प्रहरी प्रधान कार्यालय)**

* अनुसन्धान र अभियोजन फौजदारी न्यायका महत्वपूर्ण सारथी हुन् । प्रहरी र सरकारी वकीलको सम्बन्धबाटै कार्य प्रभावकारी हुन्छ ।

* सेवाको सम्बन्ध तोड्न सकिदैन, सुमधुर पारेर जानु पर्दछ ।

* फौजदारी न्यायको मुहार फेर्न यी संहिता आवश्यक छन् ।

* Think globally act locally भनेझैं विश्वका कानून प्रणाली बमोजिम सबै कार्यमा जान सकिदैन ।

* ज्यान मार्ने उद्योगको नाम परिवर्तन गरी ज्यान मार्ने प्रयास भन्ने राख्न उपयुक्त हुन्छ ।

* अनुसन्धानमा कानूनले तोके बमोजिम भन्नु भन्दा नेपाल प्रहरी भन्ने राख्नु पर्दछ ।

* मुद्दा हेर्ने अधिकारीले मात्र Plea Bargaining गर्न पाउने व्यवस्था मात्र नराखी अनुसन्धान र अभियोजनमा पनि यसको अभ्यास हुनु पर्दछ ।

* फरार अपराधी पक्राउ गर्दा नाम, थर, वतन स्पष्ट नभएको कारण बढी कठिनाई देखिएका छन् ।

* यस संहिताको विषयमा सरकारी वकील बीच क्षेत्रीय र जिल्लास्तरमा पनि छलफल हुनु पर्दछ ।

* जरिवाना वापत कैद तोक्न उपयुक्त छैन ।

**१७. सह-रजिष्ट्रार, श्री श्रीकान्त पौडेल (सर्वोच्च अदालत)**

* अभियुक्तको नाम, थर, वतन स्पष्ट नहुँदा मुद्दामा ढिलाई भएको छ । अभियुक्त यकिन नभएमा पछि अभियोगपत्र दायर गर्ने व्यवस्था हुन आवश्यक हुन्छ ।

* सजाय निर्धारण कार्य समितिमा न्यायाधीश रहनु हुँदैन ।

* पुनरावेदन गर्ने म्याद ७० दिन बनाउन उपयुक्त हुँदैन । बरु स्रोत साधन र जनशक्ति थप गर्नु पर्दछ ।

## लिखित रूपमा सुझाव पेश गर्नु हुने

**१. सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* प्रस्तुत संहिताहरू सरलीकरण र सुधारीकरण भए पनि पूर्ण रूपमा आधुनिकीकरण र विश्वव्यापीकरणको हाँक अनुरूप नभै मुलुकी ऐनको सुधार मात्र छ। विशेष ऐनद्वारा खास अपराधको नियन्त्रणको अपेक्षा राखेको देखिन्छ।

* विश्वव्यापीकरण अनुसार अपराधको अनुसन्धानले प्रविधिलाई आत्मसात गर्न सकेको छैन । विश्वव्यापी क्षेत्राधिकार, संयुक्त अनुसन्धान जस्ता विषयमा कार्यविधि तय हुन सकेको छैन ।

* कैद सजायको स्वविवेकीय अधिकार धैरे देखिए पनि परम्परागत पद्धतिलाई हटाएर Sentencing को System आत्मसात गरेको र सजाय घटी र बढी हुने आधार पनि दिइएको हुँदा यो व्यवस्था ठीकै छ ।

* महान्यायाधिवक्ताको कार्यालयबाट जारी कार्य निर्देशिकाका कतिपय कुरा समावेश गर्न सकिन्छ । जस्तैः अभियुक्तको बयानमा निजको फोटो टाँस गर्ने कुरा आदि ।

* मुचुल्काहरू बनाउँदा स्थानीय प्रतिनिधी नभए सरकारी कर्मचारी वा शिक्षक पनि राख्नु पर्दछ ।

* Arrest Warrant को व्यवस्था चाहिन्छ ।

**२. शाखा अधिकृत, श्री अशोककुमार क्षेत्री (महान्यायाधिवक्ताको कार्यालय)**

* यदि संसदबाट यही रूपमा वा आंशिक संशोधन सहित पास भयो भने हाम्रो के रणनीति हुने स्पष्ट हुनु पर्दछ ।

* यसमा अवसर खोजी गर्न त्यसतर्फ पनि छलफल गर्दा उपयुक्त हुन्छ कि ?

**३. उपन्यायाधिवक्ता श्री तेजनारायण पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* फैसला कार्यान्वयन र अदालतको लगत राज्यको दायित्वभित्र पुऱ्याइनु पर्दछ ।
* जरिवानाको लगत भएका प्रतिवादीहरूको जायजात तायदातको प्रक्रिया समाप्त गरिसके पछि जरिवाना वापत कैद गर्ने व्यवस्था गर्न सकिन्छ ।
* आंशिक अभियोजन गर्ने कार्यमा मुद्दासँग सम्बद्ध प्रमाणहरू र संचार सुविधाको भरपुर उपयोग गरी अनुमति अनिवार्य गरिनु पर्दछ ।
* थुनछेक प्रक्रियामा अदालतले लिने सकेसम्मका स्पष्ट आधारहरू ऐनमा उल्लेख गर्नु सान्दर्भिक देखिन्छ ।

**४. उपन्यायाधिवक्ता श्री योगराज बराल (महान्यायाधिवक्ताको कार्यालय)**

* सिद्धान्तमा कुन न्याय प्रणाली लागू गर्ने सम्बन्धमा स्पष्ट भएपछि मात्र अन्य व्यवस्थाको कुरा आउछ ।
* तजविजी अधिकार प्रयोग गर्ने सम्बन्धमा देशको परिवेश विचार गरी न्यूनतम आधार पनि राख्नु पर्दछ ।
* अभियोगपत्रमा प्रतिवादीहरूको नाम, थर, वतन आदि स्पष्ट उल्लेख गर्न उपयुक्त हुन्छ ।
* जरिवाना र कैदको अनुपात मिलाउनु पर्दछ ।

**५. उपन्यायाधिवक्ता श्री धर्मराज पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* प्रस्तावित अपराध संहिताले वर्हिक्षेत्रीय क्षेत्राधिकारको व्यवस्था गरेको छ । जघन्य र गम्भीर प्रकृतिका मुद्दामा विदेशमा बसी अपराध गर्ने व्यक्तिलाई कानूनी दायरामा ल्याउन नाम, थर, वतन स्पष्ट हुन जरुरी छ । अभियुक्तको सही पहिचान हुने प्रमाण विदेशमा बसी अपराध गर्नेका हकमा जुटाउनका लागि संयन्त्रको विकास गर्नु आवश्यक छ ।
* संहिताले नयाँ कसूरलाई अपराध घोषणा गरेको छ। यसबारे सरकारी वकीललाई तालिम प्रशिक्षण प्रदान गर्नुपर्ने हुन्छ ।
* बालबालिकाको परिभाषा अन्तर्गत १८ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई मानिएको छ । उमेर अनुसार कसूरको दायित्व फरक फरक हुन्छ । त्यसैले बाल दूराचारका कसूरमा बालबालिकाको उमेर निर्धारण गर्ने वा उमेर खुलेको प्रमाण संकलन भएपछि अभियोजन निर्णय गर्नुपर्ने देखिन्छ ।
* फौजदारी कार्यविधि संहिताले गरेको अदालतको आदेशले मात्र पक्राउ पूर्जी जारी गर्ने व्यवस्था अव्यावहारिक हुन्छ । हरेक मुद्दामा जाहेरी पर्नासाथ अभियुक्तलाई पक्राउ पूर्जी जारी गरिपाउँ भनी अदालत समक्ष अनुरोध गर्नुपर्ने विषयले लागू औषध, हातहतियार खरखजाना, मानव वेचविखन, खोटो वा नक्कली मुद्रा, वन्यजन्तुको आखेटोपहार ओसारपसार लगायतका कतिपय घटनास्थलबाटै गर्नुपर्ने अभियुक्तको पक्राउ कार्यमा जटिलता उत्पन्न हुन्छ ।
* कसूरदार ठहर भएपछि त्यसको लगत्तै सजाय निर्धारण गर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ अन्यथा ३० दिनको समयले न्यायमा बिचलन ल्याउन सक्छ ।

**टिप्पणीकर्ता : नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठक**

* म्याद थपको लागि अदालतमा जाने व्यवस्थाको सट्टा अभियोजन अधिकारीमा लैजाने व्यवस्था हुनु पर्दछ ।
* तजविजी अधिकार न्यायाधीशलाई दिनु पर्दछ ।

**प्रस्तुतकर्ता सहन्यायाधिवक्ता रमेश कुमार पोखरेलबाट स्पष्टता**

* विधेयक उपर टिप्पणी गर्नु परिकल्पना मात्र हो, सक्रिय सहभागिता भएकोमा धन्यवाद ।
* अभियुक्तको नाम, थर, वतन खुलाउनु पर्दछ, त्यसमा विवाद छैन । संभव भएसम्म भन्ने शब्द व्यावहारिकताको

लागि हो ।

* म्याद थपको लागि अदालतमा जाने व्यवस्थाको सट्टा अभियोजन अधिकारीमा लैजाने व्यवस्था हुनु पर्दछ ।

**अध्यक्षः महान्यायाधिवक्ता डा. युवराज संग्रौला**

* हामी २००७ साल पछि २०१५ सालका कुरा हेरेर परिकल्पना गर्न तिर नलागौं । परिवर्तनलाई आत्मसात गर्नु पर्दछ ।
* फौजदारी न्यायमा राज्यले सार्वजनिक अधिकारीलाई केही अधिकार दिन्छ । व्यक्तिको केही अधिकार कटौती गर्दछ । तर उसलाई निर्दोष मानिन्छ र प्रमाणको भार वादीमा रहन्छ र अभियुक्त चुप लाग्न पाउँदछ ।
* कानून व्यवसायी राख्ने अधिकार थुनामा राखिएको व्यक्तिलाई हुन्छ ।
* Investigation र Prosecution को अधिकार Power होइन, Responsibility हो ।
* अभियुक्तको स्वतन्त्रता राज्यले अपहरण गरेपछि Burden लिनै पर्दछ ।
* एउटा सचेत समाजले नयाँ मान्यता कायम राख्नु पर्दछ ।
* समाजले भोलि के माग्दछ भनी आज Norms बनाउने हो । Norms ले प्रतिफल गलत ल्यायो भने त्यसलाई बदल्नु पर्दछ ।
* जरिवाना र कैदको अनुपात मिलाउनै पर्दछ । न्यूनतम ज्याला रु.२२०।- तोकिएको छ तर एक दिन कैद बस्दा रु. २५ मात्र कट्टा हुने व्यवस्था उचित छैन ।
* हामीले Common Law System अगाल्यौं तर Magistrate को व्यवस्था गरेनौं । अनुसन्धान, अभियोजनको मिलन बिन्दु Magistrate हुन सक्छ ।
* एउटै न्यायाधीशले तथ्य पनि दण्ड पनि निर्धारण गर्न सक्दैन । दोषी हो, होइन ? निर्धारण गरेपछि सजाय निर्धारण गरिनु पर्दछ । न्यायाधीश पनि फरक हुनु पर्दछ । सजाय निर्धारण कसूर निर्धारण भएको लगत्तै वा भोलिपल्टै हुनु पर्दछ ।
* हाम्रो विगतले भविष्यलाई कुण्ठित गर्न सक्दैन ।
* आफ्नै साक्षीलाई संरक्षण गर्न नसक्ने अनि Hostile भयो भनी पुनरावेदन नगर्ने गर्न मिल्दैन ।

## प्रथम दिन द्वितीय पत्र

**(ख) भ्रष्टाचार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन पश्चात् थपिएको दायित्व, चुनौती र नेपाल कानूनमा गर्नुपर्ने सुधार,**

* **प्रस्तुतकर्ता, सह–न्यायाधिवक्ता श्री महेश शर्मा पौडेल**

यस छलफल कार्यक्रमको अध्यक्षता नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठकले गर्नु भएको थियो भने नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइरालाले कार्यपत्र माथि टिप्पणी गर्नु भएको थियो ।

* भ्रष्टाचार सीमा विहीन अपराध हो । यसको नियन्त्रणको लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ भन्ने मान्यताबाट महासन्धि आएको छ ।

* ३१ अक्टोबर २००३ मा पारित भएको, १४० मुलुकले हस्ताक्षर गरेका १४ डिसेम्बर २००५ मा सन्धि प्रारम्भ, १५२ राष्ट्रले समर्थन गरी पक्ष राष्ट्र बनेका छन् ।

* सिद्धान्तहरू : निवारणात्मक, अपराधीकरण, सम्पत्ति फिर्ता जुनसुकै देशमा आर्जन गरेको भए पनि फिर्ता गर्नुपर्ने व्यवस्था आदि ।

* २४ फेब्रुअरी २०११ पछि दायित्व थपिएको छ, किनभने सो मितिदेखि नेपाल महासन्धिको पक्ष बनेको छ ।

* पूर्वाधार विकास, कार्यान्वयन, अभ्यास विकास गर्नुपर्ने तीन वटा दायित्व रहन्छन् ।

* नीतिगत व्यवस्था, नयाँ कानूनको निर्माण, प्रचलित कानूनमा संशोधन, कसूर स्थापित गर्ने कार्य, थप संरचनात्मक पूर्वाधार र संस्थागत सुधार आदिमा थप दायित्व रहन्छ ।

* निजी क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्ने कानून छैन । त्यस्तो कानून निर्माण गरिनु पर्दछ ।

* साक्षी संरक्षण सम्बन्धी व्यवस्थाको अभाव छ ।

* पारस्परिक कानूनी सहायता सम्बन्धी विधेयक हाल विचाराधीन रहेको छ । सम्पत्ति फिर्ता सम्बन्धी कानून छैन । विदेशी अदालतबाट भएका फैसला कार्यान्वयन गर्न कानूनको अभाव रहेको छ ।

* स्वार्थको द्वन्द्व व्यवस्थापन गरिनु पर्दछ । राजनीतिक दलको आम्दानी खर्चको विवरण सार्वजनिक गर्नु पर्दछ ।

* अन्तर्राष्ट्रिय संगठनका पदाधिकारीहरू सम्लग्न भएको भ्रष्टाचार नियन्त्रण सम्बन्धी व्यवस्था राखिनु पर्दछ ।

* कानून तर्जुमा र संशोधन, भ्रष्टाचार कसूरको निर्णय, बहस पैरवी र प्रतिरक्षा, कानूनी सल्लाह आदिमा सरकारी वकीलको भूमिका हुन्छ ।

* व्यापक व्यवस्थाको ज्ञान, सीप, क्षमता विकास, तालिम प्रशिक्षणको व्यवस्था छुट्टै महाशाखा गठन नभएका आदि समस्याहरू छन् ।

* सेवासँग सम्बन्धित कानूनको पुनरावलोकन, कार्य प्रणालीमा सुधार, क्षमता विकास गर्नु पर्दछ भन्ने समेतका विषयवस्तु समेटी कार्यपत्र प्रस्तुत भएको थियो । कार्यपत्रको पूर्ण पाठ **अनुसूची –४** मा समावेश गरिएको छ ।

**छलफलमा सहभागीहरूबाट उठाइएका विषयवस्तुहरु**

१. **सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे (महान्यायाधिवक्ताको कार्यालय)**

* निजी क्षेत्रलाई भ्रष्टाचारको दायरामा ल्याउने सम्बन्धमा कानून मात्र संशोधन गरेर पुग्दैन, संविधानमा नै संशोधन गर्नु पर्दछ ।

* सपुर्दगी ऐनको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । हाल पारस्परिक कानूनी सहायता सम्बन्धी विधेयक संसदमा विचाराधीन रहेको छ । यी विधेयकहरू पारित हुन आवश्यक छ ।

* फैसला कार्यान्वन गर्ने प्रभावकारी व्यवस्था हुन पर्ने देखिन्छ ।

* राज्यका सरोकारवाला निकायहरूको क्षमता अभिवृद्धि गर्ने सम्बन्धमा कार्यपत्रमा समेटिएको देखिदैन ।

२. **उपन्यायाधिवक्ता श्री उद्धव पुडासैनी (महान्यायाधिवक्ताको कार्यालय)**

* हामी राष्ट्रिय सवालमा मात्र सीमित भएका छैनौं । अन्तर्राष्ट्रिय सवाललाई पनि छलफलको विषय बनाएका छौं ।
* भ्रष्टाचारले समाजलाई हानि पुऱ्याउँदछ । यसको उन्मूलन गर्न सकिदैन तर नियन्त्रण गर्न सकिन्छ ।
* भ्रष्टाचारको नियन्त्रण सुशासनसँग सम्बन्धित छ । राजनीति र अपराधको सम्बन्ध (Political-Criminal Nexus) को कारण भ्रष्टाचार बढेको छ ।
* हाम्रा समस्यालाई निरूपण गर्दै भ्रष्टाचारलाई नियन्त्रण गर्नु पर्दछ । विकसित प्रविधि, व्यवस्थापनलाई प्रयोग गर्नु पर्दछ ।
* हरेक कार्यको अनुगमन गर्ने, दण्ड र पुरस्कारको नीति अख्तियार गर्ने, कानूनी शासनको अवधारणालाई साकार पार्ने तर्फ ध्यान दिनु पर्दछ ।

३. **सहन्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी (महान्यायाधिवक्ताको कार्यालय)**

* भ्रष्टाचार फौजदारी कसूर हो । फौजदारी कार्यविधि संहिता र अपराध संहिताले यसलाई कत्तिको समेटेको छ सोबारे स्पष्ट हुनु पर्दछ ।

४. **उपन्यायाधिवक्ता श्री दिवाकर भट्ट (महान्यायाधिवक्ताको कार्यालय)**

* भ्रष्टाचारको अन्तर्राष्ट्रिय परिवेश अनुसार हाम्रो कानूनी व्यवस्थामा सुधार गरिनु पर्दछ । भ्रष्टाचारको कसूरका सम्बन्धमा सार्क राष्ट्रको प्रतिबद्धता र कार्य प्रणालीबारे जानकार हुनु पर्दछ ।
* ऐनमा सुधार गर्नुपर्ने कुराको सम्बन्धमा के के सुधार गर्नुपर्ने हो, सो स्पष्ट रूपमा कार्यपत्रमा आउन सकेको छैन ।
* निजी क्षेत्रको भ्रष्टाचार नियन्त्रण सम्बन्धमा राजनीतिक प्रतिबद्धता आउनु आवश्यक छ ।

५. **सह-रजिष्ट्रार, श्री श्रीकान्त पौडेल (सर्वोच्च अदालत)**

* हामी पक्ष बन्न हतार गर्ने तर प्रतिबद्धता पूरा गर्ने तर्फ लाग्दैनौं । यो कमजोरी देखिएको छ ।
* कार्यपत्रमा सरकारी वकीलको सम्बन्धमा मात्र विषय समावेश भएको छ । अन्य निकायहरूको पनि आउनु पर्दछ ।
* भ्रष्टाचार नियन्त्रण गर्ने निकायहरूले नै भ्रष्टाचार फस्टाउन प्रभाव पारेका छन कि ? संवैधानिक निकायका पदाधिकारीबाट हुने भ्रष्टाचारमा महाअभियोग लगाउनेतर्फ जानु पर्ने हो कि ?
* निजी क्षेत्रबाट हुने भ्रष्टाचारलाई समेत समेट्ने गरी कानूनी व्यवस्था गर्नु पऱ्यो ।
* अदालतलाई कसरी सक्षम र सुदृढ बनाउने भन्नेतर्फ पनि कार्यपत्रमा आएको भए राम्रो हुने थियो ।

६. **सहन्यायाधिवक्ता श्री किरण पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* हामीसँग निजी क्षेत्रलाई कारवाहीको दायरामा ल्याउने कानून नभएको हो वा कारवाही गर्ने इच्छा शक्ति नभएको हो ? विचारणीय छ ।

७. **उपन्यायाधिवक्ता श्री मदनबहादुर धामी (महान्यायाधिवक्ताको कार्यालय)**

* Abuse of public power for private gain भन्ने भ्रष्टाचारको परिभाषा हो । महासन्धिले निजी क्षेत्रको भ्रष्टाचारलाई नियन्त्रण गर्ने प्राबधान राखेको सन्दर्भमा भ्रष्टाचारको परिभाषा नै सच्चाउनु पर्दछ ।
* बढी जोड अनुसन्धानलाई र कम जोड अभियोजनलाई दिइनु पर्दछ ।
* महासन्धिले सदस्य राष्ट्रको दायित्व तोकेको छ । दुई देश बीच संयुक्त अनुसन्धान गर्नुपर्ने, Whistle blowing

का व्यवस्थाहरू अपनाउनु पर्दछ ।

* Mutual Legal Assistance र Asset Recovery का व्यवस्थाहरू गर्नु पर्दछ ।
* फौजदारी अपराधसँग पारस्परिक कानूनी सहायता र सपुर्दगी सम्बन्धी व्यवस्थामा हामी स्पष्ट हुनु पर्दछ ।

**८. प्रहरी नायब महानिरीक्षक, श्री राजेन्द्रसिंह भण्डारी (प्रहरी प्रधान कार्यालय)**

* भ्रष्टाचारमा गैरकानूनी रूपले आर्जित सम्पत्ति अभियुक्तको Strength को रूपमा रहेको हुन्छ ।
* पारस्परिक कानूनी सहायताको अभावमा नेपाल प्रहरीबाट भएका अपराध अनुसन्धान सम्बन्धी कार्यलाई अन्तर्राष्ट्रियकरण गर्न सहज भएको छैन ।
* Red Corner Notice लाई हाम्रो कानूनले Support गर्दैन । त्यसैले कानूनमा सुधार गरी संयुक्त अनुसन्धान पद्धति अपनाउनु राम्रो हुन्छ ।
* काम कठिन छ, त्यसका लागि निश्चित निकायका दायित्वहरू सम्बन्धित कानूनमा नै तोक्नु पर्ने हुन्छ । जस्तैः सम्पत्ति शुद्धीकरण ऐनमा त्यस्तो व्यवस्था गरेको पाइन्छ ।
* निकायगत समन्वय हुन आवश्यक छ ।

**९. शाखा अधिकृत, श्री हरिशंकर ज्ञवाली (महान्यायाधिवक्ताको कार्यालय)**

* भ्रष्टाचार महासन्धि, सम्पत्ति शुद्धीकरणसँगसँगै जोडिने विषय हो । गैरकानूनी क्रियाकलापबाट आर्जित धन भ्रष्टाचार हो । प्रभावकारी कार्यान्वयनका लागि दुबैलाई सँगसँगै हेर्न आवश्यक हुन्छ ।

**१०. उपन्यायाधिवक्ता श्री तेजनारायण पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* NAC को मुद्दा अख्तियारले दायर गर्‍यो, रकम फिर्ता आयो भनी पछि भ्रष्टाचारको मुद्दाबाट सफाई दिइयो ।
* सम्पत्ति फिर्ता भएपछि कसूर कायम नहुने अवस्था के कस्तो हो स्पष्ट भएन ।

**लिखित रूपमा प्राप्त सुझाव**

* भ्रष्टाचार सम्बन्धी ऐनमा रहेको राष्ट्र सेवकको परिभाषामा परिवर्तन गर्नु पर्ने ।
* भ्रष्टाचार ऐनका दफा ५९ मा रहेको व्यवस्थालाई थप परिमार्जन र परिवर्तन गरी सार्वजनिक पदाधिकारीहरूले गरेको संस्थाको सम्पत्ति हिनामिना तथा दुरूपयोगमा अन्य कानूनी उपचारका साथै भ्रष्टाचार ऐन अन्तर्गत समेतमा अनिवार्य कारवाही गर्नुपर्ने ।
* भ्रष्टाचार ऐनको दफा ५५ मा रहेको व्यवस्थामा अरु स्पष्टता गर्नुपर्ने ।
* भ्रष्टाचार गर्ने राष्ट्रसेवक सबैलाई ऐनको दायरामा ल्याउने (संवैधानिक निकायका पदाधिकारी, अवकाश प्राप्त समेतलाई समेट्नु पर्ने अवस्था)
* अन्य ऐन अन्तर्गत मुद्दा दायर भएको भन्दा यस अन्तर्गतको अपराधलाई प्राथमिकतामा राखी मुद्दाको दायर हुन सरकारी निकाय बीचमा समन्वयको खाँचो देखिन्छ ।
* अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट हुने निर्णयमा पुग्दा सुधारात्मक, निरोधात्मक र सम्पत्ति फिर्ता सम्बन्धी कार्य अवलम्बन गर्दा त्यसको कार्यविधि तयार गरी पारदर्शी रूपमा प्रयोग गर्नुपर्ने हुन्छ । पारदर्शिता र स्पष्टता ल्याउनु पर्ने निकाय नै अपारदर्शी र त्यही निकाय भ्रष्टाचारको दलदलमा फसेको भन्ने जन आवाजलाई सम्बोधन हुने गरी आफ्ना कार्यविधिगत कानून र आफ्ना निर्णयमा सुधार ल्याउन आवश्यक छ ।
* निजी क्षेत्रले सार्वजनिक सेवा प्रवाह गर्ने विषयलाई त्यसबाट देखिएका अनियमितता र भ्रष्टाचारजन्य कार्यलाई कानूनको परिभाषामा व्यापकता ल्याई समायोजन गर्नुपर्ने ।

**११. सहन्यायाधिवक्ता श्री कृष्णप्रसाद पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* संविधान निर्माणको चरणमा रहेको सन्दर्भमा राज्यको तर्फबाट अभियोजन गर्ने अधिकार महान्यायाधिवक्तालाई मात्र दिनुपर्ने हो कि ? अख्तियारलाई पनि दिने हो ? स्पष्ट हुनु पर्दछ ।

* सम्पत्ति शुद्धीकरण सम्बन्धमा अनुसन्धान गर्ने हालको व्यवस्था ठीक हो, होइन ? यसमा सरकारको हस्तक्षेप हुने अवस्था आउने देखिन्छ । यस विषयमा स्पष्ट हुनु पर्दछ ।

**१२. सहन्यायाधिवक्ता श्री युवराज सुवेदी (महान्यायाधिवक्ताको कार्यालय)**

* कार्यपत्रमा सरकारी वकीलको भूमिका अझै स्पष्ट पारिनु पर्दथ्यो । निवेदन, प्रतिवेदन, बहस पैरवी, पुनरावेदन गर्ने कार्यबारे पनि कार्यपत्रमा आउनु पर्दथ्यो ।

* सम्पत्ति फिर्ता सम्बन्धमा हाम्रो सीप, क्षमता नभएको कारण यसमा प्रभावकारी रूपमा कार्य गर्न सकिएको छैन ।

* संस्थागत शुद्धीकरण गर्नुपर्ने जिम्मेवारी पनि जरुरी हुन्छ ।

* हामीबाटै भ्रष्टाचार विरोधी क्रियाकलाप अगाडि बढाउनु पर्दछ ।

* पैसा फिर्ता गरेपछि भ्रष्टाचारको कसूर कायम नहुने सिद्धान्त विपरित छ । हामी अवधारणागत रूपमा स्पष्ट हुनु पर्दछ ।

## लिखित रूपमा सुझाव पेश गर्नु हुने

१. **उपन्यायाधिवक्ता श्री धर्मराज पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* कुनै पनि अन्तर्राष्ट्रिय सन्धि संझौताको अनुमोदन, सम्मिलन पछि पक्ष राष्ट्रमा तीन प्रकारका दायित्व थपिन्छन् : सन्धिको सम्मान (Respect) गर्नुपर्ने, सन्धिका प्राबधानको संरक्षण (Protect) गर्नु पर्ने र सन्धिका प्राबधानको परिपालन (Fulfill) गर्नुपर्ने दायित्व रहन्छ । यो महासिन्धको अनुमोदन पछि पनि यी दायित्व थपिएका छन् ।
* महासन्धिको अनुमोदन पछि नेपालको कानून प्रणालीमा पर्ने असरबारे पनि आंकलन गरी सरकारी संयन्त्रलाई तदनुरूप व्यवस्थित गरेमा कार्य प्रणालीमा सुधार आउँछ ।
* महासन्धिले थपेका दायित्वबारे सरकारी वकीललाई तालिम प्रशिक्षण प्रदान गरी कार्यसम्पादनमा क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ ।
* भ्रष्टाचारको अन्तर्राष्ट्रियकरण भैरहेको सम्बन्धमा पारस्परिक कानूनी सहायता सम्बन्धी ऐन निर्माण गरी सहयोग र समन्वय कायम राख्न सकिन्छ ।

**प्रस्तुतकर्ता सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेलबाट स्पष्टता**

* एउटै कार्यपत्रबाट सबै विषयमा सबै कुरा समेट्न असंभव हुन्छ ।
* निजी क्षेत्रलाई भ्रष्टाचारमा सजाय गर्ने कानून हालसम्म छैन ।
* भ्रष्टाचारको परिभाषा सम्बन्धी व्यवस्था राष्ट्रिय कानूनलेनै गर्ने हो, तर विश्व वैंकको परिभाषामा परिवर्तन आई सकेको छ । भारतले एक महिना अघि महासन्धि अनुमोदन गरिसकेको छ ।
* Abuse of entrusted power for private gain भन्न थालिएको छ । Abuse of public power for private gain अब पुरानो भैसकेको छ ।
* महान्यायाधिवक्ता स्थायी नहुने र राजनीतिक नियुक्ति हुने हुँदा भ्रष्टाचार सम्बन्धी मुद्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाईनै क्षेत्राधिकार दिन उपयुक्त हुन्छ ।

**टिप्पणीकर्ता नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला**

* निश्चित शीर्षकमा रहेर कार्यपत्र प्रस्तुत गर्न तोकिएको हुँदा सबै विषयवस्तु समेटिन नसकेको हुन सक्छ ।
* महासन्धिको पक्ष बनेपछि यसको दायित्व ग्रहण गर्नु पर्दछ ।
* महासन्धिको कार्यान्वयन एक पक्षको सक्रियताबाट मात्र संभव छैन ।
* नेपालको सम्पत्ति अन्य देशमा गएको भए अब त्यस्तो देशले सम्पत्ति फिर्ता गर्नेतर्फ कारवाही गर्नुपर्ने हुन्छ । सम्पत्ति फिर्ता सम्बन्धमा प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।
* भ्रष्टाचार अब अन्तर्राष्ट्रियस्तरको अपराध भएको छ । कुनै राष्ट्रको सीमाभित्र यो सीमित छैन ।
* वर्तमान संरचना अनुसार निजी क्षेत्रबाट हुने भ्रष्टाचारलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगले हेर्न सक्दैन तर अब निजी क्षेत्रको भ्रष्टाचारलाई छुट दिने अवस्था छैन ।
* हालसम्म पारस्परिक कानूनी सहायता सम्बन्धी कानूनी व्यवस्था हाम्रो देशमा भैसकेको छैन ।
* भ्रष्टाचार संस्थाले गर्ने होइन, त्यस संस्थाको पदाधिकारीले गर्ने हो ।
* मेहनतसाथ कार्यपत्र लेखन र प्रस्तुत गर्नु भएकोमा धन्यवाद !

**अध्यक्षः नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठक**

* कार्यपत्र राम्रो र सूचनामूलक छ ।
* भ्रष्टाचारको मुद्दा अभियोजन गर्ने अख्तियारको भए पनि पुनरावेदन निवेदन कसले गर्ने यस सन्दर्भमा प्रष्ट हुनु

पर्ने देखिन्छ ।

* भ्रष्टाचार विरुद्धको महासन्धिको अनुमोदन पछि सरकारी वकीलको भूमिका थपिएको छ ।
* भ्रष्टाचारको कसूरमा बिगो फिर्ता/सम्पत्ति फिर्ता गर्दैमा कसूर मर्दैन, त्यसैले हाल अवधारणागत रूपबाट स्पष्टता हुन आवश्यक छ ।
* सरकारी वकीलले निवेदन, पुनरावेदन, बहस पैरवी, प्रमाण परीक्षण गर्नुपर्ने हुन्छ तर मुद्दा दायर अख्तियारले गर्दछ । सरकारी वकीलको भूमिकाबारे कार्यपत्रमा थपिनु पर्दछ ।
* महासन्धिका व्यवस्थालाई हाम्रो कानूनमा सुधार गरी व्यवस्थित गर्नु पर्दछ ।

## प्रथम दिन तृतीय पत्र

### (ग) महान्यायाधिवक्ताको कार्यालयको प्रशासनिक र व्यावसायिक सुदृढीकरण

* **प्रस्तुतकर्ता, सह-न्यायाधिवक्ता श्री युवराज सुवेदी**

यस छलफल कार्यक्रमको अध्यक्षता नायब महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौलाले गर्नु भएको थियो भने नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले कार्यपत्र माथि टिप्पणी गर्नु भएको थियो ।

* अपराधको प्रकृति र अपराध गर्ने शैलीमा परिवर्तन आएको छ ।
* आर्थिक उदारीकरण, विश्वव्यापीकरण, अन्तर्राष्ट्रिय महासिन्धमा पक्ष राष्ट्र रहेको अवस्था, दक्ष र उच्च योग्यता भएका जनशक्तिको अभावले संगठनको पूर्वाधार अवस्था नाजुक छ ।
* भौतिक सुविधा पूर्ण छैन, आवश्यकता अनुरूप छैन । लोडसेडिङमा वैकल्पिक उर्जाको अभाव, अपराध अनुसन्धानलाई महत्व नदिएको ।
* सम्बोधन हुनु पर्ने कुराहरू

  - जिम्मेवारी पन्छाउने प्रवृत्ति, निर्देशन पालना गराउनु पर्ने, निर्देशन परिपक्व हुनु पर्ने, पीडितलाई साक्षीको रूपमा लिइनु पर्ने ।
  - सरकारी जग्गा व्यक्तिले हडप्ने प्रवृत्तिको अन्त्य ।
  - लिखित जवाफमा समन्वयको अभाव छ ।
  - संक्रमणकालीन प्रशासनले कार्य सम्पादनमा असर पारेको अवस्था छ ।
  - पञ्चवर्षीय रणनीतिक योजना लागू भैसकेको अवस्था छ ।
  - संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०६७ कार्यान्वयनको चरणमा छ ।
  - ३३ बुँदे कार्य निर्देशिका जारी भई कार्यान्वयनमा रहेको छ ।
  - निर्णय प्रक्रियामा सहन्यायाधिवक्तालाई सहभागी गराई निर्णय गर्ने परिपाटीको विकास गरिएको छ ।
  - अनुशासनको कारवाही व्यक्तिलाई गरिने कारवाही नभई उसको आचरणमा सुधारका लागि गरिने कारवाही हो आदि विषयवस्तु समेटी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रको पूर्ण पाठ **अनुसूची -४ मा** समावेश गरिएको छ ।

**छलफलमा सहभागीहरूबाट उठाइएका विषयवस्तुहरू:**

१. **सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* कार्यपत्रमा व्यवस्थापनका अवधारणा राखिएको भए उपयुक्त हुने थियो । त्यसैगरी व्यावसायिकता सम्बन्धी अवधारणा र यसको आवश्यकता सरकारी वकील प्रशासनमा किन पर्‍यो भन्ने बारे स्पष्ट गरेको भए राम्रो हुने थियो ।
* साधन स्रोतको परिचालनका लागि सक्षमता र दक्षता हुनु पर्दछ । निर्णय प्रक्रियामा सामूहिक सहभागिताको प्रक्रिया अपनाउने गरिएको छ, यो राम्रो सुरुवात हो ।
* विभाग अनुसारको कार्यक्षेत्र तोकी कार्य गर्नु पर्दछ । सक्षम जनशक्ति हुँदै नभएको होइन, प्रयोग गर्नु पर्दछ ।
* दाताहरूले गर्न चाहेको सहयोगको व्यवस्थापन हाम्रै संस्थाबाट गरिनु पर्दछ ।

२. **अधिवक्ता, श्री गुरुभक्त निरौंला (सर्वोच्च अदालत वार एशोसियसन)**

* सरकारी जग्गाको संरक्षणका लागि पनि सरोकारवाला अन्य निकायसँग समन्वय गरी सरकारी सम्पत्ति संरक्षणका लागि प्रतिबद्धता हुनु पर्दछ ।

* सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिरहरू एक आपसमा बाझिएका छन् । नजिरको जानकारीका लागि सबै सरकारी वकीललाई साधन स्रोत उपलब्ध गराउनु पर्दछ ।

**३. उपन्यायाधिवक्ता श्री उद्धव पुडासैनी (महान्यायाधिवक्ताको कार्यालय)**

* Management, Professionalism and Administrative Reform का लागि कार्यपत्रले विषयवस्तु समेटेको छ । अवधारणगत पक्षहरू कम छन् ।

* प्रवृत्तिको सुधार गर्न, प्रविधिमा सुधार गर्न, प्रक्रियामा सुधार गर्न आवश्यक छ । उत्प्रेरणा र उत्तरदायित्वका लागि सुधार गर्नु पर्दछ ।

* सफल कार्यान्वयनका लागि रणनीतिक योजना तर्जुमा भै कार्यान्वयनमा रहेको छ । रणनीतिक योजनाको कार्यान्वयनका लागि निरन्तरता हुनु पर्दछ ।

**४. उपन्यायाधिवक्ता श्री रमेश शर्मा पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* संस्थागत सुदृढीकरणका हिसाबले कमजोर भएकोमा हाल केही पूर्वाधार तयार भएका छन् ।

* सरकारी वकीलको सुरक्षाका लागि संबोधन गर्न अत्यावश्यक छ । भयरहित अवस्थामा काम गर्ने वातावरण तयार हुनुपर्दछ । स्वतन्त्र रूपमा काम गर्न सम्बन्धित व्यक्तिले आफूलाई सुरक्षित महसुस गर्नु पर्दछ । नयाँ नयाँ कानून निर्माणका चुनौती मात्र होइन, त्यससँग आउने सरकारी वकीलले सामना गर्नुपर्ने चुनौती (Threat) समावेश हुनु पर्ने देखिन्छ ।

* साक्षी संरक्षणको उत्तरदायित्व समेत सरकारी वकीलले लिने अवस्था छ । यसका लागि महान्यायाधिवक्ताको कार्यालयले सुरक्षाको प्रतिबद्धता दिनु पर्दछ ।

**५. सहन्यायाधिवक्ता श्री सूर्यप्रसाद पोखरेल (पु.स.व.का. बुटवल)**

* क्षेत्रीय गोष्ठीमा पारित प्रस्तावलाई कार्यपत्रमा समेटिएको भए राम्रो हुने थियो ।

* हाम्रा सहायक कर्मचारीहरूलाई पनि लक्षित गरी तालिम/गोष्ठी सञ्चालन गर्नु पर्दछ । पुनरावेदन र जिल्ला सरकारी वकील कार्यालयका सहायक कर्मचारीको अवस्था ज्यादै नाजुक छ । ती कर्मचारी हाम्रा हात खुट्टा हुन् । उनीहरूको अनुपस्थितिमा हाम्रो कार्य प्रभावित हुन्छ ।

* पुरस्कार र दण्ड सहायक कर्मचारीलाई समेत लागू गर्नुपर्ने । पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई मातहतका सहायक कर्मचारीलाई दण्ड पुरस्कार गर्ने अधिकार दिँदा उपयुक्त हुन्छ ।

**६. सहन्यायाधिवक्ता श्री विनोदकुमार पोखरेल (पु.स.व.का.जनकपुर)**

* कार्यपत्रले केन्द्रलाई मात्र बढी ध्यान केन्द्रित (Focus) गरे जस्तो देखिन्छ । जिल्ला सरकारी वकील कार्यालयको अवस्थालाई पनि चित्रण गरेको भए बढी यथार्थपरक हुने थियो ।

* महान्यायाधिवक्ताको कार्यालयबाट भएका निर्णय मातहतमा छिट्टै पुग्ने संयन्त्रको विकास गर्नु पर्दछ ।

* महान्यायाधिवक्ताको कार्यालयको पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयसँगको Linkage स्पष्ट रूपमा उल्लेख हुन सकेको छैन ।

* वनको जग्गा व्यक्तिले हड्पी मालपोतले दर्ता गर्ने कारवाही गरेकोमा सरकारी वकीलको भूमिका के हुने त्यसबारे स्पष्ट भएको भए राम्रो हुने थियो ।

* पुनरावेदन सरकारी वकील कार्यालयमा विभागीय प्रमुखको रूपमा सहन्यायाधिवक्ता रहेका छन् । जिल्ला सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालयको सम्बन्ध आदानप्रदान गर्न पुनरावेदन सरकारी वकील कार्यालयको भूमिका समेटिएको भए राम्रो हुन्थ्यो ।

**७. सह-सचिव, श्री ऋषिराम त्रिपाठी (वन तथा भू-संरक्षण मन्त्रालय)**

* अर्ध न्यायिक निकायको भूमिकाबारे पनि कार्यपत्रमा उल्लेख हुनु पर्थ्यो ।
* वन मुद्दामा र राष्ट्रिय निकुञ्ज ऐन अन्तर्गतका मुद्दामा वन प्राविधिकले अनुसन्धान गर्ने व्यवस्था छ । अनुसन्धानमा सम्लग्न कर्मचारीलाई सरकारी वकीलबाट प्रशिक्षण र अन्तरक्रिया गरी सरोकारवालाको क्षमता अभिवृद्धितर्फ ध्यान दिनु पर्दछ ।
* अर्ध न्यायिक निकायसँग सम्बद्ध मुद्दामा सरकारी वकीललाई लाग्ने गरेका आक्षेपबाट मुक्त राख्न सक्नु पर्दछ ।

**८. सहन्यायाधिवक्ता श्री महेशकुमार थापा (महान्यायाधिवक्ताको कार्यालय)**

* प्रति सरकारी वकील कति मुद्दा छ, जिल्लासम्मको उल्लेख गरेको भए राम्रो हुन्थ्यो ।
* दण्डका कुरा आए तर पुरस्कारका कुरा आएनन् ।
* पुनरावेदन सरकारी वकील कार्यालयले आफ्नो Chain of Command अन्तर्गत कसरी कार्य गरेको छ त्यसबारे पनि जानकारी आउनु पर्दथ्यो ।
* सरकारी वकीलको निर्णय एकातिर छ, अर्ध न्यायिक निकायले अर्कै अभियोजन गरेको अवस्था छ । अनुसन्धान अधिकृत निर्णयकर्ता होइन् भन्ने बुझाउनै सकिएन । अनुसूची बाहिरका मुद्दामा राय दिने उल्लेख छ । सम्बन्धित पक्षले राय मात्र मानेको छ । निर्णय गर्ने अधिकार हो भन्ने बुझाउन सकिएको छैन । सरकारी वकीलबाट भएको निर्णय अनुसार नभई अनुसन्धान अधिकृतको रायबाटै काम भएको देखिएको छ ।

**९. उप-सचिव, श्री दुर्गाप्रसाद ढुङ्गेल (कानून तथा न्याय मन्त्रालय)**

* अभियोजन र अनुसन्धान फरक फरक कुरा हुन् । जसले अनुसन्धान गर्दछ, उसैले अभियोजन गर्नु उचित हुँदैन ।

**१०. उपन्यायाधिवक्ता श्री योगराज बराल (महान्यायाधिवक्ताको कार्यालय)**

* वन्य जन्तु संरक्षण ऐन अन्तर्गतका मुद्दामा म्याद थपको व्यवस्था कानूनमा छैन । कानूनमा संशोधन हुनु आवश्यक छ ।
* महाशाखाको अवधारणा अन्तर्गत सबै नायब महान्यायाधिवक्ताहरू एक/एक वर्षको चक्र अन्तर्गत मुद्दा हेर्ने व्यवस्था गर्नु उचित हुन्छ ।

**११. सहन्यायाधिवक्ता श्री ठोकप्रसाद शिवाकोटी (महान्यायाधिवक्ताको कार्यालय)**

* पुनरावेदन सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ताहरूलाई आफ्नो भौगोलिक क्षेत्राधिकार अन्तर्गतका विषयमा उत्तरदायी बनाउने गरी भूमिका निर्धारण गरिनु पर्दछ ।
* जिल्ला तहसम्म हेर्ने महान्यायाधिवक्ताको कार्यालयको पहिलो आँखा पुनरावेदन सरकारी वकील कार्यालय हुनु पर्दछ ।
* अनुगमन र मूल्याङ्कन प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।
* हाम्रा Resource लाई पूर्ण उपयोग गर्नु पर्दछ ।
* हामीमा सरुवामुखी मनोवृत्ति रहेको छ । सरुवा व्यवस्थित हुन सकेको छैन । मनोबल वृद्धि हुने गरी सरुवालाई व्यवस्थित गर्नु पर्दछ ।
* सरकारी वकीलको आचार संहिता पालना भयो भएन ? त्यसबाट हामी कति निर्देशित (Guided) भएका छौं । यस सम्बन्धमा अनुगमन हुन सकेको छैन ।
* सरकारी वकीलको सेवा शर्त सम्बन्धी ऐन आउनु पर्छ पर्दैन त्यसबारे कार्यपत्र मौन छ ।
* सरकारी वकीलहरूको साथै सहायक कर्मचारीहरूको पनि दरबन्दी वृद्धि गर्नु पर्दछ ।

* सार्वजनिक जग्गाका मुद्दामा हाम्रो ध्यान जान सकेको देखिदैन । ठूला बिगो भएका मुद्दामा सरकारी वकीलले एक्लै प्रतिरक्षा गर्नु परेको छ ।

* अर्ध न्यायिक निकायमा हाम्रो विशेषज्ञता बढाउनु पर्ने र भूमिका वृद्धि गर्नुपर्ने देखिन्छ ।

**१२. सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डे (पु.स.व.का. दिपायल)**

* प्रशासन हेर्ने कार्य न्याय सेवा बाहेकको प्रशासनकै जनशक्तिबाट गर्न राम्रो हुन्छ ।

* नयाँ जनशक्तिलाई केही कुरा सिकाएर मात्र कार्यक्षेत्रमा पठाउन उपयुक्त देखिन्छ ।

* मातहतका सहायक कर्मचारीको सरुवा गर्दा सहन्यायाधिवक्तासँग समन्वय गर्न उपयुक्त हुन्छ ।

* व्यक्तिगत रूपमा भन्दा संस्थागत रूपमा कार्य गर्ने वातावरण सिर्जना गरौं ।

**१३. सहन्यायाधिवक्ता श्री कृष्णप्रसाद पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* विभिन्न निकायबाट लिखित जवाफ आउँदा भिन्न भिन्न आधारमा र फरक धारणासहित आउँदा प्रतिरक्षामा समस्या आउने गरेको छ ।

* सरकारी वकीलको व्यावसायिक उन्मुक्तिका सम्बन्धमा कार्यपत्रमा समावेश भएको छैन ।

* Hostile साक्षीको बकपत्रबाट प्रतिवादीले सफाइ पाएको अवस्थामा त्यस्तो व्यक्तिलाई जिम्मेवार बनाउन सकिने भए Hostile हुने प्रवृत्ति नियन्त्रण गर्न सकिन्छ ।

* साक्षी संरक्षण, साक्षीलाई भत्ता दिने कानून व्यावहारिक रूपमा लागू गराउन सकिएको छैन । कानूनले पाउने सुविधा दिनु पर्दछ ।

* सरकारी साक्षीलाई सुविधा दिने विषयमा हामीले केही पहल गर्न सकेको अवस्था छैन ।

**१४. उपन्यायाधिवक्ता श्री शरदकुमार खड्का (महान्यायाधिवक्ताको कार्यालय)**

* सरकारी जग्गा व्यक्तिले दर्ता गरेमा मालपोत ऐन, २०३४ को दफा २४ अनुसार कारवाही गर्न सकिन्छ ।

* कार्यपत्रको शीर्षकले दिए अनुसार महान्यायाधिवक्ताको कार्यालयको विषयमा सीमित रही प्रस्तुत गरिएको कार्यपत्र सान्दर्भिक छ ।

**लिखित रूपमा सुझाव पेश गर्नु हुने**

**१. उपन्यायाधिवक्ता श्री तेजनारायण पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* नेपाल सरकारले गरेका नीतिगत र प्रशासनिक निर्णयहरूबाट असर पर्ने व्यक्तिहरूले अदालतमा प्रवेश गर्दा निर्णयमा भएको कार्यविधिगत तथा सामान्य त्रुटिको परिणाम व्यक्तिहरूका पक्षमा निर्णय जाने र सरकार त्यस्ता निर्णयमा पराजित हुन पुगेको परिप्रेक्ष्यमा महान्यायाधिवक्ताको कार्यालयले त्यसको नियमित अनुगमन गरी त्यस्ता त्रुटि गर्ने पदाधिकारी तथा सरकारका नीतिगत निर्णयमा फेरी त्यसै प्रकृतिको त्रुटि नहुने गरी निर्णय प्रकृयामा सुधार ल्याउन समन्वय गर्नुपर्ने ।

* अदालतबाट भएका फैसलाहरू मध्ये दण्ड र जरिवाना भएका प्रतिवादीहरूको विस्तृत परिचय सहितको लगतमा अनुगमन तथा समन्वय गर्न, त्यसको परिणाम दण्डहीनताको अन्त्य र पटके अपराध नियन्त्रण गर्न प्रयास र समन्वय गर्नुपर्ने ।

* सरकारी वकील कार्यालयहरूबाट बहस, पैरवी र प्रतिरक्षाको परिणाम नेपाल सरकारलाई थप आर्थिक दायित्व वहन गर्न नपर्ने, नेपाल सरकारले गरेका निर्णयहरूको प्रतिरक्षाबाट राजश्वमा पुऱ्याएको योगदानको परिणाम र लाभलाई समेत अंकित गरी नेपाल सरकारसँग संस्थागत लाभका विषयमा वार्ता गरी थप सुविधामा वृद्धि गर्नुपर्ने ।

२. **उपन्यायाधिवक्ता श्री धर्मराज पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* प्रशासनिक र व्यावसायिक सुदृढीकरणका सम्बन्धमा छलफल गर्दा सार्वजनिक सेवा प्रवाह र सेवाग्राहीसँगको व्यवहारबारे पनि छलफल गर्नुपर्ने हुन्छ। उत्तरदायित्व र जवाफदेही विनाको प्रशासनिक शुद्धीकरण र व्यावसायिक विकास सार्थक हुँदैन ।
* सरकारी वकीलहरूलाई संविधान र कानूनले सुम्पेको जिम्मेवारी प्रभावकारी रूपले पूरा गर्न नियमित तालिम प्रशिक्षण प्रदान गरी दक्षता अभिवृद्धि गर्नु आवश्यक हुन्छ ।
* सरकारी वकीललाई तालिम प्रशिक्षण दिँदा सरकारी वकीलको कामको स्वरूप अनुकूल कार्य विशिष्टीकरणका आधारमा प्रदान गरिनु पर्दछ । कानूनी अनुसन्धानमा जोड दिई अनुसन्धानबाट निस्केको निष्कर्षका आधारमा नीति तय गर्नु पर्दछ ।

३. **शाखा अधिकृत, श्री अशोककुमार क्षेत्री (महान्यायाधिवक्ताको कार्यालय)**

* महान्यायाधिवक्ताको कार्यालयमा काम गर्न पाउने अवसरले यस कार्यालय तथा मातहतका सबै कार्यालयले गर्नुपर्ने कार्यप्रकृतिको बारे बोध गर्न र सिक्न पाइन्छ । यो नै एक मात्र यस्तो कार्यालय हो, जहाँ फौजदारी न्यायसम्बन्धमा सिंगो विधिशास्त्र रहेको अनुमान गर्न सकिन्छ ।
* महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता तथा सहन्यायाधिवक्ताहरूको अनुभव, सीप र दक्षतालाई प्रयोगमा हस्तान्तरण गर्न सकेमा व्यावसायिकताको स्तर माथि उठ्न सक्थ्यो । भविष्यमा सरकारी वकील हुन आएका शाखा अधिकृतलाई कम्तीमा पनि साप्ताहिक रूपमा सहायक बनाई सर्वोच्च अदालतमा लैजाने हो भने समग्र अदालतको कार्य प्रणाली बहस पैरवीको सीप, कलाका साथै कानूनको ज्ञान प्रयोगात्मक रूपमा हस्तान्तरण हुने थियो ।

**प्रस्तुतकर्ता सहन्यायाधिवक्ता श्री युवराज सुवेदीबाट स्पष्टता**

* सहभागीहरूबाट उल्लेख भएका सुझावहरू रणनीतिक योजनामा समावेश भएका छन् । यसलाई कार्यान्वयन गरेमा ती समस्याहरू समाधान हुनेछन् ।
* जनशक्तिको सुरक्षा योजना रणनीतिक योजनामा समावेश भएको छ । यो संस्थागत समस्याको रूपमा आएको छ ।
* सहभागितामूलक निर्णय प्रक्रिया लागू भैसकेको छ । यसलाई विस्तार गर्नुपर्ने आवश्यकता छ ।
* अनुसन्धानमा सम्लग्न हुनेलाई अभियोगपत्र दायर गर्ने अधिकारका बारेमा पुनरावलोकन हुनु पर्दछ ।
* सरकारी वकीलले संविधान र प्रचलित कानूनको प्रतिरक्षा गर्ने हो, अरु कसैको प्रतिरक्षा गर्नु पर्दैन ।
* पुरस्कारका प्रक्रियाहरू थालनी गरिएको छ ।

**टिप्पणीकर्ता नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला**

* कार्यपत्र प्रस्तुति र छलफलले हिजोका दिनमा भन्दा आज र भोलिका दिनमा संस्थागत सुदृढीकरणका लागि गर्नुपर्ने कदमलाई समेटेर आएको छ ।
* रणनीतिक योजना तर्जुमा भैसकेको छ, त्यसको कार्यान्वयन गर्नु पर्दछ ।

**अध्यक्ष : महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौला**

* Hostile हुने वित्तिकै उसलाई कारवाही थाल्नु पर्दछ । Hostile हुन दिनु हुँदैन । भएको अवस्थामा सरकारी वकीलले आफ्नो उत्तरदायित्व निर्वाह नगरेको मान्नु पर्ने हुन्छ ।
* Standard विकास गर्नु पर्दछ ।
* सरकारी वकीलहरू Nation building का सहभागी हुन् । उनीहरू राज्यका लागि काम गर्दछन् ।

## द्वितीय दिन प्रथम पत्र

**(घ) सम्पत्ति शुद्धीकरण, संगठित अपराध, आतंककारी कार्यमा लगानी सम्बन्धी महासन्धि, ऐन र प्रस्तावित ऐन समेतबाट अभियोजनमा पर्ने असर**

* **प्रस्तुतकर्ता, सह-न्यायाधिवक्ता श्री किरण पौडेल**

यस छलफल कार्यक्रमको अध्यक्षता नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले गर्नु भएको थियो भने नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्कीले कार्यपत्र माथि टिप्पणी गर्नु भएको थियो ।

* प्रस्तावित पारस्परिक कानूनी सहायता सम्बन्धी कानूनमा महान्यायाधिवक्तालाई केन्द्रीय अधिकारीको रूपमा कार्य गर्नु पर्ने ।

* महान्यायाधिवक्ता मार्फत जिल्ला अदालतमा निवेदन दिनु पर्ने ।

* हालको सपुर्दगी ऐनमा सपुर्दगी सम्बन्धमा सरकारी वकील (गृह मन्त्रालयको निर्णय पछि) जोडिएको छ । अदालतले प्र.जि.अ.लाई आदेश दिएकोमा अदालतमा निवेदन दिँदा सरकारी वकीलले दिनु पर्ने व्यवस्था गरेको छ ।

* संगठित अपराध नियन्त्रण ऐनमा सरकारी वकीलको भूमिका महत्वपूर्ण रहेको छ ।

* तीन वर्षभन्दा बढी कैद सजाय हुने तर सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची बाहिर रहेको भए पनि त्यस्तो अपराधलाई संगठित अपराधको रूपमा परिभाषित गरेको देखिन्छ ।

* संगठित अपराध ऐन (प्रस्तावित) अन्तर्गत कारवाही गरिने तर सम्पत्ति शुद्धीकरण र भ्रष्टाचार बाहेकका मुद्दाहरू यस अन्तर्गत परेका मानिने व्यवस्था छ ।

* अनुसन्धानको सिलसिलामा कसूरदारले साविती बयान दिएमा सरकारी वकीलमार्फत अदातलमा पेश गरी बयान प्रमाणित गराउने व्यवस्था आदि विषयवस्तु समेटी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । कार्यपत्रको पूर्ण पाठ **अनुसूची -४** मा समावेश गरिएको छ ।

**सहभागीहरूबाट टिप्पणी**

१. **सहन्यायाधिवक्ता श्री सरोजप्रसाद गौतम (महान्यायाधिवक्ताको कार्यालय)**

* कार्यपत्र विस्तृत छ, राम्ररी प्रकाश गरिएको छ ।

* सम्पत्ति शुद्धीकरण ऐनले मुख्यतः मानव बेचबिखन, आतंकवाद र लागू औषधबाट आर्जित सम्पत्तिको शुद्धीकरणलाई समेटेको पाइन्छ ।

* सरकारले छुट्टै सन्धि गर्नु पर्दछ वा नेपाल प्रहरीले इन्टरपोलसँग गरेको संझौतानै क्रियाशील हुने हो, स्पष्ट छैन ।

२. **प्रहरी नायब महानिरीक्षक, श्री राजेन्द्रसिंह भण्डारी (प्रहरी प्रधान कार्यालय)**

* सन् १९८० को दशकदेखि सम्पत्ति शुद्धीकरण सम्बन्धी अवधारणा सुरु भएको हो ।

* सदस्य राष्ट्रहरूले ४९ वटा शर्तहरू पालना गर्नुपर्ने गरी दायित्व तोकिएको छ ।

* सम्पत्ति शुद्धीकरण सम्बन्धमा नेपालमा हुण्डीको समस्या देखिएको छ ।

* आपराधिक क्रियाकलापमा सम्लग्न डनहरूको सम्पत्ति अत्याधिक बढेको देखिएको र अनुसन्धान गरी कारवाही गरिरहेका छौं । अपराध र सम्पत्तिको सोझो सम्बन्ध रहन्छ ।

* सम्पत्ति शुद्धीकरण र संगठित अपराध एउटै निकाय CIB बाट अनुसन्धान गर्नु पर्दछ ।

* इन्टरपोल बीच हुने सूचना आदान-प्रदान समझदारी मार्फत हुँदै आएको हो । यसको कानूनी मान्यता छैन ।

* हालको सन्दर्भमा आतंककारी शब्द कुनै पनि राजनीतिज्ञले सुन्न चाहँदैनन् । आतंककारी कार्यमा गरिने लगानी

भ्रष्टाचार र सम्पत्ति शुद्धीकरण दुबैसँग सम्बन्धित हुन आउँदछ ।

* अपराधको अनुसन्धान गर्ने मुख्य जिम्मेवारीसहित स्थापित प्रहरी संगठनमा विशेष दक्षता (Skill) रहेका जनशक्तिहरू रहेका छन् । तसर्थ सम्पत्ति शुद्धीकरण सम्बन्धी अनुसन्धानको कार्यलाई अन्यत्र लानु उपयुक्त देखिदैन ।

**३. सहन्यायाधिवक्ता श्री रमेशकुमार पोखरेल (महान्यायाधिवक्ताको कार्यालय)**

* सम्पत्ति शुद्धीकरण ऐन अन्तर्गतको अपराधलाई सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूचीमा राख्ने व्यवस्था हुनु पर्दछ ।
* संगठित अपराध नदेखिएमा अन्य अपराध अन्तर्गत कारवाही गर्ने व्यवस्थामा स्पष्टता हुनु पर्ने देखिन्छ ।

**४. सहन्यायाधिवक्ता श्री महेश शर्मा पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* यस्ता मुद्दाहरूको बहस पैरवी गर्न रणनीतिक योजना बमोजिम महान्यायाधिवक्ताको कार्यालयमा छुट्टै महाशाखा गठन गरी व्यवस्थित गर्न सकिन्छ ।
* सम्पत्ति शुद्धीकरण सम्बन्धी अपराधको अनुसन्धान गर्न प्रहरीलाई तोक्न सकिन्छ ।
* सरकारी वकीललाई सम्पत्ति शुद्धीकरण सम्बन्धी प्रशिक्षण प्रदान गरी क्षमता अभिवृद्धि गर्न सकिन्छ ।

**५. नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठक**

* सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरको अनुसन्धान नेपाल प्रहरीबाट हुन सक्ने देखिदैन । अतः अनुसूची भित्र रहनु आवश्यक छैन । सरकारी वकीलको भूमिका अनुसूची भित्रका मुद्दा सरहको व्यवस्था गर्नु पर्दछ ।

**६. सहन्यायाधिवक्ता श्री महेशकुमार थापा (महान्यायाधिवक्ताको कार्यालय)**

* अनुसूची बाहिरका अनुसन्धान गर्ने निकायहरूको प्रभावकारिता राम्रो देखिएको छैन । तसर्थ सम्पत्ति शुद्धीकरण सम्बन्धी कसूरमा पनि अनुसूची भित्रका मुद्दा अनुसन्धान गर्ने निकायलाई अनुसन्धान गर्न दिइनु पर्ने हुन्छ ।

**७. सह-सचिव, ऋषिराम त्रिपाठी (वन तथा भू-संरक्षण मन्त्रालय)**

* वन पैदावार र वन्यजन्तु संरक्षण ऐन अन्तर्गतका मुद्दामा सपुर्दगी गर्न सकिन्छ वा सकिदैन स्पष्ट भएन ।

**८. सहन्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे (महान्यायाधिवक्ताको कार्यालय)**

* महान्यायाधिवक्ताको कार्यालयमा एउटा कार्यदल बनाई प्रतिवेदन लिई अघि बढ्नु उपयुक्त हुन्छ । ऐनले छुट्टै विभागको परिकल्पना गरेको छ ।

**९. सहन्यायाधिवक्ता श्री युवराज सुवेदी (महान्यायाधिवक्ताको कार्यालय)**

* सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची -१ मा ल्याउनु पर्दछ ।
* हाल राजश्व अनुसन्धान विभागले तदर्थ रूपमा मात्र काम गरेको हो सो विभागले नै अनुसन्धान गर्नुपर्ने ऐनको आशय हो ।

**१०. सहन्यायाधिवक्ता श्री सूर्यप्रसाद पोखरेल (पु.स.व.का. बुटवल)**

* विभिन्न ऐनमा पुनरावेदन गर्ने म्याद फरक फरक देखिएको छ । त्यसतर्फ विचार हुनु पर्दछ ।
* यस्ता अपराध अनुसन्धान गर्न छुट्टै इकाई (Unit) खडा गर्नुपर्ने देखिन्छ ।

**११. उपन्यायाधिवक्ता श्री दिवाकर भट्ट (महान्यायाधिवक्ताको कार्यालय)**

* संगठित अपराधको परिभाषा गलत छ । नेपाल सरकारले तोकेको कसूर थप गर्ने व्यवस्था हुनु हुँदैन ।

**१२. उपन्यायाधिवक्ता श्री योगराज बराल (महान्यायाधिवक्ताको कार्यालय)**

* सम्पत्ति शुद्धीकरण सम्बन्धी विषयमा व्यापक छलफल हुनु पर्दछ ।

**लिखित रूपमा प्राप्त सुझाव**

* कार्यपत्र विस्तृत र मेहनतसाथ तयार गरिएको हुँदा राम्रो छ ।
* प्रस्तावित संगठित अपराध नियन्त्रण विधेयकको छुट्टै कार्यक्रम राखी छलफल गर्नुपर्ने ।
* सम्पत्ति शुद्धीकरण सम्बन्धी कति मुद्दा छन् र तिनमा सरकारी वकीलको कस्तो भूमिका रहने हो उल्लेख गर्नुपर्ने ।
* सरकारी वकील दक्ष बनाउनको लागि महान्यायाधिवक्ताको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत जनशक्तिलाई तालिम दिई दक्ष बनाउनु पर्ने ।
* विशेषज्ञको टोलीले अनुसन्धान गर्नुपर्ने ।

**१३. शाखा अधिकृत, श्री हरिशंकर ज्ञवाली (महान्यायाधिवक्ताको कार्यालय)**

* राजश्व अनुसन्धान विभागमा रहेका अनुसन्धान अधिकृतलाई यस्ता मुद्दा सम्बन्धमा केही जानकारी नभएको भन्ने भनाई रहेको पाइन्छ । यसका लागि छुट्टै इकाई (Unit) खडा गर्नु पर्दछ ।

**१४. शाखा अधिकृत, श्री अशोककुमार क्षेत्री (महान्यायाधिवक्ताको कार्यालय)**

* राज्यको शक्ति कसले प्रयोग गर्ने भन्नेमा विश्वासको संकट छ ।

**लिखित रूपमा सुझाव पेश गर्नु हुने**

**१. उपन्यायाधिवक्ता श्री धर्मराज पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* सम्पत्ति शुद्धीकरण र आतंककारी कार्यमा लगानी सम्बन्धी अपराध एक अर्काका परिपूरक हुन् । आतंककारी कार्यमा लगानी गरेर पनि सम्पत्ति शुद्धीकरण हुने गर्दछ । यी अपराध सीमारहित अपराधका रूपमा रहेका छन् । यी अपराधसँग जुध्न अन्तर्राष्ट्रिय सहयोग र समन्वय हुनु आवश्यक छ । पारस्परिक कानूनी सहायता, सपुर्दगी र सम्पत्ति फिर्ता आदि यसका स्वरूप हुन सक्दछन् ।
* सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ अन्तर्गतको अपराधलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा समावेश गरिएको छैन । छुट्टै विभाग गठन गरी अनुसन्धान गर्ने प्रारूप ऐनले ल्याएको छ । विभाग गठन भएपछि र सो विभाग साधन सम्पन्न भएपछि अनुसूचीबाट अलग गरेपनि हाल सो ऐन अन्तर्गतको मुद्दा स.मु.स.ऐन, २०४९ को अनुसूची -१ भित्र पारी अनुसन्धान कार्यको जिम्मा नेपाल प्रहरीलाई दिनु उपयुक्त हुने देखिन्छ । यसो भएमा सरकारी वकीलको भूमिका र जिम्मेवारी पनि स्पष्ट हुन्छ ।
* सम्पत्ति शुद्धीकरण, आतंककारी कार्यमा लगानी र संगठित अपराधहरू अन्तर्राष्ट्रियकरण हुने प्रकृतिका अपराध भएकोले यस्ता अपराध नियन्त्रणबारे दक्षता, ज्ञान, सीप बढाई सरकारी वकीलको प्रशिक्षणमा ध्यान दिनु पर्ने देखिन्छ । अन्तर्राष्ट्रिय सन्धि अन्तर्गतका दायित्व पूरा गर्न तत्सम्बन्धी कानूनी र संरचनात्मक विकासमा जोड दिनु उपयुक्त हुन्छ । कानूनबाट मात्र अपराध घोषित गरिन्छ र दण्डनीय पनि कानूनले नै बनाउने हो । तसर्थ महासन्धिको पक्ष राष्ट्र नबनी यी कार्य पूरा गर्न कठिन हुने गर्दछ ।
* कार्यपत्रले विस्तृत रूपमा विषयवस्तु समेटेको हुँदा जानकारीमूलक कार्यपत्रको लागि बधाई एवं धन्यवाद ज्ञापन गर्दछु ।

**२. उपन्यायाधिवक्ता श्री तेजनारायण पौडेल (महान्यायाधिवक्ताको कार्यालय)**

* संगठित अपराधका साथै सम्पत्ति शुद्धीकरण गर्ने कार्यमा सम्बद्ध गरिने कार्य अर्को अपराध गर्ने प्रतिवादीलाई कानूनको दायरामा ल्याउने कार्यमा सम्लग्न अनुसन्धान गर्ने निकाय र व्यक्तिहरूले त्यस्तो अपराधबाट प्राप्त गरेको आर्थिक लाभलाई व्यवस्थित ढंगबाट अनुसन्धानको दायरामा त्यसै मुद्दाको अनुसन्धानबाट गरिनु पर्नेमा नगरेको कारण, संस्था माथिको अविश्वास, अनुसन्धान प्रभावकारितामा अविश्वास, प्रमाण संकलनमा पर्न गएको कठिनाइको तथ्यलाई व्यवस्थित गर्नुपर्ने ।

**प्रस्तुतकर्ता सहन्यायाधिवक्ता श्री किरण पौडेलबाट स्पष्टता**

* आर्थिक अपराधलाई छुट्टै रूपमा हेर्न महान्यायाधिवक्ताको कार्यालयमा दक्ष जनशक्ति तयार पार्नुपर्ने हुन्छ ।
* अभियुक्तको म्याद थप सरकारी वकील मार्फत हुनुपर्ने ।
* अनुसन्धान गर्ने निकायलाई हाम्रो आवश्यकता देखाउनु पर्दछ ।
* आफ्नो क्षेत्राधिकारमा समन्वयात्मक रूपमा कार्य गर्नु पर्दछ ।

**टिप्पणीकर्ता नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्की**

* नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयमा आवश्यक दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्नेमा सहमति देखिएको छ ।
* अनुसन्धानको क्रममा सरकारी वकीलले राय लिने पुरानो कानूनी व्यवस्था हालको कानूनमा झिकिएको छ । त्यसमा महान्यायाधिवक्ताको कार्यालयबाट कुनै जानकारी लिइएको छैन ।
* सम्पत्ति शुद्धीकरण सम्बन्धी एक Unit बनाउने, त्यसमा नेपाल राष्ट्र बैंक, नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयलाई सम्लग्न गराउनु पर्दछ ।

**अध्यक्ष नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला**

* मेहनतसाथ कार्यपत्र प्रस्तुत गर्नु भएकोमा प्रस्तुतकर्तालाई र छलफलमा सक्रिय सहभागी हुनु भएकोमा सहभागीहरूलाई धन्यवाद !
* हामी महासन्धिको पालना गर्ने राष्ट्रको रूपमा दोस्रो तहमा छौं । Non Compliance भएको खण्डमा वैदेशिक सहायता समेत हट्छ ।
* संगठित अपराध सम्बन्धी विधेयक हाल व्यवस्थापिका-संसदमा विचाराधीन छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी अपराधलाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश गर्नु उपयुक्त हुन्छ ।

## द्वितीय दिन द्वितीय सत्र

**ऐन नियमको विषयमा खुला छलफल**

**अध्यक्षता : महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौला**

**सहजकर्ताहरू : नायब महान्यायाधिवक्ता श्री पुष्पराज कोइराला**

**नायब महान्यायाधिवक्ता श्री सूर्यप्रसाद कोइराला**

**नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्की**

**नायब महान्यायाधिवक्ता श्री राजनारायण पाठक**

१. **उपन्यायाधिवक्ता श्री शरदकुमार खड्का (महान्यायाधिवक्ताको कार्यालय)**

* जबर्जस्ती करणी मुद्दामा नाबालिका माथि जबर्जस्ती करणी भएकोमा म्याद नाघे पनि अ.व. ४० नं. बमोजिम अभियोगपत्र दायर गर्न सक्ने अवस्था हुन्छ ।
* साक्षीलाई दिइने भत्ता कार्यान्वयन गर्नु पर्दछ ।

२. **सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय (पु.स.व.का.दिपायल)**

* सबै समस्याहरूको समाधान संस्थागत सुदृढीकरणबाटै हुन्छ । रणनीतिक योजनाले त्यसलाई समेटेको हुनु पर्दछ ।
* सरकारी वकीलको लागि अध्ययनको वातावरण सिर्जना गर्नु मुख्य काम भएकोले साधन स्रोत सम्पन्न बनाइनु पर्दछ ।
* नयाँ अपराधको अभियोजन, बहस पैरवीमा तालिम प्रशिक्षण प्रदान गरिनु पर्दछ ।
* सरकारी वकीलको सेवा सुविधा सम्बन्धमा निरन्तरता दिइनु पर्दछ ।
* आंशिक निर्णय गर्नुपर्ने, पुनरावेदन गर्ने नगर्ने, मुद्दा दोहोऱ्याउने, निवेदन गर्ने नगर्ने सम्बन्धमा सामान्य मार्गदर्शन जारी गरी स्पष्ट पारिनु पर्दछ ।
* सरकारी वकीललाई Medical jurisprudence र Forensic science बारे सामान्य तालिम दिनु पर्दछ ।
* Research लाई प्राथमिकताका साथ निरन्तरता दिइनु पर्दछ ।
* हाम्रा समस्याहरू समाधान गर्न र संस्थागत विकासको निरन्तरताका लागि हामीले सोच विचार गर्नु पर्दछ ।
* बाधा अड्काउ फुकाउने सम्बन्धमा सोध्नु परेमा महान्यायाधिवक्ताको कार्यालयमा Focal Person तोक्नु पर्दछ ।
* जहाँ काम गऱ्यो, त्यहीबाट तलब खाने व्यवस्था हुनु पर्दछ ।
* सरकारी वकीलको सेवा, शर्त, सुविधा सम्बन्धी ऐन छुट्टै रूपमा आउनु पर्दछ ।
* जिल्ला र पुनरावेदनमा सरकारी वकीलको पदस्थापना गर्दा पदसोपानलाई समेत विचार गरी तोक्नु पर्दछ ।
* प्रतिवादी खुले/नखुलेका मुद्दाहरू अनुसन्धान अधिकृतले लामो समयसम्म राखी राख्ने गरेको पनि देखिएको छ । त्यसको अन्त्य गर्न सम्बन्धित निकायलाई निर्देश गर्नु पर्दछ ।
* गत वर्षमा के समस्या आएको थियो, कसरी समाधान भएको थियो र आगामी वर्षको योजनाबारे सम्मेलनमा छलफल गर्नु पर्दछ ।

३. **उपन्यायाधिवक्ता श्री उद्धव पुडासैनी (महान्यायाधिवक्ताको कार्यालय)**

* जनशक्ति एकदमै न्यून छ, भैरहेका जनशक्तिलाई पनि दक्ष बनाउन सकिएको छैन । नयाँ नयाँ अपराधलाई Tackle गर्ने गरी सोच्नु पर्दछ ।
* महान्यायाधिवक्ताको कार्यालयको पुस्तकालयलाई केन्द्रीय पुस्तकालयको रूपमा विकास गर्नु पर्दछ ।

* अनुसन्धानको पक्षमा जोड दिइनु पर्दछ । उच्च अध्ययनका लागि एउटा नीति निर्माण गर्नु आवश्यक छ । अध्ययनमा पठाउन सकिने संख्या निर्धारण गर्न उपयुक्त हुन्छ ।

४. **सहन्यायाधिवक्ता श्री खगराज पौडेल (पु.स.व.का.राजविराज)**

* न्याय प्रशासन ऐन संशोधन गरी जिल्ला तहसम्म रिट क्षेत्राधिकार दिइएको छ ।

* सहन्यायाधिवक्तालाई अधिकार प्रत्यायोजन गर्दा पुनरावेदन गर्ने नगर्ने र मुद्दा दोहोऱ्याउने निवेदन गर्ने नगर्ने अधिकार दिई स-साना मुद्दा पुनरावेदन तहबाट टुङ्गाउने व्यवस्था हुनु पर्दछ ।

५. **नि. सहन्यायाधिवक्ता श्री पाराश्वर ढुंगाना (पु.स.व.का.नेपालगञ्ज)**

* सबै जिल्ला सरकारी वकील कार्यालयहरूमा निरीक्षण र अनुगमन गर्ने व्यवस्था प्रभावकारी रूपमा भए नभएको अनुगमन समेत हुनु पर्दछ ।

* रिट क्षेत्राधिकार सम्बन्धमा मातहतका सरकारी वकीललाई प्रशिक्षण दिनु पर्दछ ।

* सूचना सहज, सरल र छिटो छरितो पार्दा काम गर्न सहज हुन्छ । कानून पत्रिका सबै कार्यालयहरूमा उपलब्ध गराउने व्यवस्था हुनु पर्दछ ।

६. **सहन्यायाधिवक्ता श्री दुर्गाबन्धु पोखरेल (पु.स.व.का.पोखरा)**

* पुनरावेदन सरकारी वकील कार्यालय र महान्यायाधिवक्ताको कार्यालय बीच जति सम्पर्क हुनु पर्ने हो त्यति हुन सकेको छैन । एउटा इकाई खडा गरी त्यसलाई व्यवस्थित बनाउनु पर्दछ ।

* हरेक पुनरावेदन सरकारी वकील कार्यालयमा IT सम्बन्धी प्राविधिक कर्मचारी हुनु पर्दछ, त्यसो भएमा मौजुदा स्रोत साधन प्रयोगमा सुगमता आउँदछ ।

* केही पुनरावेदन सरकारी वकील कार्यालयहरूलाई नमुनाको रूपमा विकास गर्नु उपयुक्त हुन्छ । त्यसक्रममा पोखराको भवन पुरानो भैसकेको हुँदा नयाँ निर्माण गर्न आवश्यक छ ।

७. **सहन्यायाधिवक्ता श्री सूर्यप्रसाद पोखरेल (पु.स.व.का.बुटवल)**

* सरकारी वकीलको सेवा शर्त, सुविधा सम्बन्धी ऐन कहाँ कुन अवस्थामा रहेको छ ? त्यसको जानकारी यस कार्यक्रममा आउनु पर्दथ्यो ।

* पुनरावेदन र जिल्ला सरकारी वकील कार्यालयहरूमा सहायक कर्मचारीहरूको जनशक्ति न्यून रहेको छ । करारबाट भए पनि नियुक्त गर्ने व्यवस्था हुनु पर्ने देखिन्छ ।

* रकमको विनियोजन गर्दा काममा पुग्ने गरी छुट्टाउन उपयुक्त हुन्छ । सबैतिर थोरै थोरै दिनु भन्दा एक वर्षमा दिएका ठाउँमा पुग्ने गरी विनियोजन गर्नु उपयुक्त देखिन्छ ।

* हामीमा विश्वासको संकट आएको छ । मुद्दा चल्ने नचल्ने एवं पुनरावेदन गर्ने नगर्ने सम्बन्धमा आएको नतिजा बमोजिम अध्ययन अनुसन्धान गर्नु पर्दछ ।

८. **नि. सहन्यायाधिवक्ता श्री भानुभक्त काफ्ले (पु.स.व.का.तुल्सीपुर)**

* आत्महत्या प्रकृतिका मुद्दामा जिल्ला न्यायाधिवक्तालाईनै अधिकार दिन उपयुक्त हुन्छ ।

* कामको अनुपातमा जनशक्ति व्यवस्थापन गर्न दरबन्दी मिलान हुनु पर्दछ ।

* जुम्ला, धनकुटा जस्ता पु.स.व.का.हरूमा सहन्यायाधिवक्ता नराखी उपन्यायाधिवक्तालाईनै कार्यालय प्रमुखको रूपमा राख्नु उपयुक्त हुन्छ ।

* संस्थाबाट प्रदान गरिने तालिम, अध्ययन, भ्रमणमा सबैलाई समान रूपमा सहभागी गराउनु पर्दछ ।

* निमित्त सहन्यायाधिवक्ताले अधिकार प्रयोग गर्न कठिनाई परेको छ ।

* भौतिक सुविधाको अभाव छ। केन्द्रमा भएका काम कारवाहीबारे जानकारी पाउने संयन्त्र बनाइनु पर्दछ।
* केन्द्रबाट मुद्दा चलाउने वा पुनरावेदन गर्ने गरी पठाएका मुद्दामा नतिजा के आयो ? त्यसबारे अध्ययन हुनु पर्दछ।
* महान्यायाधिवक्ताको कार्यालयको Website लाई व्यवस्थित गरी नयाँ सूचना प्रवाह गर्ने व्यवस्था हुनु पर्दछ।
* सरुवा फाराम तयार गरी मातहतका कार्यालयमा पठाउने कुरा थियो । त्यसको प्रतिक्षामा मातहतका कर्मचारीहरू बसेको अवस्था छ। समयसारिणी समेत मिलाई सरुवा गर्न उपयुक्त हुन्छ।
* सरुवा मापदण्डका आधारमा गरी व्यवस्थित गर्नु पर्दछ। सरुवा पद्धतिगत र सुनुवाइको मौका दिई गर्न उपयुक्त हुन्छ। वरिपरी घुम्ने प्रवृत्ति अन्त्य हुनु पर्दछ।

**९. सहन्यायाधिवक्ता श्री शंकरराज बराल (पु.स.व.का. हेटौंडा)**

* ६ वटा पुनरावेदन सरकारी वकील कार्यालयलाई नमुनाको रूपमा विकास गर्ने तयारी भए अनुसार हेटौंडाले सुधारका बुँदाहरू दिएको थियो।
* ज्यान मार्ने उद्योग मुद्दामा हदम्यादबारे स्पष्टता आउन जरुरी छ।
* नक्कली नोट र खोटा चलनका सम्बन्धमा दुई महिना अघि भएको परिपत्रले स्पष्ट पारेको छ।

**१०. नि. सहन्यायाधिवक्ता श्री देवकुमार गिरी (पु.स.व.का.सुर्खेत)**

* अ.व. १८८ नं. का सम्बन्धमा न्यून सजाय गरेको सम्बन्धमा पुनरावेदन गर्नु पर्दछ।
* सवारी ऐन, २०४९ मा अंगभंग सम्बन्धमा बदनियत पुष्टि हुनपर्ने अवस्था छ। तर बदनियत नभए पनि सजाय हुने व्यवस्था थप गरिनु पर्दछ।
* पु.स.व.का. सुर्खेतको कार्यालय भवन विभागसँग सम्पर्क गरी शहरी विकास तथा भवन निर्माण कार्यालयबाट मर्मत गरिएको छ।

**११. सहन्यायाधिवक्ता श्री राजनप्रसाद भट्टराई (पु.स.व.का.विराटनगर)**

* भौतिक सुविधा न्यून छ। भएका सामान पनि मर्मत संभार गर्नुपर्ने अवस्था छ।
* राजश्व न्यायाधिकरणमा करिब ९०-१०० मुद्दा छन् तर फाइल छैनन्।
* दरबन्दी अनुसारको जनशक्ति व्यवस्थापन हुन (कम्तीमा ४ जना अधिकृत सरकारी वकील बस्ने सुविधा सहित) आवश्यक छ।

**१२. सहन्यायाधिवक्ता श्री विनोदकुमार पोखरेल (पु.स.व.का.जनकपुर)**

* बन्दीप्रत्यक्षीकरण रिट सुनुवाइ हुँदा सरकारी वकीलले पाउने सुविधा बारे स्पष्ट हुनु पर्दछ।
* अधिकारक्षेत्रमा भएको विस्तारसँगै कार्यबोझ बढ्ने हुँदा सो अनुरूप जनशक्ति थप हुन र दरबन्दी अनुसार समयमानै पदपूर्ति हुनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट नीतिगत निर्णय हुन आवश्यक छ।
* कस्तो मुद्दा सर्वोच्च अदालतमा दोहोर्‍याउने वा पुनरावेदन गर्ने निर्णय गरियो त्यसबारे जानकारी हुने संयन्त्र विकास गरिनु पर्दछ।
* तराईमा कार्यरत जनशक्तिलाई सुरक्षा समेतका आधारमा संयुक्त आवासका लागि घर भाडाको रकम माग गर्नु पर्दछ।

**१३. सहन्यायाधिवक्ता श्री गणेशबाबु अर्याल (पु.स.व.का.वाग्लुङ)**

* सवारी साधनको व्यवस्था गरिनु पर्दछ।
* सरकारी वकीलको दिग्दर्शन अद्यावधिक भएमा सबैलाई कार्य गर्न सरल, सहज हुने देखिन्छ।

* रिट सम्बन्धी प्रशिक्षण दिनु उपयुक्त हुन्छ ।

**१४. नि.सहन्यायाधिवक्ता श्री तोयनाथ पौडेल (पु.स.व.का.जुम्ला)**

* पु.स.व.का. जुम्लाको कार्यालय द्वन्द्वकालमा ध्वस्त भएको छ । जिल्ला सरकारी वकील कार्यालय जुम्लाको भवन निर्माण भैरहेको छ ।

* सरकारी वकील कार्यालयमा जाने बाटोको निकास अदालतभित्रबाट छ । छुट्टै निकासको व्यवस्था गर्न आवश्यक छ ।

**१५. उपन्यायाधिवक्ता श्री शंकरबहादुर राई (महान्यायाधिवक्ताको कार्यालय)**

* बरामदी र खानतलासी मुचुल्का गर्दा कानूनको रीत नपुगेको हुँदा बहस पैरवीमा समस्या देखिएको छ । यसलाई तत्काल सुधार गर्नु पर्दछ ।

* अदालतमा Lead lawyer concept का आधारमा बहस पैरवी र प्रतिनिधित्व गर्ने अवस्था बनाउनु पर्दछ ।

**१६. नि. सहन्यायाधिवक्ता श्री राजेन्द्रकुमार श्रेष्ठ (पु.स.व.का. धनकुटा)**

* भत्ता निकासाबारे जानकारी पाए उपयुक्त हुने थियो ।

* पुनरावेदन सरकारी वकील कार्यालय धनकुटाको कम्पाउण्डबाट सार्वजनिक बाटो भएकोले असुविधा रहेको छ ।

**१७. नि. सहन्यायाधिवक्ता श्री पाराश्वर ढुंगाना (पु.स.व.का. नेपालगञ्ज)**

* महान्यायाधिवक्ताको कार्यालको Website अद्यावधिक गर्नु पर्दछ ।

* नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन समयमै प्राप्त हुने व्यवस्था हुनु पर्‍यो ।

**१८. प्रहरी नायब महानिरीक्षक श्री राजेन्द्रसिंह भण्डारी (प्रहरी प्रधान कार्यालय)**

* बरामदी र खानतलासी मुचुल्का सम्बन्धमा एउटा टोलीले निरीक्षण गरी समस्या समाधान गर्नु उपयुक्त हुन्छ ।

* फैसला कार्यान्वयन राज्यको दायित्व हो अदालतले सरकारका अन्य निकायसँग समन्वय र सहकार्यले कार्यान्वयनमा सुगमता ल्याउदछ ।

**अध्यक्ष महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौला**

* भोलिदेखिनै आफ्नो कार्यशैली सुधार गर्न आवश्यक छ । आफूले आफैलाई मूल्याङ्कन गर्नु आवश्यक छ ।

* कुन आफै गर्न सक्ने र कुन अरुबाट अपेक्षा गर्ने प्रष्ट भै कार्य गर्नु पर्दछ । आफूले गरेको कार्यमा आत्म सन्तुष्टी भएमा संस्था र व्यक्ति दुबैको विकास हुन्छ ।

* समस्या देखाउने मात्र होइन, समाधानको बाटो पनि औंल्याउनु पर्दछ । आफ्नो कार्यका लागि सक्रियता भए कार्यशैली सुधार गर्न सकिन्छ ।

* हामी सरकार/राज्यका वकील हौं, राज्यको प्रतिरक्षा हामी गर्छौं । हामी आफ्नो कार्यमा प्रतिबद्ध हुनु पर्दछ । आफ्नो कार्यमा सीमित रहेर काम गर्नु पर्दछ । अर्को निकायको कामकारवाहीबारे आफ्नो भूमिका बढाउन उचित हुँदैन ।

* केही मुद्दामा पीडित साक्षीले विपरित बकपत्र गरेको अवस्थामा पनि अपराध भएको तथ्य स्थापित भएको छ भने पुनरावेदन गर्ने, मुद्दा दोहोर्‍याउन निवेदन गर्ने गर्नु पर्दछ । अन्यथा राज्यको प्रतिनिधित्व सही रूपमा गर्न सकिदैन ।

* साक्षी Hostile भएकै आधारमा मात्र दाबीबाट अलग हुनु हुँदैन । यसले दण्डहीनतालाई प्रश्रय मिलेको छ ।

* ३३ बुँदे निर्देशनको प्रभावकारी कार्यान्वयनको रिपोर्ट आएन, हामी परम्परागत रूपमानै छौं जस्तो लागिरहेको छ ।

* फौजदारी न्याय प्रशासन चुस्त, दुरुस्त र प्रभावकारी बनाउन हामीले सोच्नु पर्दछ ।
* समस्या स्रोत, साधन, सुविधाको मात्र होइन मानसिकताको पनि छ, दोष अन्यत्रै थुपार्ने होइन् सुधार हामीबाटै गरौं ।
* अव मासिक बुलेटिन विभिन्न विवरणहरू समेटेर प्रकाशित गरिनु पर्दछ ।
* Website को विकास गरिनु पर्दछ ।
* सरकारी वकीलको दरबन्दी कम छ, दरबन्दी बढाउनु पर्दछ । सरकारी वकीलहरू जनताप्रति उत्तरदायी हुनु पर्दछ ।
* अहिले हरेक कुरा छलफलबाट हुने गरेको छ र संस्थागत रूपबाट निर्णय हुने गर्दछ । हामीले उच्च मनोबलका साथ काम गर्नु पर्दछ ।
* आ-आफ्नो कार्यालयको आवश्यकता पहिचान आफैले गर्नु पर्दछ । आवश्यकता पहिचान गरेपछि त्यसको जानकारी माथिल्लो कार्यालयमा पठाउनु पर्दछ । माथिल्लो कार्यालयबाट त्यसको सम्बोधन हुन पर्दछ ।

### ३. प्रस्ताव प्रस्तुति र पारित सत्र

कार्यक्रममा भएको छलफल, सहभागी एवं पर्यवेक्षकहरूबाट आएका सुझावहरू, समसामयिक समस्याहरू, क्षेत्रीय कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमहरूबाट पारित प्रस्तावहरू समेत समावेश गरी केन्द्रीय कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमको निष्कर्षका रूपमा तयार गरिएको १९ बुँदे प्रस्तावहरू २०६८/०२/२३ गते सहभागी तथा पर्यवेक्षकहरूबाट पारित भएको थियो । उक्त **पारित प्रस्ताव**हरू **अनुसूची -२** मा समावेश गरिएको छ ।

### ४. समापन सत्र

भक्तपुरको तेलकोटमा दुई दिनसम्म सञ्चालित केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमलाई समापन गर्ने क्रममा सहभागी तथा पर्यवेक्षकको तर्फबाट मन्तव्य व्यक्त भएको थियो । पर्यवक्षकको तर्फबाट मन्तव्य व्यक्त गर्दै **सर्वोच्च अदालतका सह-रजिष्ट्रार श्री श्रीकान्त पौडेल**ले विगत चार वर्षदेखि सरकारी वकीलका वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रममा सरिक हुने अवसर प्राप्त हुँदै आएको छ । विगतका सम्मेलन भन्दा यो सम्मेलन फरक प्रकृतिको रहेको छ । समाजमा घट्ने नयाँ नयाँ अपराधलाई सम्मेलनमा प्रस्तुत भएका कार्यपत्रले समेटेको छ । अब परम्परागत शैलीको कार्य सम्पादनले मात्र सरकारी वकीलको जिम्मेवारी पूरा गर्न कठिन हुन्छ । महान्यायधिवक्ताको कुशल नेतृत्वमा सरकारी वकीलहरू बदलिदो परिवेश अनुरूप आफ्नो कार्यक्षेत्रमा क्रियाशील हुन यो सम्मेलनले थप ऊर्जा प्रदान गरेको छ भन्ने धारणा राख्नु भयो ।

सहभागीको तर्फबाट मन्तव्य व्यक्त गर्दै **सह-न्यायधिवक्ता श्री बद्रीप्रसाद गौतमले** सम्मेलन विगतको भन्दा भिन्दै र सरकारी वकीलका लागि ज्यादै फलदायी भएको छ । समाजमा घट्ने नयाँ नयाँ अपराधलाई कानूनी दायरामा ल्याउन बनेका नयाँ नयाँ ऐन र प्रस्तावित ऐनका विषयवस्तु समेटी विगतका भन्दा फरक विषयवस्तुबारे अनुशिक्षण गराएकोले यो सम्मेलन उपलब्धिपूर्ण छ । नयाँ सोच र ऊर्जाका साथ महान्यायाधिवक्ताज्यू सरकारी वकीलको संस्थागत र व्यावसायिक सुदृढीकरणका लागि क्रियाशील हुनुहुन्छ । सबैको सामूहिक प्रयासबाट फौजदारी न्याय प्रशासनको मुहार फेर्न सकिन्छ । हाम्रा कामकारवाही जनताप्रति उत्तरदायी हुनु पर्दछ । मुद्दामा उचित प्रतिनिधित्व हुनु पर्दछ । नयाँ सोच, दृष्टिकोणका साथ आचरणहरूलाई परिवर्तन गर्दै सबै सरकारी वकीलहरू आफ्नो जिम्मेवारी र जवाफदेहीप्रति अझै प्रतिबद्ध हुने अपेक्षा र विश्वास छ । व्यावसायिक दक्षता र विकासका लागि सरकारी वकीलको सेवा, शर्त, सुविधा सम्बन्धी कानूनको निर्माण आवश्यक छ भन्ने विचार प्रस्तुत गर्नुभयो । त्यस्तै **उप-न्यायाधिवक्ता श्री शरदकुमार खडकाले** आफू पनि इतिहासमा पहिलोपटक भक्तपुरको तेलकोटमा आयोजित यो सम्मेलनमा सहभागी हुन पाउँदा गौरव लागेको छ । सम्मेलनमा छलफल भएका विषयवस्तु ज्यादै सान्दर्भिक र सरकारी वकीलको कार्यसम्पादनका लागि सहयोगी हुनेछन् । हाम्रा कामकारवाहीहरूलाई नयाँ जोश र जागरका साथ

कार्यसम्पादन गर्न सम्मेलनले थप प्रतिबद्धता ल्याएको विश्वास व्यक्त गर्नु भयो ।

समापन सत्रमा **नायब महान्यायाधिवक्ताहरूले** मन्तव्य व्यक्त गर्नु भएको थियो । यसक्रममा **नायव महान्यायाधिवक्ता श्री राजनारायण पाठकले** सरकारी वकीलहरूको यो केन्द्रीय सम्मेलन विगतका केन्द्रीय सम्मेलन भन्दा फरक छ । भावी योजनासहित प्रस्तावहरू पारित गरेका छौं । सरकारी वकील राज्यको तर्फबाट बहस पैरवी र प्रतिरक्षा गर्ने एवं सरकारको तर्फबाट मुद्दा दायर गर्ने अधिकारप्राप्त अधिकारी भएकोले आफ्नो काम, कर्तव्य र अधिकारप्रति सजग हुन जरुरी छ । सुविधासँगै जिम्मेवारी थप गरिएको अनुभव गर्नु पर्दछ । अधिकारसँगै कर्तव्य पनि हुन्छ । हाम्रो निष्कृयताबाट राज्यले ठूलो हानि नोक्सानी व्यहोर्नु पर्ने हुन्छ । महान्यायाधिवक्ताज्यूको छोटो अवधिको कार्यबाट पनि सम्पूर्ण सरकारी वकीलमा नयाँ जोश, जागर, उत्साह र प्रेरणाको सञ्चार भएको छ । यसले निरन्तरता पाउनु पर्छ । त्यसका लागि यो सम्मेलन कोशे ढुङ्गा सावित हुने विश्वास व्यक्त गर्नु भयो । **नायब महान्यायाधिवक्ता श्री प्रेमराज कार्कीले** अविस्मरणीय रूपमा सम्पन्न भएको यस सम्मेलनबाट प्रतिबद्धताहरू व्यक्त गरेका छौं । सरकारी वकीलको कार्यशैलीमा परिवर्तन आउन जरुरी छ । विगतको सोच र कार्यशैलीले अबको राष्ट्रको अपेक्षा र सरकारी वकीलको भूमिका र जिम्मेवारी पूरा गर्न सकिँदैन । समाजमा दैनिक घट्ने नयाँ नयाँ प्रकृतिका अपराधको नियन्त्रणका लागि कानूनी र संस्थागत विकास आवश्यक छ । यसको साथै सरकारी वकीलमा व्यावसायिकताको विकास हुन जरुरी हुन्छ । सम्पत्ति शुद्धीकरण जस्ता नयाँ नयाँ अपराधको रोकथाम र नियन्त्रणका लागि सरकारी वकीलमा उच्च मनोबल, व्यावसायिक दक्षताको विकास र नैतिकताको खाँचो छ । महान्यायाधिवक्ताज्यूको प्रेरणादायी नेतृत्वबाट सबै सरकारी वकीलमा कार्य सम्पादनको उत्साह बढ्नुको साथै मनोबल उच्च भएको छ भन्दै कार्यक्रम सफल बनाउन सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

यसैगरी मन्तव्य व्यक्त गर्नुहुँदै **नायव महान्यायाधिवक्ता श्री पुष्पराज कोइरालाले** यस वर्षको अन्तिम कार्यक्रममा रहेका छौं । महान्यायाधिवक्ताज्यूबाट छोटो समयमा सबै सरकारी वकीलहरूमा नयाँ रक्त सञ्चारको रूपमा प्रेरणा जागृत भएको छ । सबल नेतृत्व र प्रेरणादायी भूमिका निर्वाह भएको छ, त्यो हाम्रा लागि अवसर तथा चुनौती पनि हो । किनकि, त्यसको निरन्तरता राख्न हामी सक्षम हुनु पर्दछ । संस्थाप्रति आबद्ध भएर कार्य गर्‍यौं भने यस चुनौतीलाई पार गर्न सकिन्छ । महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना स्वीकृत भै कार्यान्वयनमा आएको छ । सबैले इमान्दारीपूर्वक कार्य गरी यो योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न सकेमा संस्थागत सुदृढीकरणका साथै सरकारी वकीलको व्यावसायिक विकासमा वाञ्छित उपलब्धी हासिल हुने निश्चित छ । विगतका सम्मेलन भन्दा यो सम्मेलनले सरकारी वकीलमा थप उत्साह र प्रेरणा जगाएको तथ्य औंल्याउनु भयो । **नायव महान्यायाधिवक्ता एवं कार्यक्रम सञ्चालक श्री सूर्यप्रसाद कोइरालाले** यो सम्मेलनले सरकारी वकीलको कार्यशैलीमा परिवर्तन ल्याउने छ भन्ने तथ्यमा विश्वास गर्ने आधार छ । सरकारी वकीलले आफूबाट आफैं दीक्षित हुने र विगतका कार्यको समीक्षा गरी भावी रणनीति तयार गर्ने दिशामा यो सम्मेलन विगतका सम्मेलन भन्दा फरक र वस्तुपरक छ । महान्यायाधिवक्ताज्यूले कार्यभार सम्हालेपछि छोटै समयमा पनि सुधारका लागि धेरै काम भएका छन् । हामी सबैले आ-आफ्नो तहबाट महान्यायाधिवक्ताज्यूको हरेक कदममा साथ दिन सामूहिक प्रण गर्नुपर्ने अनिवार्यता छ । सम्मेलनमा छलफल भएका विषयवस्तु एवं पारित प्रस्तावहरूको कार्यान्वयनका लागि आजैदेखि क्रियाशील हुनुपर्ने आवश्यकतामा जोड दिनु भयो ।

समापन सत्रको अन्त्यमा कार्यक्रमलाई समापन गर्नुहुँदै **महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौलाले** मानिसमा परिवर्तन हुने र नहुने द्विविधा (Paradox) हुन्छ । त्यसैले कहिले परिवर्तन चाहन्छ, कहिले परिवर्तनलाई अवरोध (Resist) गर्दछ । यथार्थमा मानिसमा परिवर्तनलाई आत्मसात गर्ने गुण (Adaptablitity) विकास गर्न सक्नुपर्छ । मानिसले हरेक दिन परिवर्तन व्यवस्थापन गर्नुपर्छ । अन्य संस्था भन्दा हाम्रो संस्था पछाडि परेको छ । सरकारी वकीलले व्यावसायिक ऐक्यबद्धता (Professional Solidarity) कायम राख्नुपर्छ । मुद्दा हारजित ठूलो कुरा होइन्, मुद्दा हार्दा पनि जित्दा पनि जनताको विश्वास (Confidence) जित्यौंकि जितेनौं, त्यो प्रमुख विषय हो । व्यावसायिकता हामीमा हुनु आवश्यक छ । बहस तर्क (Logic) द्वारा सत्यताको पुष्टि हो । बहसका लागि उच्च मनोबल

चाहिन्छ । हामी सबैमा नेतृत्व गर्ने क्षमता (Leadership) को विकास हुनु पर्छ । यसले संस्थागत सुदृढीकरण गर्न सघाउ पुऱ्याउँदछ । एक्लो प्रयासले मात्र केही गर्न सकिदैन । हाम्रो गति सीमित भएकोले अब बढी गतिमा हिड्नु पर्ने आवश्यकता देखिन्छ । यस गतिलाई निरन्तरता दिन सक्यौं भने हाम्रो उद्देश्य, लक्ष्य प्राप्ति अवश्यंभावी छ । हामीले खोजेको महान्यायाधिवक्ता (Attorney General) हो, कानूनको परीक्षक (Auditor of Law) मात्र होइन । त्यसैले सूर्य उदाउनु अघि सूर्योदयको दृष्य हेर्ने ठाउँमा पुग्न सकेमा मात्र सूर्योदय हेर्न सकिन्छ । ढिलो भएमा त्यो अवसर गुम्न सक्छ भन्ने दृष्टान्त राख्दै कार्यक्रम व्यवस्थापन गर्नु हुने सहयोगी सबै कर्मचारीहरूलाई धन्यवादसहित कार्यक्रम समापनको घोषणा गर्नु भयो ।

## अनुसूची-१

## सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम

## (२०६८ जेठ २२-२३) को कार्यतालिका

**मिति २०६८ साल जेठ २२ गते आइतबार**

**उद्घाटन सत्र**

**विहान ०८:५० देखि १०:३०**

स्थान : मानव स्रोत विकास तालिम केन्द्र, खानेपानी तथा ढल निकास विभाग, तेलकोट, भक्तपुर ।

मिति : २०६८।२।२२ गते आइतबार

समय : विहान ०८:०० बजे (**रजिष्ट्रेशन तथा चिया** )

०८:५५ देखि ०९:१५

**अतिथिको आगमन र आसन ग्रहण**

**अध्यक्षता : महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौला**

**प्रमुख अतिथि : सम्माननीय प्रधान न्यायाधीश श्री खिलराज रेग्मी**

**अतिथिहरू : श्री बाबुराजा जोशी, अध्यक्ष, नेपाल कानून आयोग**

**श्री प्रेमबहादुर खड्का, अध्यक्ष, नेपाल वार एशोसियसन**

**श्री माधव पौडेल, सचिव, कानून तथा न्याय मन्त्रालय**

**श्री कृष्णप्रसाद सापकोटा, अध्यक्ष, सर्वोच्च वार एशोसियसन**

**श्री रविन्द्रप्रताप शाह, प्रहरी महानिरीक्षक**

**उद्घोषक सहन्यायाधिवक्ता श्री युवराज सुवेदी**

**उद्घाटन एवं मन्तव्य कार्यक्रम :**

०९:१५ देखि ०९:२० स्वागत मन्तव्य : नायव महान्यायाधिवक्ता, श्री पुष्पराज कोइराला ।

०९:२० देखि ०९:२५ उद्घाटन : **प्रमुख अतिथि**बाट पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन ।

०९:२५ देखि ०९:३० मन्तव्य : प्रहरी महानिरीक्षक, श्री रविन्द्रप्रताप शाह ।

०९:३० देखि ०९:३५ मन्तव्य : सचिव, श्री माधव पौडेल कानून तथा न्याय मन्त्रालय ।

०९:४० देखि ०९:४५ मन्तव्य : अध्यक्ष, श्री प्रेमबहादुर खड्का, नेपाल बार एशोसियसन ।

०९:४५ देखि ०९:५० मन्तव्य : अध्यक्ष, श्री बाबुराजा जोशी, नेपाल कानून आयोग ।

०९:५० देखि १०:०० उद्घाटन मन्तव्य : सम्माननीय प्रधान न्यायाधीश, श्री खिलराज रेग्मी ।

१०:०० देखि १०:०५ : धन्यवाद ज्ञापन सहित **सभा विसर्जन**, महान्यायाधिवक्ता प्रा.डा. युवराज संग्रौला ।

**दिवा खाना १०:०५ देखि १०:५५ सम्म**

**प्रथम दिनको प्रथम सत्र**

**११:०० देखि १२:३० बजेसम्म**

**सत्रको अध्यक्षता :** महान्यायाधिवक्ता, प्रा.डा. युवराज संग्रौला ।

**टिप्पणीकर्ता** : नायब महान्यायाधिवक्ता, श्री राजनारायण पाठक ।

**विषय** : प्रस्तावित अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा अभियोजन सम्बन्धी अवधारणा, कमी कमजोरी र सुधारका विषय

**कार्यपत्र प्रस्तोता :** सह न्यायाधिवक्ता, श्री रमेशकुमार पोखरेल, पुनरावेदन सरकारी वकील कार्यालय, पाटन ।

| | |
|---|---|
| कार्यपत्र प्रस्तुति | २५ मिनेट |
| समूह छलफल | ४० मिनेट |
| टिप्पणीकर्ताबाट समीक्षा | १० मिनेट |
| अध्यक्षबाट समीक्षा | १५ मिनेट |

**१२:३० देखि १३:०० बजेसम्म चिया**

**प्रथम दिनको द्वितीय सत्र**

**१३:०० देखि १४:३० बजेसम्म**

**सत्रको अध्यक्षता :** नायब महान्यायाधिवक्ता, श्री राजनारायण पाठक ।

**टिप्पणीकर्ता** : नायब महान्यायाधिवक्ता, श्री सूर्यप्रसाद कोइराला ।

**विषय** : भ्रष्टाचार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन पश्चात थपिएको दायित्व, चुनौती र नेपाल कानूनमा गर्नु पर्ने सुधार

**कार्यपत्र प्रस्तोता** सह न्यायाधिवक्ता, श्री महेश शर्मा पौडेल, महान्यायाधिवक्ताको कार्यालय ।

| | |
|---|---|
| कार्यपत्र प्रस्तुति | २५ मिनेट |
| समूह छलफल | ४० मिनेट |
| टिप्पणीकर्ताबाट समीक्षा | १० मिनेट |
| अध्यक्षबाट समीक्षा | १५ मिनेट |

**१४:३० देखि १५:०० बजे सम्म चिया**

**प्रथम दिनको तृतीय सत्र**

**१५:०० देखि १६:३० बजेसम्म**

**सत्रको अध्यक्षता :** महान्यायाधिवक्ता, प्रा.डा. युवराज संग्रौला ।

**टिप्पणीकता** : नायब महान्यायाधिवक्ता, श्री पुष्पराज कोइराला ।

**विषय** : महान्यायाधिवक्ता कार्यालयको प्रशासनिक र व्यावसायिक सुदृढीकरण ।

**कार्यपत्र प्रस्तोता :** सह न्यायाधिवक्ता, श्री युवराज सुवेदी, महान्यायाधिवक्ताको कार्यालय ।

| | |
|---|---|
| कार्यपत्र प्रस्तुति | २५ मिनेट |
| समूह छलफल | ४० मिनेट |
| टिप्पणीकर्ताबाट समीक्षा | १० मिनेट |
| अध्यक्षबाट समीक्षा | १५ मिनेट |

**प्रथम दिनको कार्यक्रम समाप्त**

**मिति २०६८ साल जेठ २३ गते सोमबार**

**द्वितीय दिनको प्रथम सत्र**

**०७:३० देखि ०८:३० चिया**

**०८:३० देखि** १०:००

**सत्रको अध्यक्षता :** नायब महान्यायाधिवक्ता, श्री पुष्पराज कोइराला ।

**टिप्पणीकता :** नायब महान्यायाधिवक्ता, श्री प्रेमराज कार्की ।

**विषय :** सम्पत्ति शुद्धीकरण, संगठित अपराध, आतकंकारी कार्यमा लगानी सम्बन्धी महासन्धि, ऐन र प्रस्तावित ऐन समेतबाट अभियोजनमा पर्ने असर ।

**कार्यपत्र प्रस्तोता :** सह न्यायाधिवक्ता, श्री किरण पौडेल, महान्यायाधिवक्ताको कार्यालय ।

| | |
|---|---|
| कार्यपत्र प्रस्तुति | २५ मिनेट |
| समूह छलफल | ४० मिनेट |
| टिप्पणीकर्ताबाट समीक्षा | १० मिनेट |
| अध्यक्षबाट समीक्षा | १५ मिनेट |

**द्वितीय दिनको द्वितीय सत्र**

**१०:०० देखि १४:१५** ऐन नियमको विषयमा छलफल

अध्यक्षता : महान्यायाधिवक्ता, प्रा.डा. युवराज संग्रौला ।

सहजकता : नायब महान्यायाधिवक्ता, श्री पुष्पराज कोइराला ।

नायब महान्यायाधिवक्ता, श्री सूर्यप्रसाद कोइराला ।

नायब महान्यायाधिवक्ता, श्री प्रेमराज कार्की ।

नायब महान्यायाधिवक्ता, श्री राजनारायण पाठक ।

**११:३० देखि १२:३० दिवाखाना**

**१२:३० देखि १४:१५ खुला छलफल (कार्यालयगत समस्या, व्यवसायिकता तथा लेखा, प्रशासनिक समस्या र समाधानका उपाय बारे)**

**१४:१५ देखि १४:३० चिया**

**१४:३० देखि १५:०० प्रस्तावको प्रस्तुति तथा छलफल गरी अन्तिम रूप प्रदान**

**(अनुसन्धान अधिकृत, श्री रेवतीराज त्रिपाठी, महान्यायाधिवक्ताको कार्यालय)**

**समापन कार्यक्रम**

**१५:०० देखि १५:१० मन्तव्य** : नायब महान्यायाधिवक्ता, श्री राजनारायण पाठक ।

**१५:१० देखि १५:२० मन्तव्य** : नायब महान्यायाधिवक्ता, श्री प्रेमराज कार्की ।

**१५:२० देखि १५:३० मन्तव्य** : नायब महान्यायाधिवक्ता, श्री सूर्यप्रसाद कोइराला ।

**१५:३० देखि १५:४० मन्तव्य** : नायब महान्यायाधिवक्ता, श्री पुष्पराज कोइराला ।

**१५:४० देखि १६:०० मन्तव्य** : महान्यायाधिवक्ता, प्रा.डा. युवराज संग्रौला ।

**समाप्त**

## अनुसूची -२

## सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम तेलकोट (भक्तपुर)- २०६८ बाट पारित प्रस्तावहरू

१. महान्यायाधिवक्ताको कार्यालयबाट तयार भएको पञ्चवर्षीय रणनीतिक योजना (२०६८–२०७३) को प्रभावकारी कार्यान्वयनको लागि सबै तहमा कार्यरत सरकारी वकील तथा अन्य कर्मचारीहरूलाई अभिमुखीकरण गर्ने क्षेत्रीय तथा केन्द्रीयस्तरमा कार्यक्रम सञ्चालन गर्ने र अब उप्रान्त वजेट तर्जुमा गर्दा उक्त रणनीतिक योजनाले निर्धारण गरेका प्राथमिकताका आधारमा गर्ने ।

२. नेपाल सरकारबाट भएका सरकारवादी मुद्दा फिर्ता सम्बन्धी निर्णयहरू विवादित हुने गरेका र त्यसले दण्डहीनता बढाएको भन्ने आम गुनासो रहेको हुँदा नेपाल सरकारले मुद्दा फिर्ता लिने निर्णय गर्दा महान्यायाधिवक्ताको राय अनिवार्य रूपमा लिने व्यवस्था हुनु पर्ने । मुद्दा फिर्ता सम्बन्धमा स्पष्ट कानून तर्जुमा गर्न सरकारलाई सिफारिस गर्ने ।

३. अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्वन्धी विधेयक व्यवस्थापिका-संसदमा विचाराधीन रहेको र अभियोजनको दृष्टिकोणबाट ती विधेयकहरूमा भएका प्राबधानहरूको कार्यान्वयनमा उत्पन्न हुन सक्ने कमी कमजोरी र सुधार हुनु पर्ने विषयको अध्ययन गरी विधेयक परिमार्जनको लागि संस्थागत सुझाव दिने । यसको लागि केन्द्रदेखि जिल्ला तहसम्म पुनरावेदन सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालयहरूले अन्तर्क्रियाहरू आयोजना गरी सुझाव तयार गरी दुई महिनाभित्र महान्यायाधिवक्ताको कार्यालयले व्यवस्थापिका-संसदको विधायन समितिमा पेश गर्ने ।

४. संवैधानिक अंग, मन्त्रालय तथा विभागहरूबाट हुने गरेका कतिपय निर्णयहरूमा कानूनी त्रुटि रहने गरेको र ती निकायहरूबाट प्राप्त हुने लिखित जवाफ प्रभावकारी नभएको तथा एकै विषयमा परस्पर विरोधी लिखित जवाफ पेश हुने गरेको कारण ती निणर्यहरूलाई चुनौती दिई परेका रिट निवेदनहरूमा अदालतबाट रिट जारी हुने गरेको र ती रिट निवेदनहरूको प्रतिरक्षामा समस्या रहेकोले सबै मन्त्रालय, संवैधानिक अंग तथा विभागहरूमा सरकारी वकीलको डेस्क स्थापना गरी सो अनुरूप दरबन्दीको व्यवस्था गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

५. विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धिमा हस्ताक्षर वा सम्मिलनको कारण ती सन्धि, महासन्धि अन्तर्गतको दायित्व र त्यस बमोजिम तर्जुमा भएका राष्ट्रिय कानूनहरूबाट सरकारी वकीलको कार्यक्षेत्रमा भएको वृद्धि अनुरूप कार्य सम्पादन गर्न सरकारी वकीलको क्षमता अभिवृद्धि गर्नुको साथै आवश्यक पूर्वाधारसहित थप जनशक्तिको व्यवस्था गर्न दरबन्दी थप गर्ने प्रयोजनका लागि आबश्यक पहल गर्ने ।

६. फौजदारी न्याय प्रशासनलाई प्रभावकारी बनाउन अनुसन्धान कार्यदेखि न्याय सम्पादन तथा फैसला कार्यान्वयनको चरणसम्म पीडितको सक्रिय सहयोग आवश्यक हुन्छ । यसको निमित्त अपराधबाट पीडित भएका व्यक्तिहरूलाई न्यायको अनुभूती गराउन उनीहरूको सुरक्षा, पुनर्स्थापना तथा क्षतिपूर्तिको व्यवस्था गरी पीडित स्वयंलाई पनि फौजदारी न्याय पद्धतिमा प्रत्यक्ष रूपमा संलग्न गराउने पद्धति विकास गरिनु पर्छ । सरकारवादी मुद्दामा साक्षीहरूको अनुपस्थितिको कारण मुद्दामा असफलता हुने गरेकोले यथाशीघ्र साक्षीहरूको संरक्षण नीति लगायतका प्रभावकारी व्यवस्था हुन र पीडित साक्षीलाई क्षतिपूर्ति उपलब्ध गराउन पीडित राहत कोष सहितको कानूनी व्यवस्था गर्नुपर्ने ।

७. न्याय सेवा तालिम केन्द्र तथा राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट प्रदान गरिने तालिम कार्यक्रमहरू सरकारी वकीलहरूको कार्य सम्पादनको लागि पर्याप्त नभएकोले महान्यायाधिवक्ताको कार्यालयबाटै सरकारी वकील तथा सहायक कर्मचारीको लागि आवश्यक तालिम कार्यक्रम सञ्चालन गर्ने ।

८. महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकील तथा अन्य कर्मचारीहरूको कार्य विवरण फाराम तयार गरी लागू गर्ने र सोही आधारमा कार्यसम्पादन मूल्याङ्कन गरी पुरस्कार र दण्डको नीति अख्तियार गर्ने ।

९. सरकारी वकील तथा अन्य कर्मचारीको सरुवा, बढुवा र पदस्थापनका स्पष्ट आधार तोक्ने तथा सरकारी वकीलबाट सम्पादन हुने कामकारवाहीहरू समेत निश्चित मापदण्ड र कार्यविधि अनुरूप गर्ने व्यवस्था गरी संस्थागत मूल्य-मान्यताका आधारमा गर्ने र संगठनमा कार्यरत जनशक्तिको संस्थागत कार्यप्रति स्वामित्व ग्रहण गर्ने प्रवृत्तिको विकास गर्ने ।

१०. सरकारी वकीलबाट प्रतिनिधित्व तथा प्रतिरक्षा हुने मुद्दा मामिला सम्बन्धी तथा कार्यालय सञ्चालन सम्बन्धी काम कारवाहीहरूको महान्यायाधिवक्ताको कार्यालयले मातहतका पुनरावेदन सरकारी वकील कार्यालहरू र पुनरावेदन सरकारी वकील कार्यालयले मातहतका जिल्ला सरकारी वकील कार्यालयहरूको कम्तीमा वर्षको एक पटक अनुगमन तथा निरीक्षण गरी त्यसको प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयमा पेश गर्ने र अभिलेख राख्ने प्रभावकारी पद्धतिको विकास गर्ने ।

११. जिल्ला सरकारी वकील कार्यालयहरूबाट सम्पादन भएका कामकारवाही कानून अनुरूप भए नभएको सम्बन्धमा पुनरावेदन सरकारी वकील कार्यालय मार्फत आवश्यक जानकारी लिने र मातहतका कार्यालयको भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन र स्रोत साधन लगायतका विषयमा पुनरावेदन सरकारी वकील कार्यालयबाट सिफारिस लिने परिपाटिको व्यवस्था गरी पुनरावेदन सरकारी वकील कार्यालयको भूमिका र उत्तरदायित्व वृद्धि गर्ने ।

१२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गतका गम्भीर प्रकृतिका मुद्दाको अनुसन्धान र मुद्दाको सुनुवाइ गर्ने अधिकार निकुञ्जका कर्मचारीलाई तोकिएको छ । अपराधको गाम्भीर्यता, कसूर एवं सजाय अनुसार प्रस्तुत क्षेत्राधिकार ऐनको दफा ३१(१) बमोजिम जिल्ला अदालतलाई तोक्न र उक्त ऐनमा मुद्दामा म्याद थप सम्बन्धी व्यवस्था नभएको हुँदा स्पष्ट कानूनी व्यवस्था गर्न महान्यायाधिवक्ताको कार्यालयले विशेष पहल गर्ने ।

१३. महान्यायाधिवक्ताको कार्यालत तथा मातहतका सरकारी वकील कार्यालयहरूको कामकारवाहीहरूलाई दक्षतायुक्त, चुस्त, दुरुस्त, छिटोछरितो, प्रभावकारी र पारदर्शी बनाउन तथा मातहत कार्यालयमा सर्वोच्च अदालतका फैसलाहरूको शीघ्र जानकारीका लागि महान्यायाधिवक्ता कार्यालय र मातहत कार्यालयहरूलाई विद्युतीय सञ्जाल (Computer Network) मा आबद्ध गर्न महान्यायाधिवक्ताको कार्यालयले आवश्यक प्रबन्ध गर्ने ।

१४. कानूनको निर्माण प्रक्रियामा कार्यपालिका मस्यौदाको तहमा संलग्न हुने र त्यस्ता कानून पारित गर्न व्यवस्थापिकाको संलग्नता हुने कुरामा विवाद छैन । हाल व्यवस्थापिका-संसदमा विचाराधीन रहेका संहिताहरू (चार वटा) विधेयकहरूका व्यवस्थामा कतिपय समितिहरूको व्यवस्था रहेको र त्यस्ता समितिका सदस्यहरूमा सर्वोच्च अदालतको न्यायाधीश रहने व्यवस्था भएको हुँदा त्यस्ता व्यवस्थाले विधायिकी कार्यमा दोहोरोपन (Duplication) देखिने र शक्ति पृथकीकरणको सिद्धान्त समेतको अनुकूल नहुने भएबाट त्यस्ता व्यवस्था नरहुन् भन्ने मान्यता राख्दै त्यस्ता विषयमा महान्यायाधिवक्ताको भूमिका सुनिश्चित गर्ने ।

१५ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ बाहेकका मुद्दाहरूमा अनुसन्धान तथा अभियोजन र मुद्दा हेर्ने समेत दुबै कार्य एउटै निकाय (अर्ध न्यायिक) ले गर्ने परिपाटी फौजदारी न्यायका आधारभूत मान्यता प्रतिकूल हुन् भन्ने कुरामा विश्वस्त हुँदै यस्तो व्यवस्थामा आवश्यक पर्ने सुधारको लागि महान्यायाधिवक्ताको कार्यालयले पहल गर्ने ।

१६. महान्यायाधिवक्ताको कार्यालयमा निम्न अनुसारका संरचनागत सुधार गर्ने :

(क) नेपालको हक हित र सरोकार रहेको विषयमा अन्तर्राष्ट्रियस्तरमा वा अन्य देशमा प्रतिरक्षाका लागि महान्यायाधिवक्ताको कार्यालयमा एक अन्तर्राष्ट्रिय प्रतिरक्षा इकाईको गठन गर्ने ।

(ख) संपत्ति शुद्धीकरण लगायत सवै संगठित अपराधको सुदृढ प्रतिरक्षाका लागि महान्यायाधिवक्ताको कार्यालयमा एक इकाई गठन गर्ने त्यसले प्रतिरक्षाका साथसाथै प्रस्तावित अभियोजन प्रशिक्षण केन्द्रको समन्वयमा आवश्यक प्रशिक्षण गर्ने ।

(ग) फौजदारी अपराध एवं न्यायसँग सम्बन्धित ऐन नियमहरू सरकारले प्रस्ताव गर्नु पूर्व महान्यायाधिवक्ताको कार्यालयमा छलफल भई महान्यायाधिवक्ताको कार्यालयको मत अभिलेखन गरी विधेयक समितिमा प्रस्तुत गर्ने प्रणालीको विकास गर्ने र विधेयक समितिमा महान्यायाधिवक्ता/नायब महान्यायाधिवक्ताको नेतृत्वमा समूहगत प्रतिनिधित्व गर्नु पर्ने ।

(घ) सम्पत्ति शुद्धीकरण सम्वन्धी विषयवस्तुलाई हाल कायम रहेको समन्वय समितिमा समावेश गर्ने ।

१७. महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयका गतिविधिहरू जस्तैः मुद्दा पुनरावेदन गर्ने, नगर्ने, निकासा आदि प्रकाशन गर्ने गरी मासिक बुलेटिन र कानूनशास्त्रीय सिद्धान्तहरूको बहस छलफलका लागि त्रैमासिक पत्रिका (जर्नल) प्रकाशन गर्ने ।

१८. महान्यायाधिवक्ताको कार्यालयबाट माग गरिए बमोजिम केही दिन पहिले नेपाल सरकारले सरकारी वकीलहरूलाई प्रोत्साहन भत्ता दिने निर्णय गरेको जानकारी प्राप्त भएबाट सरकारलाई धन्यवाद ज्ञापन गर्दै २०६८।०४।०१ बाट लागू हुने गरी मेरिटवेष्ड प्रोत्साहन भत्ता प्रणाली विकास गरी पेश गर्ने ।

१९. सरकारी वकीलबाट प्रदान गरिने सेवालाई व्यावसायिक र प्रभावकारी बनाउन गत वर्षको केन्द्रीय सम्मेलनबाट पारित भएको सरकारी वकीलको नियुक्ति, सेवाका शर्त र सुविधा सम्वन्धी ऐनको मसौदालाई पुनरावलोकन गरी यथाशीघ्र नेपाल सरकार मार्फत व्यवस्थापिका समक्ष पेश गर्ने ।

## अनुसूची - ३

## सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम २०६८ (जेष्ठ २२ र २३) मा सहभागी तथा पर्यवेक्षकहरू

| सि.नं. | नाम, थर | पद | कार्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | प्रा.डा. युवराज संग्रौला | महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | |
| २ | श्री पुष्पराज कोइराला | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | |
| ३ | श्री सूर्यप्रसाद कोइराला | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | |
| ४ | श्री प्रेमराज कार्की | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | |
| ५ | श्री राजनारायण पाठक | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | |
| ६ | श्री युवराज सुवेदी | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ७ | श्री रमेशकुमार पोखरेल | सह न्यायाधिवक्ता | पु.स.व.का., पाटन | सहभागी |
| ८ | श्री सरोजप्रसाद गौतम | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ९ | श्री ठोकप्रसाद सिवाकोटी | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| १० | श्री राजेन्द्रकुमार पोखरेल | सह न्यायाधिवक्ता | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | सहभागी |
| ११ | श्री ऋषिराम दवाडी | सह न्यायाधिवक्ता | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | सहभागी |
| १२ | श्री डिल्लीरमण आचार्य | सह न्यायाधिवक्ता | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | सहभागी |
| १३ | श्री दुर्गाबन्धु पोखरेल | सह न्यायाधिवक्ता | पु.स.व.का., पोखरा | सहभागी |
| १४ | श्री महेशकुमार थापा | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| १५ | श्री राजेन्द्र सुवेदी | सह न्यायाधिवक्ता | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | सहभागी |
| १६ | श्री बद्रीप्रसाद गौतम | सह न्यायाधिवक्ता | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | सहभागी |
| १७ | श्री बलराम शर्मा | सह न्यायाधिवक्ता | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | सहभागी |
| १८ | श्री विनोदकुमार पोखरेल | सह न्यायाधिवक्ता | पु.स.व.का., जनकपुर | सहभागी |
| १९ | श्री खगराज पौडेल | सह न्यायाधिवक्ता | पु.स.व.का., राजविराज | सहभागी |
| २० | श्री किरण पौडेल | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| २१ | श्री समीर सिलवाल | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| २२ | श्री श्रीधर सापकोटा | सह न्यायाधिवक्ता | राष्ट्रिय न्यायिक प्रतिष्ठान | सहभागी |
| २३ | श्री महेश शर्मा पौडेल | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| २४ | श्री सूर्यप्रसाद पोखरेल | सह न्यायाधिवक्ता | पु.स.व.का., बुटवल | सहभागी |
| २५ | श्री राजनप्रसाद भट्टराई | सह न्यायाधिवक्ता | पु.स.व.का., विराटनगर | सहभागी |
| २६ | श्री कृष्णजीवी घिमिरे | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| २७ | श्री कृष्णप्रसाद पौडेल | सह न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| २८ | श्री शंकरराज बराल | सह न्यायाधिवक्ता | पु.स.व.का., हेटौडा | सहभागी |
| २९ | श्री गणेशबाबु अर्याल | सह न्यायाधिवक्ता | पु.स.व.का., बाग्लुङ | सहभागी |
| ३० | श्री पदमप्रसाद पाण्डे | सह न्यायाधिवक्ता | पु.स.व.का., दिपायल | सहभागी |
| ३१ | श्री भानुभक्त काफ्ले | नि. सहन्यायाधिवक्ता | पु.स.व.का. तुल्सिपुर | सहभागी |
| ३२ | श्री राजेन्द्रकुमार श्रेष्ठ | नि. सह न्यायाधिवक्ता | पु.स.व.का., धनकुटा | सहभागी |

| | | | | |
|---|---|---|---|---|
| ३३ | श्री देबकुमार गिरी | नि. सह न्यायाधिवक्ता | पु.स.व.का., सुर्खेत | सहभागी |
| ३४ | श्री दमनसिंह विष्ट | नि.सह न्यायाधिवक्ता | पु.स.व.का., महेन्द्रनगर | सहभागी |
| ३५ | श्री परमेश्वर पराजुली | नि. सह न्यायाधिवक्ता | पु.स.व.का., इलाम | सहभागी |
| ३६ | श्री तोयनाथ पौडेल | नि.सह न्यायाधिवक्ता | पु.स.व.का., जुम्ला | सहभागी |
| ३७ | श्री पाराश्वर ढुंगाना | नि.सह न्यायाधिवक्ता | पु.स.व.का., नेपालगञ्ज | सहभागी |
| ३८ | श्री लक्ष्मीराम ढुंगाना | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ३९ | श्री शरदकुमार खड्का | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४० | श्री योगराज बराल | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४१ | श्री धर्मराज पौडेल | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४२ | श्री तेजनारायण पौडेल | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४३ | श्री रमेश शर्मा पौडेल | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४४ | श्री रेवतीराज त्रिपाठी | अनुसन्धान अधिकृत | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४५ | श्री शंकरबहादुर राई | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४६ | श्री मदनबहादुर धामी | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४७ | श्री दिवाकर भट्ट | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४८ | श्री उद्धवप्रसाद पुडासैनी | उप न्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय | सहभागी |
| ४९ | श्री झमकप्रसाद शर्मा | सह-सचिव | संघीय मामिला, संविधान तथा संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालय | पर्यवेक्षक |
| ५० | श्री श्रीकान्त पौडेल | सह-रजिष्ट्रार | सर्वोच्च अदालत | पर्यवेक्षक |
| ५१ | श्री डिल्लीराज घिमिरे | सह-सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | पर्यवेक्षक |
| ५२ | श्री ऋषिराम त्रिपाठी | सह-सचिव | वन तथा भू-संरक्षण मन्त्रालय | पर्यवेक्षक |
| ५३ | श्री राजेन्द्रसिंह भण्डारी | प्रहरी नायब महानिरीक्षक | प्रहरी प्रधान कार्यालय | पर्यवेक्षक |
| ५४ | श्री दुर्गाप्रसाद ढुंगेल | उप-सचिव | कानून तथा न्याय मन्त्रालय | पर्यवेक्षक |
| ५५ | श्री गुरुभक्त निरौंला | अधिवक्ता | सर्वोच्च अदालत वार एशोसियसन | पर्यवेक्षक |

## अनुसूची- ४

## (क) प्रस्तावित अपराध संहिता, फौजदारी कार्यविधि संहिता र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनमा अभियोजन सम्बन्धी अवधारणा, कमी, कमजोरी र सुधारका

- सहन्यायाधिवक्ता श्री रमेशकुमार पोखरेल
पुनरावेदन सरकारी वकील कार्यालय, पाटन

**पृष्ठभूमि**

कुनै पनि देशको सभ्यताको परिचायक त्यो देशको फौजदारी कानून हो भनेर भनिन्छ । वास्तवमा समृद्ध र प्रभावकारी फौजदारी कानूनबाट नै देशको शासन प्रणाली प्रतिविम्बित हुन्छ । फितलो र कमजोर फौजदारी कानूनले असभ्यता र जंगलीपना देखाउँछ । प्रभावकारी फौजदारी कानूनले दण्डहीनताको अन्त्य गर्दछ, दण्डहीनताको अन्त्य नभई कुनै पनि देशको चौतर्फी विकास हुन सक्तैन । हाम्रो फौजदारी न्याय प्रणाली यद्यपि पुरातन अवस्थाबाटै गुज्री रहेको छ । फौजदारी कानूनमा सुधार समयको माग हो । हामीले संवैधानिक प्रणालीलाई राम्रो बनाउने प्रयास गर्‍यौं तर कानूनलाई समय सापेक्ष बनाउने तर्फ ध्यान दिएनौ फलतः हाम्रो न्याय प्रणाली आधुनिक बन्न सकेन । पुराना कानूनहरूलाई परिमार्जन गर्नेतर्फ समयमै सचेतता अपनाउनु आवश्यक भई सकेको छ । हाम्रो देशमा २०१२ सालमा दण्ड संहिता बनाइएको थियो तर त्यो लागु हुन सकेन । झण्डै ५६ वर्षपछि अपराध संहिता लगायत दण्ड संहिताको निर्माण गरिएको छ, यी संहितालाई लागु गरेर प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेको खण्डमामात्र परम्परागत कानूनबाट छुटकारा पाएको अनुभूति गर्न सकिन्छ ।

फौजदारी कार्यविधि संहिता विधेयक, २०६७, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक, २०६७ तथा अपराध संहिता विधेयक, २०६७ ले व्यवस्थापिका संसदमा प्रवेश पाइसकेको अवस्था छ । फौजदारी कसूरको अनुसन्धान, अभियोजन, दायरी, पुर्पक्ष, सुनुवाइ र अन्य कार्यविधि सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समयानुकूल बनाउन तत्सम्बन्धी संहिताको व्यवस्था गर्न आवश्यक भएकोले फौजदारी कार्यविधि संहिताको निर्माण गरिएको; न्यायपूर्ण शान्तिपूर्ण र सुरक्षित समाज सिर्जना गरी सर्वसाधारणको हित र सदाचार कायम गर्नका लागि फौजदारी कसूर गर्ने कसूरदारलाई उचित सजाय निर्धारण गर्ने तथा त्यस्तो सजाय कार्यान्वयन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न आवश्यक भएकोले फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयकको निर्माण गरिएको तथा मुलुकमा कानून तथा व्यवस्था कायम गरी सर्वसाधारणको नैतिकता, शिष्टाचार, सदाचार, सुविधा, आर्थिक हित कायम राख्न विभिन्न धार्मिक तथा सांस्कृतिक समुदायबीचको सुसम्बन्ध तथा शान्ति कायम गर्न फौजदारी कसूर निवारण र नियन्त्रण गर्न र तत्सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गरी समायानुकूल फौजदारी कसूर सम्बन्धी संहिताको व्यवस्था गर्न आवश्यक भएकोले अपराध संहिताको निर्माण गरिएको स्पष्ट छ । मुलुकको कानूनको रूपमा १९१० सालको मुलुकी ऐन, २०२० सालमा नयाँ मुलुकी ऐनको रूपमा रूपान्तरित भई आएको भएतापनि त्यो ऐनलाई समसामयिक बनाउनु अत्यावश्यक भएको र जनसंख्याको वृद्धि, औद्योगिक तथा वैज्ञानिक क्षेत्रमा भएको विकास, बढ्दो शहरीकरण एवं उच्च महत्वाकांक्षायुक्त सामाजिक परिवेशका कारण आपराधिक गतिविधिमा भएको वृद्धि तथा अपराध जगतमा भित्रिएका नविनतम् धारणाहरूलाई लगभग ५० वर्ष अघिको मुलुकी ऐनमा भएको व्यवस्थाले मात्र समेट्न नसकिरहेको र उक्त ऐनलाई पनि समय-सापेक्ष बनाउनुपर्ने आवश्यकता भई रहेको परिप्रेक्ष्यमा उल्लेखित विधेयकहरूको निर्माण हुनुलाई कानून विकासको क्रममा एउटा गतिलो फड्को मारिएको मान्नुपर्ने हुन्छ ।

हाम्रो फौजदारी न्याय प्रणाली प्रतिद्वन्द्वात्मक न्याय प्रणाली हो । Comman Law System बाट यो प्रणाली प्रभावित छ । यसले कानूनको सर्वोपरितालाई महत्व दिन्छ र व्यक्तिको अधिकारको रक्षा गर्दछ भनिन्छ । गंभीर प्रकृतीका केही कसूरमा बाहेक फौजदारी कसूरमा अभियुक्त दोषी हो भन्ने कुरा अभियोजनकर्ताले पुष्टि गर्नुपर्दछ । अभियुक्तलाई आफू विरुद्ध चूप लाग्ने संवैधानिक प्रत्याभूति र दोषी ठहर नहुन्जेल निर्दोष मान्नुपर्ने व्यवस्था यसैका उपज

हुन् । एक पटक निर्माण गरिएको कानून दशकौंसम्म बहाल रहन सक्तछ तर अपराध र अपराधीको सीमा र परिभाषा एउटै कायम रही रहन सक्दैन । हिजो अपराध मानिएको कार्य आज अपराधको परिभाषाभित्र नपर्ने पनि हुन सक्तछ । एउटा देशको भूगोलभित्र मात्र सीमित अपराध आज विश्वभरी नै अपराधको कोटीमा पर्न सक्तछ । यस्तो स्थितिलाई नयाँ निर्माण गरिने कानूनले वा समयसापेक्ष कानूनमा गरिने संशोधनले मात्र समेट्न सक्तछ । यस प्रसङ्गमा यी विधेयकहरूले अहिलेको अभावलाई धेरै हदसम्म पूर्ति गर्न सक्नेछन् भनी भन्न सकिन्छ ।

**विधेयकभित्र समेटिएका विषयवस्तुहरू**

फौजदारी कार्यविधि संहितामा कसूरको सूचना तथा अनुसन्धान सम्बन्धी व्यवस्था, अभियोजन तथा मुद्दाको दायरी, अदालतको अधिकारक्षेत्र, मुद्दाको प्रारम्भिक कारवाही सम्बन्धी व्यवस्था, प्रमाण परीक्षण सम्बन्धी व्यवस्था, मुद्दा फिर्ता, मिलापत्र तथा मेलमिलाप सम्बन्धी व्यवस्था, मुद्दाको कारवाही सुनुवाइ र फैसला सम्बन्धी व्यवस्था, पुनरावेदन र साधक सम्बन्धी व्यवस्था, फैसला कार्यान्वयन सम्बन्धी व्यवस्थासहित विविध व्यवस्था गरिएको पाइन्छ भने अपराध संहिताको भाग १ मा फौजदारी न्यायका सामान्य सिद्धान्तहरू, आपराधिक षड्यन्त्र, उद्योग, दुरुत्साहन र मतियार, सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्था, कसूर गरी प्राप्त सम्पत्ती र कसूर गर्न प्रयोग भएका साधन सम्बन्धी व्यवस्था गरिएको, भाग २ मा राज्य विरुद्धका कसूर, सार्वजनिक शान्ति विरुद्धको कसूर, सार्वजनिक न्याय विरुद्धको कसूर, सार्वजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता विरुद्धका कसूर, हातहतियार तथा खरखजना सम्बन्धी कसूर, विष्फोटक पदार्थ सम्बन्धी कसूर, राष्ट्रिय तथा सार्वजनिक सम्पदा विरुद्धका कसूर, भेदभाव तथा अन्य अपमानजन्य व्यवहार सम्बन्धी कसूर, विवाह सम्बन्धी कसूर, ज्यान सम्बन्धी कसूर, गर्भ संरक्षण विरुद्धको कसूर, कुटपिट सम्बन्धी कसूर, गैरकानूनी थुना सम्बन्धी कसूर, व्यक्ति वेपत्ता पार्ने सम्बन्धी कसूर, अपहरण तथा शरीर वन्धक सम्बन्धी कसूर, करणी सम्बन्धी कसूर, इलाज सम्बन्धी कसूर, चोरी तथा डाँका सम्बन्धी कसूर, ठगी आपराधिक विश्वासघात तथा आपराधिक लाभ सम्बन्धी कसूर, मुद्रा सम्बन्धी कसूर, टिकट सम्बन्धी कसूर, नापतौल सम्बन्धी कसूर, लिखत सम्बन्धी कसूर, आपराधिक प्रवेश तथा उपद्रव सम्बन्धी कसूर, चौपाया सम्बन्धी कसूर र भाग ३ मा गोपनीयता विरुद्धको कसूर र गाली बेइजती सम्बन्धी कसूरको व्यवस्था गरेर समग्र फौजदारी कसूरलाई नयाँ कलेवरमा एकीकृत गरिएको पाइन्छ । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) सम्बन्धी विधेयकमा सजाय सम्बन्धी सामान्य सिद्धान्त, जरिवाना सम्बन्धी व्यवस्था, सामुदायिक सेवा सम्बन्धी व्यवस्था, कैद सम्बन्धी व्यवस्था, क्षतिपूर्ति सम्बन्धी व्यवस्था र विविध व्यवस्था गरिएको पाइन्छ ।

**अभियोजन सम्बन्धी व्यवस्था**

हाम्रो फौजदारी कानून पुरातन अवस्थाको छ । यस अन्तर्गत रही गरिने अनुसन्धान, अभियोजन एवं फैसलाले नवीनतम् रूप धारण गर्न सक्तैन । परम्परागत अनुसन्धान पद्धति फौजदारी मुद्दाको कमजोर पक्ष हो भने पुरातनपन्थी अभियोजन प्रणाली फौजदारी मुद्दाको असफलताको कारण हो । अपराध अनुसन्धानको पद्धतिमा सुधार ल्याउन सकियो भने अभियोजन र फैसलाको स्तर स्वतः सुधारिन जान्छ । यसका लागि नयाँ कानूनको निर्माण, संशोधन र पुराना पद्धतिहरूमा परिवर्तन गरिनु पर्दछ ।

अभियोजित मुद्दामा अहिलेसम्मको प्राप्त सफलताको प्रतिशत :

जिल्ला तहमा : ८१.४९ %

पुनरावेदन तहमा - ५०.२२ %

सर्वोच्च तहमा - ४६.४०%

तीनै तहको सफलताको प्रतिशत ५९.३७ %

(त्यसमा सार्वजनिक मुद्दा समेत समाविष्ट छन् ।)

स्रोत :- म.न्या.का. को वार्षिक प्रतिवेदन २०६६/६७




अन्य देशको स्थिति हेर्दा :

जापान : ९९ %

अमेरिका - ९० %

सिंगापुर - ९९ %

बेलायत - ९६ %

भारत - ३०%

सफलताको उल्लेखित प्रतिशतलाई भारतबाहेक अन्य देशहरूसँग तुलना गर्दा सन्तोषजनक मात्र मान्न सकिन्छ, उत्साहप्रद भने अवस्य होइन् । उल्लेखित तथ्याङ्कबाट सार्वजनिक अपराधमाम प्राप्त सफलतालाई अलग गर्दा सफलताको प्रतिशत ५० को हाराहारीमा मात्र आउने हुन्छ । तसर्थ फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन पद्धतिमा शीघ्र सुधार आज अपरिहार्य भएको छ ।

फौजदारी कार्यविधि संहिताको परिच्छेद-३ मा अभियोजन तथा मुद्दाको दायरी सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । फौजदारी अपराध संहितामा उल्लेखित कसूरमध्ये फौजदारी कार्यविधि संहिताको अनुसूची १ र २ मा उल्लेखित मुद्दाहरू यस विषयसँग सम्बन्धित देखिन्छन् । अभियोजन सम्बन्धी समग्र व्यवस्थालाई हेर्दा अभियोजनको कार्य साविक बमोजिम सरकारी वकीलनै गर्ने र अभियोजन सम्बन्धी अन्य व्यवस्थाहरू पनि साविक बमोजिमकै रहेको पाइन्छ ।

सजाय कम गर्ने मागदाबी लिई अभियोगपत्र दायर गर्न सकिने भन्ने बेग्लै शीर्षकमा नयाँ व्यवस्था गरिएको देखिन्छ । हुनतः व्यवहारमा यसको प्रयोग हुँदै आएको थियो । यसले काममा अझ सुगमता ल्याउने आशा गर्न सकिन्छ । अभियोगपत्र संशोधन गर्ने नितान्त नयाँ व्यवस्थालाई स्वागतयोग्य मान्न सकिन्छ । त्यसैगरी साना-तिना मुद्दामा अभियोजन गर्नुनपर्ने व्यवस्थाले स-सना मुद्दामा राज्य अल्झिरहनु हुँदैन भन्ने कुरालाई आत्मासात गरेको देखिन्छ । अभियोजन सम्बन्धी अवधारणामा केही नवीनता थपिएको महसुस हुन्छ ।

अनुसूची १ र २ बाहेकका अनुसूची ३ का मुद्दाको दायरी उजुरी वा प्रतिवेदनको रूपमा नेपाल सरकार संवैधानिक निकाय, अदालत वा कुनै सार्वजनिक अधिकारीले गर्ने र अनुसूची ४ का मुद्दा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवालाले मुद्दा दायर गर्न सक्ने व्यवस्था गरिएको पाइन्छ ।

अभियोजन सम्बन्धी उल्लेखित नयाँ व्यवस्थाले फौजदारी मुद्दाको सफलता अहिले देखिएको स्थितिलाई सुधार गर्दै लैजाने अपेक्षा गर्न सकिन्छ ।

**(क) फौजदारी कार्यविधि संहिता, २०६७ मा**

- अभियोगपत्रमा खुलाउनु पर्ने कुराहरूको हकमा दफा ३२(१) को देहाय (ग) र (घ) मा उल्लेखित कुराहरू सबै मुद्दामा खुलाउन सकिने अवस्था हुँदैन । यसमा संभव भएसम्म भनी उल्लेख गर्नु पर्छ ।

- दफा ३४(१) बमोजिम कुनै खास किसिमका साना-तिना कसूरमा मुद्दा दायर गर्नु नपर्ने कुरा अभियोजनकर्तालाई लागेमा महान्यायाधिवक्ताको स्वीकृति लिनुपर्ने भन्ने व्यवस्था ब्यावहारिक नहुने हुँदा अभियोजन नगर्ने निर्णय गरेपछि निकासा लिने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।
- दफा ८ मा अनुसूची १ अन्तर्गतको कसूर भएको सूचना प्राप्त भएमा कम्तीमा प्रहरी नायब निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोक्ने, तोकिएका केही मुद्दामा प्रहरी निरिक्षकलाई अनुसन्धान अधिकारी तोक्ने व्यवस्था गरिएको पाइन्छ । यसका साथै संगठित रूपमा गरिने अपराधको अनुसन्धानको लागि प्रहरी नायब उपरीक्षक दर्जाको कर्मचारीले तोक्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ ।
- दफा ९(२) मा रहेको कुनै पनि ब्यक्तिलाई कसूरको अनुसन्धानको सिलसिलामा पक्राउ गर्नुपर्ने भएमा पक्राउ पुर्जी जारी गर्ने अनुमतिका लागि मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिने व्यवस्थाले अनुसन्धानमा ढिलाई हुने मात्र होइन अनुसन्धान अधिकारीले आदेश पर्खेर वस्नुपर्ने अवस्था आईपर्छ । पक्राउ गरेर ल्याएपछि हिरासतमा राख्न मात्र मुद्दा हेर्ने अधिकारीको अनुमति लिने व्यवस्था गरिनु राम्रो हुन्छ ।
- दफा ११(१) मा जाहेरवाला समेत वुझ्दा जाहेर भ्रमपूर्ण देखिएमा तामेलीमा राख्न सकिने भन्ने छ । यो व्यवस्था पीडित ब्यक्ति जाहेरवाला नभएको अवस्थामा मात्र संभव हुन्छ ।
- दफा ११(२) मा तत्काल अनुसन्धान गर्न मनासिव आधार नदेखिँदा मनासिव कारण खुलाई भन्ने शब्द पछि हदम्याद लाई ध्यानमा राखी भन्ने शब्द राखिन उपयुक्त देखिन्छ ।
- दफा ३४(४) मा कसूरको बिगोको सट्टा वरामद बिगो भनिनु उचित देखिन्छ ।
- दफा १२३ मा गरिएको व्यवस्था सबै मुद्दामा संभव हुंदैन, अभियुक्त चुक्ता भएको मुद्दामा मात्र गर्न सकिन्छ ।
- दफा १२४ को पुर्पक्ष अघि वादी प्रतिवादीको बैठक गराउने व्यवस्था गर्दा मुद्दाको कारवाही अनावश्यक लम्बिन जाने, मुद्दाको कारवाही प्रभावित हुनसक्ने अवस्था आईपर्छ, वादी प्रतिवादी वा कानून ब्यवसायीले बहसकै दौरानमा पेश गरेको प्रमाण वा लिएको बहस जिकिरका आधारमा अदालतले ठहर गर्नुपर्ने कुरा यकिन गर्ने व्यवस्था गरिनु पर्छ ।
- दफा १३१ मा प्रमाण बुझ्ने कार्य समाप्त भएको मितिले एक महिनाभित्र फैसला गर्नुपर्ने, सो समयभित्र फैसला गर्न नसकिएमा पुनरावेदन अदालतमा जाहेर गर्नुपर्ने व्यवस्था विद्यमान मुलुकी ऐनको अ.व. १४ र १५ मा नं. पनि छ । सो को कार्यान्वयन नभईरहेको अवस्थामा एक महिनाको म्यादलाई बढाउनु पर्ने देखिन्छ ।
- दफा १३४ मा पुनरावेदनको ३० दिने म्याद पर्याप्त नहुँदा ७० दिन नै राखिनु पर्छ । मुद्दा सुनुवाइ हुँदा सरकारी वकील उपस्थित भएकोमा सोही दिनलाई थाहा पाएको मिति कायम गर्ने व्यवस्थाले सरकारी वकीललाई नै पक्ष कायम गर्न खोजेको देखिन्छ । फैसलाको जनाउ नआएसम्म केका आधारमा पुनरावेदन गर्ने हो ? त्यसैले सरकारी वकील कार्यालयले फैसलाको जानकारी प्राप्त गरेपछि मात्र म्याद कायम गर्ने व्यवस्था हुनुपर्छ ।

**(ख) अपराध संहिता २०६७ मा**

१. दफा ३२, ३३ र ३४ मा आपराधिक षड्यन्त्र गर्नेलाई मतियार र दुरुत्साहन गर्नेलाई पनि अपराध भई सकेको भए मूल कारणी सरहनै सजाय गर्ने व्यवस्था भएको पाइन्छ । वारदात स्थलमा मौजूद रही प्रत्यक्ष कसूर गर्ने र कसूरमा प्रत्यक्ष संलग्न नहुने ब्यक्तिका बीचमा विभेद गरिनु पर्छ । Means rea सहितको Actus हुनु र Means rea मात्र हुनु पृथक पृथक कुरा हुन । मूलतः कसूरको मात्रा अनुसारको सजाय गरिनुनै वाञ्छनीय हुन्छ ।

२. षड्यन्त्रकारी, मतियार र दुरुत्साहन गर्नेलाई सजाय गर्ने व्यवस्था बेग्लै राखिनु भन्दा सम्बन्धित परिच्छेदमा राखिनु नै ब्यावहारिक हुन्छ ।

३. दफा १०१ मा रहेको बदनियतपूर्वक अनुसन्धान गर्ने वा अभियोजन गर्नेलाई कैद गर्ने व्यवस्थाको सट्टा बदनियत प्रमाणित भएमा जरिवाना मात्र गर्ने व्यवस्था गरिनुपर्छ । प्रतिवादीको सफाई बदनियतको आधार बन्न गयो भने यसले समग्र फौजदारी न्याय प्रणालीमानै असर पार्दछ ।

४. दफा १७६(२) मा रहेको विवाहमा लेनदेन गरेकामा तीन वर्ष कैद हुने व्यवस्था हटाई जरिवाना मात्र गर्ने व्यवस्था गरिनुपर्छ । यसमा देवानी दायित्व सिर्जना हुन सक्छ । फौजदारी दायित्व सिर्जना हुन सक्तैन । त्यसैले कैदको व्यवस्था हटाइनु पर्छ ।

५. दफा १८५(२) मा ज्यान मार्ने उद्योगमा हुने सजायमा दस वर्षसम्म कैद र एक लाखसम्म जरिवाना हुने व्यवस्था भन्दा कम्तीमा पाँच वर्षदेखि दस वर्षसम्म कैद र पचास हजारदेखि एक लाखसम्म जरिवाना हुने र घाइतेको उपचार खर्च क्षतिपूर्ति वापत ब्यहोर्नुपर्ने व्यवस्था गरिनु उपर्युक्त हुन्छ ।

६. ज्यान सम्बन्धी कसूरको प्रावधान अर्न्तगत आत्महत्या गर्न उक्साउनेलाई सजाय गर्ने व्यवस्था नयाँ देखिन्छ । आत्महत्या प्रायः गर्ने ब्यक्तिले स्वेच्छाले गर्ने आपराधिक कार्य हो । यो कार्य सम्पन्न हुँदा अपराध गर्ने ब्यक्ति पनि मर्ने हुँदा निजलाई कुनै सजाय हुँदैन । तर ब्यक्ति नमरेको खण्डमा निजलाई आत्महत्याको प्रयास गरेतर्फ सजाय गर्ने व्यवस्था नगरी आत्महत्याको दुरुत्साहन गर्नेलाई मात्रै सजाय गर्ने व्यवस्था न्यायोचित हुँदैन । मूल कारिणीलाई सजाय गरेपछि मात्र मतियार वा अन्यलाई सजाय गर्नुपर्छ र यो सजाय पनि Nominal गर्नुपर्छ ।

७. दफा १९४ मा अंगभंगमा हुने सजाय गोश्वारा रूपमा राखिएको पाइन्छ । प्रत्येक अंगको महत्व जसरी फरक हुन्छ त्यसैगरी त्यससँग सम्बन्धित कसूरको स्थिति पनि फरक हुन्छ । एउटै मात्र अंगभंग हुनु र एक भन्दा वढी अंग मध्ये एक मात्र भंग हुनु पृथक कुरा हो । यसर्थ प्रत्येक अंगभंगलाई बेग्लै कसूर कायम गरी कसूर अनुसार सजाय गर्ने व्यवस्था गरिनुपर्छ ।

८. जबरजस्ती करणी उद्योग वापत गरिने सजाय करणी सम्बन्धी परिच्छेदबाट नभई दफा ३३ अन्तर्गत गर्ने व्यवस्था अमिल्दो देखिन्छ । सम्बन्धित परिच्छेदमा नै राख्नु उचित देखिन्छ ।

९. चोरी तथा डाँका सम्बन्धी कसूर अर्न्तगत साधारण चोरी, नकवजनी र डाँकालाई मात्र समावेश गरेको देखिन्छ । रहजनी र जबरजस्ती चोरीका घटनाहरू बढिरहेको सन्दर्भमा यी दुई प्रकारका चोरीलाई पनि समावेश गरिनुपर्ने देखिन्छ ।

१०. ठगीको कसूरमा पीडित ब्यक्तिलाई बिगो भराउने व्यवस्था भएको पाइएन, यो व्यवस्था नहुँदा ठगिने ब्यक्ति स्वतः अन्यायमा पर्ने देखिन्छ ।

११. गाली बेइज्जतीलाई फौजदारीको कसूरको दायराबाट हटाउनु उपयुक्त हुन्छ ।

१२. सजाय निर्धारण गर्दा न्यायाधीशलाई स्वविवेकीय अधिकार बढीनै दिइएको पाइयो । ब्यवहारमा अहिले पनि स्वविवेकीय अधिकारको प्रयोग युक्तियुक्त तवरले नभएको देखिइरहेको अवस्थामा स्वविवेकलाई धेरै स्वच्छन्द बनाउनु भन्दा त्यसलाई युक्तियुक्त बनाउनु आवश्यक देखिन्छ ।

## (ग) फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) विधेयक २०६७ मा

१. दफा ८ मा रहेको कसूरदार ठहर भएपछि सजाय निर्धारण गर्ने कार्य राम्रो हो । तर ३० दिनभित्र सजाय निर्धारण गर्ने व्यवस्थाले अनावश्यक मुद्दा लम्बिने र सजाय निर्धारण गर्ने कुरामा चलखेल हुने संभावना हुँदा कसूर ठहर गरेपछि सजाय निर्धारण तुरुन्तै हुने व्यवस्था गरिनुपर्छ । यसले फैसला लेखन कार्यमा पनि मद्दत पुग्छ ।

२. थुनुवा, कैदी, नाबालक र महिलाहरूलाई बेग्लाबेग्लै रूपमा राख्ने व्यवस्था कारागार वर्गीकरण गरेर गरिनुपर्छ ।

३. कैद वापत श्रममा लगाउँदा आन्तरिक वा वाह्य कस्तो काममा लगाउने हो ? त्यो स्पष्ट हुनुपर्छ । वाह्य काममा लगाउँदा सुरक्षाको व्यवस्था कसरी मिलाउने हो त्यो उल्लेख हुनुपर्छ ।

४. सुधारगृह तथा पुनर्स्थापना केन्द्रको पर्याप्त व्यवस्था नगरी ऐनमा ती ठाउँमा पठाउन सकिने भनी उल्लेख गरिएको व्यवस्था कागजी मात्र हुने हुन्छ ।

५. एक वर्ष भन्दा कम कैदको सजाय हुने पहिलो पटकको कसूरदारका हकमा गंभीर र जघन्य मुद्दामा बाहेक अदालतले कैदको सजायलाई निलम्बन गर्न सक्ने व्यवस्थालाई नयाँ व्यवस्थाको रूपमा लिन सकिन्छ ।

## (ख) भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि, यसको कार्यान्वयनमा सरकारी वकीलको भूमिका, चुनौती र कानूनमा परिमार्जन र सुधार

**- सह न्यायाधिवक्ता श्री महेश शर्मा पौडेल**

**महान्यायाधिवक्ताको कार्यालय**

### १ विषय प्रवेश

भ्रष्टाचार समकालीन विश्वको गंभीर प्रजातान्त्रिक चुनौती हो। भ्रष्टाचारका कारण सामाजिक स्थायित्व र सुरक्षामा गंभीर समस्या र चुनौती उत्पन्न हुन्छ। यो प्रजातान्त्रिक र नैतिक मूल्य प्रतिकूल हुन्छ। भ्रष्टाचारले न्यायप्रति उपेक्षा गराउँछ, दिगो विकास, कानूनको शासन तथा राज्यहरूको राजनीतिक स्थायित्व माथि कुठाराघात समेत गर्दछ ।

भ्रष्टाचार विश्वब्यापी समस्या हो । यो सर्वब्यापक छ । भ्रष्टाचार कुनै एक क्षेत्र वा मुलुकमा मात्र सीमित हुँदैन, न त यो कुनै जात, रंग वा वर्ण विशेषमा निहित हुन्छ । विश्वब्यापीकरण र ब्यापारिक गतिविधिको विस्तारले यसलाई बहुराष्ट्रिय गतिविधि बनाएको छ। भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिको प्रस्तावनामा भ्रष्टाचार अब स्थानीय समस्यामात्र नभई अन्तरराज्यीय क्रियाकलाप भई त्यसले सबै समाज एवं अर्थ व्यवस्थाहरूलाई प्रभावित गर्ने र त्यसको रोकथाम तथा नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने कुरा उल्लेख भएबाट यो समस्या विश्वब्यापी भएको तथ्य थप पुष्टि हुन्छ। भ्रष्टाचारको समस्याबाट अछूतो राष्ट्र पाउन कठिन छ। बिकाशोन्मुख मात्र होइन बिकसित राष्ट्र पनि यो समस्याबाट आक्रान्त छन्। विश्वब्यापी रूपमा फैलिएको यो समस्याबाट मुक्ति पाउन विश्वब्यापी सहयोग, प्रयास र संरचनाको आवश्यकता भएकाले नब्बेको दशकदेखि भ्रष्टाचार नियन्त्रणको विषय विश्वब्यापी चासो र चिन्ताको विषय बन्यो। फलतः कतिपय विश्वब्यापी र क्षेत्रीय महासन्धि समेत तर्जुमा भए । यसक्रममा United Nations Convention Against Corruption (UNCAC) 2003 भ्रष्टाचार नियन्त्रणसँग सम्बन्धित विशेष र ब्यापक महासन्धि हो ।

यो महासन्धि संयुक्त राष्ट्रसंघको महासभाले ३१ अक्टोबर, २००३ मा प्रस्ताव नं ५८।४ द्वारा स्वीकार गरेको थियो[1] र महासन्धि हस्ताक्षरका लागि सन् २००३ डिसेम्बर ९ देखि ११ सम्म मेक्सिकोको मेरिडा र तदुपरान्त सन् २००५ को डिसेम्बर ९ सम्म संयुक्त राष्ट्रसंघको मुख्यालय न्युयोर्कमा खुला गरेको थियो। ३० वटा मुलुकले सन्धिको अनुमोदन गरेपछि १४ डिसेम्बर, २००५ मा सन्धि प्रारम्भ भएको थियो। १४० मुलुकले हस्ताक्षर गरेको यो महासन्धिको अनुमोदन, सम्मिलन, समर्थन र स्वीकृति गर्ने सदस्य भने १५२[2] मुलुक भएका छन्। हस्ताक्षर गरेका कतिपय मुलुकले यद्यपि अनुमोदन गरेका छैनन्। नेपालले पनि मिति १० डिसेम्बर २००३ मा हस्ताक्षर गरेको भएपनि हस्ताक्षर गरेको आठ बर्ष पछि फेब्रुअरी २४,२०११ मा मात्र अनुमोदन गरेको छ। नेपालले अनुमोदन गरेपछि यो महासन्धिको पक्ष बनेको छ। पक्षराष्ट्रको महासन्धिलाई कार्यान्वयन गर्ने दायित्व हुन्छ। अतः भ्रष्टाचार लाई प्रभावकारी नियन्त्रण गर्न र महासन्धिप्रतिको दायित्व निर्वाह गर्ने क्रममा कुनै पनि बहानामा भाग्न पाइदैन । यो महासन्धिको प्रभावकारी कार्यान्वयनका लागि नीतिगत, कानूनी र संस्थागत पूर्वाधारहरूको आवश्यकता पर्दछ। प्रस्तुत लेखमा महासन्धिको परिचय र मुख्य व्यवस्था नेपालमा महासन्धि कार्यान्वयनका लागि कानूनी पूर्वाधारहरूको विश्लेषण र आवश्यक कानूनको तर्जुमा तथा संशोधन सम्बन्धमा चर्चा गर्ने प्रयास गरिएको छ।

### २ महासन्धिले गरेका मुख्य व्यवस्थाहरू

भ्रष्टाचार नियन्त्रण गर्न कुनै एक उपायमात्र पर्याप्त हुदैन । महासन्धिले यसै तथ्यलाई मनन गरी भ्रष्टाचार नियन्त्रण गर्न निवारणात्मक, उपायहरूको साथसाथै निश्चित कार्यहरूलाई अपराधीकरण गर्ने, कानूनी ब्यक्तिलाई

1 *http://en.wikipedia.org/wiki/ United Nations Convention against Corruption* , watched on june 3, 2011

2 *http://www.unodc.org/unodc/en/treaties/CAC/signatories.html,* २०६८ जेठ २० गते सम्म

पनि आपराधिक दायित्व सिर्जना गर्ने तथा अन्तर्राष्ट्रिय सहकार्य समेतका विभिन्न उपायहरूको व्यवस्था गरेको छ ।[3] भ्रष्टाचारको प्रभावकारी रोकथाम गर्न र त्यसको प्रतिरोध गर्नका लागि क्षमता वृद्धि एवं संस्थागत बिकास लगायत राज्यहरूको कार्यक्षमता अभिवृद्धि गर्न प्राविधिक सहायता प्राप्त भएमा त्यसले महत्वपूर्ण भूमिका निर्वाह गर्नसक्ने कुरातर्फ महासन्धि सचेष्ट रहेको छ । महासन्धिले गरेका मुख्य व्यवस्थाहरू सारमा देहाय बमोजिम छन् :

## २.१ निवारणात्मक व्यवस्था

भ्रष्टाचार भएपछि कारवाही गर्नुभन्दा भ्रष्टाचारनै हुन नदिने अबस्था सिर्जना गर्नुपर्ने कुरालाई महासन्धिले जोड दिएको छ । फलतः महासन्धिमा भ्रष्टाचार नियन्त्रणका विभिन्न निरोधात्मक उपायहरू व्यवस्था गरिएका छन् । यो महासन्धिले सार्वजनिक र निजी दुवै क्षेत्रमा भ्रष्टाचार विरुद्ध निवाराणात्मक उपाय अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको छ ।[4]

## २.२ अपराध वा कसूर कायम गर्नुपर्ने व्यवस्था

भ्रष्टाचारको स्वरूप र प्रकृतिमा विविधता रहेको तथा यसको क्षेत्रसमेत ब्यापक भएकाले यसको नियन्त्रण गर्ने कार्य जटिल र चुनौतीपूर्ण छ । यसका लागि के कस्ता कार्य भ्रष्टाचार हुन भनी कानूनद्वारा परिभाषित गरी त्यस्ता भ्रष्टाचारजन्य कार्यलाई कानूनन् फौजदारी कसूर कायम गर्नुपर्ने कुरामा महासन्धिले जोड दिएको छ । महासन्धिले केही कार्यलाई अपराधीकरण गर्नुपर्ने वाध्यात्मक व्यवस्था गरेको छ भने कुनै कार्यलाई आफ्नो मुलुकको आवश्यकताको आधारमा अपराधीकरण गर्न राज्य पक्षहरूलाई अभिप्रेरित पनि गरेको छ ।[5]

## २.३ कानूनको कार्यान्वयन

भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनको निर्माण गर्दा भ्रष्टाचार गंभीर अपराध भएको तथ्य र यो अपराधको प्रकृति मध्यनजर राखी अपराधीकरण गर्ने कार्यलाई सहयोग पुऱ्याउन कार्यान्वयनजन्य कार्यविधिगत व्यवस्था समेत महासन्धिले गरेको छ ।[6]

## २.४ अन्तर्राष्ट्रिय सहयोग सम्बन्धी व्यबस्था

भ्रष्टाचारको कुनै राष्ट्रिय सीमाना हुँदैन । त्यसैले भ्रष्टाचार नियन्त्रणको लागि अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य छ । भ्रष्टाचार स्थानीय समस्यामात्र नभई अन्तरराज्यीय क्रियाकलाप भई त्यसले सबै समाज एवं अर्थ व्यवस्थाहरूलाई प्रभावित गर्ने र त्यसको रोकथाम तथा नियन्त्रणका लागि अन्तर्राष्ट्रिय सहयोग आवश्यक पर्ने कुरामा राज्यहरूबीच सहमति भई यो महासन्धि आएको कुरा प्रस्तावनामा प्रस्ट रूपमा उल्लेख गरिएको छ ।[7]

## २.५ भ्रष्टाचारजन्य सम्पत्ति फिर्ता सम्बन्धी व्यवस्था

गैरकानूनी रूपमा आर्जित सम्पतिलाई अन्तर्राष्ट्रिय रूपमा एकबाट अर्को देशमा सार्ने कुरालाई अझ प्रभावकारी तरिकाबाट रोकथाम गर्ने, पत्ता लगाउने र दुरुत्साहित गर्ने र उत्पत्तिको मुलुकमा सम्पति फिर्ता गराउने कार्यमा अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने समेत महासन्धिले व्यवस्था गरेको छ । सम्पति फिर्ता गर्ने कार्य यस सन्धिको आधारभूत सिद्धान्त हो भन्दै यस सम्बन्धमा राज्यपक्षले एकअर्कालाई अधिकाधिक मात्रामा सहयोग उपलब्ध गराउनुपर्ने व्यवस्था छ ।[8]

---

3 UNODC, ***Global Action against Corruption*** **,** The Merida Papers, 2004 at 4

4 UNODC, **COMPENDIUM OF INTERNATIONAL LEGAL INSTRUMENTS ON CORRUPTION ,Second edition**, 2005,at 1)

5 (*http://en.wikipedia.org/wiki/*) watched on june 3, 2011

6 The Government of Bangladesh, *UNCAC, A Bangladesh compliance and Gap analysisis*,2008 at,11

7 (Highlights of the UN Convention against Corruption *http://www.unodc.org/unodc/en/treaties/cac/convention-highlight.html)* watched on june 3, 2011

8 GTZ, *Asset Recovary- a Breakthrough by UNCAC* www.gtz.de/en) watched on june 3, 2011

### २.६ प्राविधिक सहायता र सूचना आदान प्रदान

महासन्धिले गरेका व्यवस्थाहरू कार्यान्वयन गर्न आवश्यक पर्ने प्राविधिक सहायता सम्वन्धी विषय र सूचना आदानप्रदान गर्ने व्यबस्था पनि महासन्धिले गरेको छ ।

### २.७ महासन्धिको कार्यान्वयनका व्यवस्था

महासन्धिले महासन्धिको कार्यान्वयनमा राज्यलाईनै जिम्मेवारी सुम्पेको छ ।

### ३ नेपालमा महासन्धि कार्यान्वयनका आवश्यक नयाँ कानूनहरू

महासन्धिको भावना र व्यवस्था समेट्ने गरी पूर्ण कार्यान्वयनका लागि हामीकहाँ कतिपय कानूनी संयन्त्रको अभाव रहेको छ । यी कानूनको अभावमा महासन्धि कार्यान्वयन असहज मात्र होइन् असंभव समेत हुन्छ । अतः यस प्रसंगमा देहायका विषयमा नयाँ कानून आवश्यक छन् ।[9]

### ३.१ निजी क्षेत्रबाट हुने भ्रष्टाचार नियन्त्रण गर्ने सम्वन्धी

नेपालमा निजी क्षेत्रमा पनि भ्रष्टाचार हुन्छ भन्ने कुरालाई आमरूपमा आत्मसात गरेको पाइदैन । फलत भ्रष्टाचार सार्वजनिक क्षेत्रमा मात्र ब्याप्त छ भन्ने आमधारणा पाइन्छ । निजी क्षेत्रको भ्रष्टाचार नियन्त्रण सम्बन्धी कानूनको अभाव छ । भ्रष्टाचार सम्बन्धी प्रचलित नेपाल कानूनले सार्वजनिक क्षेत्र र सार्वजनिक क्षेत्रसँग सम्बन्धित रहेका आपूर्ति पक्ष (supply side) निजी क्षेत्र भएको हदसम्म कसूरको व्यवस्था गरेको भएपनि निजी क्षेत्रमात्र पक्ष रहेको अर्थात माग पक्ष र आपूर्ति पक्ष दुवै निजी क्षेत्र (Private - Private) भएको भ्रष्टाचारमा कसूर कायम गरेको छैन । निजी क्षेत्रको भ्रष्टाचार निवारण सम्बन्धी कानून महासन्धि कार्यान्वयनका लागि अति जरुरी छ ।

### ३.२ साक्षी, सुराकी, पीडित र बिशेषज्ञहरूको संरक्षण सम्वन्धी

यो महासन्धिले प्रत्येक राज्य पक्षले आफ्नो मुलुकको कानून प्रणाली अनुरूप र आफ्ना साधनको सीमाभित्र रही यो महासन्धिद्वारा स्थापित कसूरका सम्बन्धमा साक्षी परीक्षण प्रदान गर्ने, साक्षी र विशेषज्ञ एवं उपयुक्तता अनुरूप उनीहरूका नातेदार र अन्य निकटस्थ व्यक्तिहरूलाई संभावित दुर्व्यवहार वा त्रासबाट प्रभावकारी सुरक्षा प्रदान गर्न समुचित उपायहरू अवलम्बन गर्नुपर्ने लगायतका साक्षी, सुराकी र पीडितको सुरक्षा सम्बन्धी व्यवस्था गरेको छ । तर नेपालमा हालसम्म पनि साक्षीको सुरक्षा सम्बन्धी कानून बन्न सकेको छैन । यसैले अन्य अपराधहरूमा जसरी साक्षीको संरक्षणको व्यवस्था हुन सकेको छैन, त्यसरीनै भ्रष्टाचार मुद्दामा पनि साक्षीहरूको संरक्षणको प्रश्न कानूनद्वारा संबोधन हुन नसकेको अवस्था छ । नेपाल कानून आयोगद्वारा यसको तर्जुमाका लागि मस्यौदा भएको भएपनि बिधायिकी प्रक्रियामा पुग्न सकेको छैन । नगण्य रूपमा केही कानूनमा साक्षीको संरक्षणसँग केही सान्दर्भिक व्यवस्थाहरू छरिएर रहेका छन् ।

नेपालमा साक्षी संरक्षणको पक्ष ओझेलमा परेको छ । न्याय प्रणालीमा साक्षी अति महत्वपूर्ण भएपनि यिनीहरूको सुरक्षाको विषय उपेक्षित बनेको छ । त्यसैले अनुसन्धानका क्रममा कागज गर्ने साक्षीहरू अदालतमा बकपत्र गर्न अनुपस्थित हुने क्रम बढेको छ । लेखकले कार्यसम्पादनका क्रममा केही मिसिलहरूमा[10] गरेको अनुसन्धान अनुसार ६५ प्रतिशत साक्षीको अदालतमा बकपत्र हुन नसकेको देखिएको छ । यसमा बिभिन्न कारण हुन सक्छन् । ती कारणमध्ये साक्षीको सुरक्षा एक प्रमुख कारण रहेको यथार्थता इन्कार्न सकिदैन । केही छरिएका कानूनी व्यवस्था बाहेक साक्षी संरक्षणका दिशामा खासै योजना, कार्यक्रम र नीति तर्जुमा हुन सकेको छैन । भएका नगण्य कानूनको पनि कार्यान्वयन हुन सकेको छैन । विश्वब्यापीकरणले अवसरका साथै अपराधको बढोत्तरी भै अपराध नियन्त्रणमा

---

9 महासन्धि कार्यान्वयनका लागि आवश्यक कानुनको तर्जुमा र परिमार्जन गर्ने सम्बन्धमा Legislatve Guide for the implementation of the united nation convention को अध्ययन फलदायी हुन्छ । यसका लागि हेर्नुहोस् *http://www.unodc.org/pdf/corruption/coc_legislativeguid.pdfe*

10 पुनराबेदन सरकारी वकील कार्यालयबाट प्राप्त पुनराबेदन तथा दोहऱ्याउने सम्बन्धमा निकासाका लागि प्राप्त केही फाइलहरूमा कार्यसम्पादन गर्दा पाइएको तथ्याकंका आधारमा

थप चुनौती पनि ल्याएको छ। यस सन्दर्भमा साक्षी संरक्षणको विषयमा अल्पकालीन र दिर्घकालीन योजना, तदनुरूप कानून र कार्यक्रम तर्जुमा र कार्यानवयन गर्न बिलम्ब गर्नु हुदैन ।

## ३.३ पारस्परिक कानूनी सहायता सम्बन्धी

महासन्धिले राज्य पक्षहरूले यस महासन्धिमा व्यवस्था गरिएका कसूरहरूसँग सम्बन्धित अनुसन्धान, अभियोजन र न्यायिक कारवाहीमा यथासम्भव उदार रूपमा एक आपसमा पारस्परिक कानूनी सहायता प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । यसैगरी अनुरोधकर्ता राज्यमा कानूनी व्यक्तिलाई उत्तरदायी बनाउन सक्ने गरी त्यस्तो कसूरको अनुसन्धान, अभियोजन र न्यायिक कारवाहीमा अनुरोध गरिने राज्यका सम्बद्ध कानून, सन्धि, संझौता र प्रबन्ध अन्तर्गत संभव भएसम्म व्यापक रूपमा पारस्परिक कानूनी सहायता प्रदान गरिने गरी महासन्धिले दिशानिर्देश गरेको छ। यसरी कानूनी सहायता प्रदान के कसरी गर्ने, कस्तो प्रक्रिया अपनाउने, के कस्तो अवस्थामा के कसको अनुरोधमा कानूनी सहायता माग भएमा के कसरी दिने वा आफूले अरु मुलुकसँग माग गर्दा कसरी माग गर्ने जस्ता तमाम कार्यविधिको व्यवस्था गर्नु आवश्यक हुन्छ । यस्तो व्यवस्था कानूनद्वारानै गर्नु पर्ने हुन्छ । पारस्पारिक कानूनी सहायता सम्बन्धी कानून हाल व्यवस्थापिका-संसदमा विचाराधीन भएपनि पारित भइसकेको छैन । पारस्पारिक कानूनी सहायता सम्बन्धी कानून निर्माण गर्दा महासन्धि कार्यान्वयनका सन्दर्भमा अरु कुराका अतिरिक्त पारस्परिक कानूनी सहायता प्रदान गर्दा देहायका कुनै उद्देश्यका लागि गर्ने व्यवस्था हुनु आवश्यक देखिन्छ ।

- व्यक्तिबाट प्रमाण वा बयान लिनका लागि
- लिखतहरू तामेल गराउनका लागि
- खानतलासी, बरामदी र रोक्का राख्ने कार्य कार्यान्वित गर्नका लागि
- बस्तु र स्थानको जाँचका लागि
- सूचना, प्रमाणजन्य वस्तु र विशेषज्ञको मूल्याङ्कन प्रदान गर्नका लागि
- सरकारी, बैंक, वित्तीय, संस्थानजन्य वा व्यावसायिक अभिलेख लगायत सम्बद्ध लिखत र अभिलेखका मूल वा प्रमाणित प्रति प्रदान गर्नका लागि
- अपराधको उपज सम्पति, अन्य माध्यमहरू वा प्रमाणजन्य उद्देश्यका लागि अन्य चिज वस्तुहरूको पहिचान गर्ने वा पत्ता लगाउने कार्य गर्नका लागि
- अनुरोधकर्ता राज्यमा व्यक्तिहरूको स्वैच्छिक उपस्थितिलाई सुविधाजनक बनाउनका लागि
- अनुरोध गरिने राज्यको आफ्नो मुलुकको कानूनको प्रतिकूल नहुने अन्य कुनै पनि सहयोगका लागि
- अपराधको उपजको पहिचान, रोक्का र पत्ता लगाउने कार्य गर्नका लागि
- सम्पति फिर्ताका लागि

बैंक गोप्यताको आधारमा यस धारा बमोजिमको पारस्परिक कानूनी सहायता प्रदान गर्न इन्कार नगरिने लगायत के कुन अवस्थामा कानूनी सहायता प्रदान गर्न सकिने र के कुन अवस्थामा इन्कार गर्न सकिने भन्ने महासन्धिले विस्तृत व्यवस्था गरेको छ । त्यसै आधारमा पारस्परिक कानूनी सहायता सम्बन्धी कानून बनाउन जरुरी भएको छ। यसका साथै विश्वब्यापीकरणको सन्दर्भमा पनि यो कानून अति जरुरी भएको छ ।

पारस्परिक कानूनी सहायता सम्बन्धी अनुरोधहरू ग्रहण गर्ने र ती अनुरोधलाई कार्यान्वित गर्ने वा कार्यान्वयन गर्ने सक्षम निकायमा पठाउने उत्तरदायित्व र अधिकार भएको एउटा केन्द्रीय निकायको आवश्यकता पर्दछ। त्यस्तो निकाय पनि प्रस्तुत ऐनद्वारा व्यवस्था गरिनु पर्छ। थाइलैण्ड लगायतका कतिपय मुलुकमा यस्तो केन्द्रीय निकायको रूपमा महान्यायाधिवक्तालाई तोकको देखिन्छ। हामीकहाँ पनि महान्यायाधिवक्तालाई यस्तो केन्द्रीय निकायको रूपमा तोक्न उपयुक्त देखिन्छ ।

### ३.४ कानूनी व्यक्तिको दायित्व स्थापित गर्ने सम्बन्धी

कानूनी ब्यक्तिलाई पनि फौजदारी कसूरको दायित्व वहन गराउने गरी भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि २००३ ले मार्गदर्शन गरेको र भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय फौजदारी न्याय प्रणाली अहिले परम्परागत रूपमा प्राकृतिक ब्यक्तिलाई मात्र सजाय गर्ने परम्पराभन्दा अघि बढी कानूनी ब्यक्तिलाई पनि जिम्मेवार बनाउने गरी विकसित भइरहेको छ । कानूनी ब्यक्तिलाई जरिवाना तथा आवश्यकतानुसार सार्वजनिक लाभ र सहयोग पाउने अधिकारबाट वन्चित गर्ने, ब्यापारिक क्रियाकलापहरूको अभ्यास गर्नबाट स्थायी वा अस्थायी रूपमा असक्षम गराउने, न्यायिक winding up आदेश जारी गर्ने जस्ता कानूनी व्यवस्था गर्न सकिन्छ । यस्तो कानूनी व्यवस्था निजी क्षेत्रको भ्रष्टाचार निवारण कानूनमा राख्न सकिन्छ ।

### ३.५ सम्पत्ति फिर्ता गर्ने सम्बन्धी

एक देशमा भ्रष्टाचार गरी आर्जित सम्पति अर्को देशमा राखिएकोमा त्यस्तो सम्पति उत्पत्तिको मुलुकमा फिर्ता गर्न राज्यहरूबीच सहयोग गर्ने सम्बन्धी विविध व्यवस्थाहरू महासन्धिले गरेको छ । सम्पत्ति फिर्ता गर्ने कार्य यस महासन्धिको आधारभूत सिद्धान्त हो भनी महासन्धिले स्पस्ट रूपमा अभिब्यक्त पनि गरेको छ । सम्पति फिर्ता गर्ने सम्बन्धमा सदस्य राज्यहरूले देहाय बमोजिमका सहयोग गर्नु पर्ने व्यवस्था महासन्धिले गरेको छ :

- भ्रष्टाचारजन्य अपराधबाट भएको आर्जनको रोकथाम तथा खोजपड्ताल,
- सम्पत्तिको प्रत्यक्ष रूपमा फिर्ता गर्ने सम्बन्धी व्यवस्था,
- जफतको सम्वन्धमा अन्तर्राष्ट्रिय सहयोग मार्फत सम्पत्ति फिर्ता सम्बन्धी संयन्त्र,
- जफत सम्वन्धी उद्देश्यका लागि अन्तर्राष्ट्रिय सहयोग,
- आपराधिक कार्यको सूचना दिने सम्बन्धी विशेष सहयोग,
- जफत गरेको सम्पत्तिको फिर्ता र बन्दोबस्ती,
- भ्रष्टाचारजन्य सम्पत्तिको स्थानान्तरणलाई नियन्त्रित र प्रतिरोध गर्न वित्तीय निगरानी इकाईको स्थापना ।

नेपालमा सम्पति फिर्ता सम्बन्धमा कानूनी व्यवस्था गरेको पाइदैन । माथि उल्लेखित विषयबस्तुलाई समेट्ने गरी महासन्धिले दिशानिर्देश गरे अनुरूप कानून तर्जुमा अति जरुरी छ । यस्तो व्यवस्था अपराधको विश्वब्यापीकरण भएको अहिलेको सन्दर्भमा अरु अपराधहरू नियन्त्रण गर्न पनि आवश्यक देखिएको छ । विभिन्न मुलुकमा यस्तो कानून रहेको छ । उदाहरणको रूपमा स्वीट्जरलैण्डको कानूनी व्यवस्थालाई लिन सकिन्छ । यो देश अन्तर्राष्ट्रिय आर्थिक केन्द्र भएकाले अन्य मुलुकका नागरिकले गैरकानूनी सम्पति राख्ने गरेका कारण स्वीस सरकारले त्यस्तो सम्पति पत्ता लगाउने, रोक्ने र फिर्ता गर्ने ब्यापक कानून निर्माण गरेको छ । स्वीट्जरलैण्डले बिगत २० बर्षमा १.६ विलियन अमेरिकी डलर भन्दा बढी फिर्ता गरेको छ, त्यति अरु मुलुकले गरेका छैनन् । स्वीस बैंक कानूनले आपराधिक आर्जनको सम्पतिमा गोप्यताको प्रत्याभूति गरेको छैन । कतिपय केसमा फेडरल सरकारले उत्पत्तिको राष्ट्रमा फिर्ता पठाउने प्रयोजनार्थ सम्पत्ति रोक्का राख्न सक्छ ।[11] अर्को उदाहरण हङकङको कानूनी व्यवस्थालाई पनि लिन सकिन्छ । त्यहाँको कानून अनुसार सामान्यत: सन्धि आबश्यक भएपनि पारस्परिकताका आधारमा पनि गर्न सकिने व्यवस्था रहेको छ । विदेशी राज्यको अनुरोधमा सम्पति रोक्का, जफत र फिर्ता र विदेशी राज्यले गरेको जफत आदेश कार्यान्वयन गर्न सक्ने व्यवस्था छ ।[12]

### ३.६ राजनीतिक दलको आम्दानी तथा खर्चको विवरण सार्वजनिक गर्ने सम्बन्धी

महासन्धिले सार्वजनिक क्षेत्र र निजी क्षेत्रका अलावा राजनीतिक क्षेत्रको भ्रष्टाचारलाई पनि निवारण गर्न चाहेको छ । महासन्धिले सार्वजनिक पदको उम्मेदवारी र निर्वाचनसँग सम्बन्धित आधारहरू प्रदान गर्न उपयुक्त विधायिकी

[11] *Federal Act on International mutual assistance in criminal matters* ,article 74 - ADB/OECD Anti-corruption initiative for Asia and pacific,*Asset Recovery and mutual legal assistance*,2007at137-140)

[12] Mutual legal asistance in criminal matters ordinance ,1998

र प्रशासनिक उपायहरू लागू गरिने विषयमा पनि विचार गर्ने व्यवस्था गरेको छ । यसका साथै प्रत्येक राज्य पक्षले, राजनीतिक दलहरूको कोष सम्बन्धी विषयमा पारदर्शिता अभिवृद्धि गर्न उपयुक्त विधायिकी र प्रशासनिक उपायहरू लागू गर्ने विषयमा पनि विचार गर्नेछन् भनी दिशानिर्देश गरेको छ । निर्वाचनमा राजनीतिक दलले गर्ने खर्चको पारदर्शिता र नियमन गर्ने स्पस्ट एवं वैज्ञानिक व्यवस्था गर्न सकिएको छैन । यसका साथै राजनैतिक दलको कोष र खर्च व्यवस्था पनि राज्यको अनुगमनभन्दा बाहिर रहेको कारण भ्रष्टाचार बढ्न गएको छ । यसैले राजनैतिक दलको कोष र निर्वाचन खर्चको वैज्ञानिक हद कायम गरी प्रभावकारी नियमनको व्यवस्था गर्नु पर्छ । यस सन्दर्भमा राजनीतिक दलको कोष सम्बन्धी व्यवस्थाका लागि नयाँ कानून र निर्वाचन खर्चका सम्बन्धमा प्रचलित कानूनमा संशोधन गर्न सकिन्छ । हरेक तहका राजनीतिक दलका कार्यसमितिका पदाधिकारीले आम्दानी र खर्च सालवसाली रूपमा प्रस्तुत गर्नुपर्ने, राजनैतिक दललाई बैंकमार्फत मात्र सहयोग प्राप्त हुने व्यवस्था गर्ने लगायतका विविध कानूनी व्यवस्था गर्नु यो महासन्धिको कार्यान्वयनका लागि अति जरुरी रहेको छ ।

### ३.७ विदेशी सार्वजनिक अधिकारीहरू तथा सार्वजनिक अन्तर्राष्ट्रिय संगठनका सार्वजनिक पदाधिकारीको भ्रष्टाचार सम्बन्धी

महासन्धिले प्रत्येक राज्य पक्षले, कुनै विदेशी सार्वजनिक अधिकारी वा कुनै सार्वजनिक अन्तर्राष्ट्रिय संगठनको अधिकारीलाई निजबाट उसको कार्यालयजन्य कार्य गराउन वा निजको कार्यालयजन्य कर्तव्यहरू पालना नगराउन, कुनै व्यवसायजन्य कार्य प्राप्त गर्न वा त्यस्तो कार्य कायम राख्न वा अन्तर्राष्ट्रिय व्यवसायजन्य कार्य सञ्चालनका सिलसिलामा अनुचित फाइदाका लागि, प्रत्यक्ष वा परोक्ष रूपमा अधिकारी स्वयं वा अन्य व्यक्ति वा इकाईलाई अनुचित लाभको प्रतिज्ञा गर्ने वा प्रस्ताव राख्ने वा प्रदान गर्ने कार्य मनसायपूर्वक गरेमा त्यस्तो कार्यलाई आवश्यकता अनुसार फौजदारी कसूर स्थापित गर्नसक्ने गरी विधायिकी र अन्य उपायहरू अवलम्बन गर्ने तथा कुनै विदेशी सार्वजनिक अधिकारीले वा कुनै सार्वजनिक अन्तर्राष्ट्रिय संगठनको अधिकारीले उसको कार्यालयजन्य कार्य गरिदिए वापत वा गर्न इन्कार गरिदिए वापत कुनै इकाईलाई प्रत्यक्ष वा परोक्ष रूपमा अनुचित लाभका लागि त्यस्ता अधिकारीले आग्रह गर्ने वा स्वीकार गर्ने कार्य मनसायपूर्वक गरेमा त्यस्ता कार्यलाई आवश्यकता अनुसार फौजदारी कसूर स्थापित गर्न विधायिकी वा अन्य उपायहरू अवलम्बन गर्न विचार गर्नेछन् भन्ने व्यवस्था गरेको छ । यो व्यवस्था बमोजिम नेपालमा पनि विदेशी सार्वजनिक पदाधिकारीले घुस रिसवत लिएमा कसूर कायम गरी कारवाही गर्ने कानूनी व्यवस्था नभएकोले सो गर्न महासन्धिको कार्यान्वयनका लागि आवश्यक छ । यसका लागि भ्रष्टाचार निवारण ऐनमा संशोधन गरी यो व्यवस्थालाई समावेश गर्न सकिन्छ ।

### ३.८ फौजदारी कारवाहीको स्थानान्तरण र संयुक्त अनुसन्धान सम्बन्धी

बिभिन्न मुलुकको अधिकारक्षेत्रहरू समावेश भएका मुद्दालाई हस्तान्तरण गर्दा उपयुक्त न्याय सम्पादन हुने ठानेमा अभियोजनको कारवाही एक राज्यबाट अर्को राज्यमा हस्तान्तरण गर्न सक्ने जस्ता व्यवस्था महासन्धिले गरेको छ । यसैगरी एक वा एक भन्दा बढी राज्यहरूमा अनुसन्धान, अभियोजन वा न्यायिक कारवाही गर्नुपर्ने विषय रहेका विषबस्तुहरूमा संयुक्त अनुसन्धनात्मक इकाइहरू स्थापना गर्न सक्नेगरी, द्विपक्षीय वा बहुपक्षीय संझौता वा प्रबन्धहरू गर्ने यस्ता संझौता र प्रबन्धहरूको अभावमा, संयुक्त अनुसन्धान गर्नुपर्ने हुन आएमा मुद्दै पिच्छे संझौता गर्न सकिने व्यवस्था पनि महासन्धिहरूमा रहेको पाइन्छ । तर हामीकहाँ तदनुरूप कानूनी व्यवस्थाहरू तदनुरुप विकसित भएको पाइदैन । फलत : परम्परागत फौजदारी न्याय प्रणालीको कार्यसम्पादन पद्धतिभन्दा निकै माथि उठ्नु पर्ने र तदनुरूप कानूनी व्यवस्था गर्नु आवश्यक छ । यस्तो कानूनी व्यवस्था पारस्पारिक कानूनी सहायता ऐनमा समावेश गर्न सकिन्छ ।

### ३.९ विदेशी अदालतबाट भएका आदेश वा फैसला कार्यान्वयन गर्ने सम्बन्धी

महासन्धिले सदस्यराष्ट्रहरू बीच ब्यापक सहयोगको अपेक्षा र निर्देश गरेको छ । विदेशी अदालतबाट भएका जफत वा अन्य आदेशहरू कार्यान्वयन गर्नेसम्मका व्यवस्थाहरू हामीलाई नौलो लागे पनि महासन्धिको पक्ष

भइसकेको वर्तमान सन्दर्भमा अब हामीले पनि त्यसतर्फ ध्यान दिनै पर्छ । हामीकहाँ यस्तो कानून नभएकाले महासन्धिको मागलाई संबोधन गर्ने गरी र विश्वव्यापीकरणको सन्दर्भमा अन्य अपराधका सन्दर्भमा पनि यस्तो कानूनको तर्जूमा जरुरी छ । यस्तो कानून पृथक वा पारस्पारिक कानूनी सहायता ऐन अन्तर्गत पनि समावेश गर्न सकिन्छ ।

## ३.१० निहित स्वार्थ द्वन्द्व (conflict of Intearest) व्यवस्थापन सम्बन्धी

स्वार्थ द्वन्द्व विभिन्न कारणले उपस्थित हुन्छ । यसलाई व्यवस्थापन गर्न नसकिए गंभीर परिणाम निम्ताउँछ । यसलाई भ्रष्टाचारको जरा पनि भनिन्छ । त्यसैले यसको व्यवस्थापन जरुरी हुन्छ । यो महासन्धिले पनि स्वार्थ संघर्षलाई व्यवस्थापन गर्न उपायहरू अवलम्बन गर्न दिशानिर्देश गरेको छ । नेपालमा स्वार्थ, द्वन्द्व व्यवस्थापन सम्बन्धी कतिपय कानूनमा छरिएर रहेको भएपनि छुट्टै ऐन भने बनेको छैन । त्यसैले उल्लिखित आधारहरूलाई आत्मसात गर्दै पृथक कानूनी व्यवस्था हुन बान्छनीय छ ।

## ३.११ सपुर्दगी सम्बन्धी

हामीसँग अहिले सर्पुदगी ऐन, २०४५ प्रचलनमा भएपनि यसले महासन्धि कार्यान्वयनको आवश्यकतालाई पूरा गर्न सक्दैन । सामान्यतः दोहरो आपराधिकता चाहिएपनि महासन्धिमा राज्यले चाहेमा सपुर्दगी गर्न सक्ने व्यवस्था छ । सामान्यतः सपुर्दगीको लागि द्विपक्षीय सन्धि आधार भएपनि महासन्धिलाई सर्पुदगीको आधार बनाउन विचार गर्नसक्ने, UNCAC का कसूरलाई एकापसमा सर्पुदगी योग्य कसूरको मान्यता दिन सक्ने, भ्रष्टाचारजन्य कसूरलाई राजनीतिक अपराध मान्न नहुने, सम्बन्धित कसूरमा वित्तीय विषयहरू पनि समावेश भएको भन्ने आधारमा सपुर्दगीको अनुरोधलाई इन्कार गर्न नसक्ने, प्रभावकारी रूपमा सर्पुदगी सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न आपसमा सम्झौता गर्नुपर्ने जस्ता विषयहरू समेटेको कारणले प्रचलित सर्पुदगी ऐनमा यी व्यवस्था समाहित गरी ऐन तर्जुमा वा संशोधन गर्नु आवश्यक छ । हाल यस ऐनको विधेयक व्यवस्थापिका-संसदमा विचाराधीन रहेको छ । सो विधेयक महासन्धि कार्यान्वयनको आवश्यकता पूर्ण रूपमा पूरा गर्ने गरी शीघ्र तर्जुमा हुनु पर्छ ।

## ४ महासन्धि कार्यान्वनका लागि प्रचलित कानूनमा संशोधन

महासन्धि पूर्ण कार्यानवयनका लागि कतिपय कानूनमा संशोधन जरुरी हुन्छ । त्यस्ता संशोधन गर्नुपर्ने कानूनबारे विस्तृत खोज आवश्यक छ । यद्यपि सामान्यत : देहायका कानूनमा महासन्धिको भावना अनुरूप आवश्यक संशोधन जरुरी हुने दखिएको छ :

## ४.१ अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८

अख्तियार दुरूपयोग आयोग ऐन, २०४८ भ्रष्टाचारको कार्यविधिगत व्यवस्था समावेश भएको ऐन हो । हदम्यादलाई लामो बनाउने वा भ्रष्टाचारमा हदम्यादै नराख्ने, भ्रष्टाचारको प्रतिरोध गर्न विशिष्टिकृत निकायहरूको व्यवस्था गर्ने, कानून कार्यान्वयन गर्ने निकायहरू बीचको सहयोग, सार्वजनिक तथा निजी क्षेत्र बीचको सहयोगलाई प्रोत्साहन गर्ने, बिभिन्न कारणले भ्रष्टाचारको कसूरमा अभियुक्तलाई सपुर्दगी नगरेमा क्षेत्राधिकार ग्रहण गरी आफ्नो देशको कानून अनुसार कारवाही गर्नुपर्ने व्यवस्था लगायत महासन्धिले ब्यापक विषय समेटेकोले यसका लागि आवश्यक पर्ने कानूनी व्यवस्था र अभ्यासहरू तथा फौजदारी न्यायप्रणाली अन्तर्राष्ट्रियस्तर अनुरूप विकास गर्न महासन्धिको मर्मलाई ब्यबहारमा रूपान्तरण गर्न यो ऐनमा संशोधन आवश्यक छ ।

## ४.२ भ्रष्टाचार निवारण ऐन, २०५९

भ्रष्टाचार निवारण ऐनमा महासन्धिले दिशानिर्देश गरे अनुरूपका कतिपय व्यवस्था रहेपनि महासन्धिका व्यवस्थालाई पूर्ण रूपमा आत्मसात गर्न र तदनुरुपको कानूनी व्यवस्था गर्न आवश्यक हुन्छ । खासगरी महासन्धिद्वारा स्थापित कसूर सम्बन्धमा हदम्याद सम्बन्धी व्यवस्था लामो बनाउने, भ्रष्टाचारजन्य सम्पत्तिको रोक्का, बरामदी र जफत गर्ने सम्बन्धी महासन्धि अनुरूपको व्यवस्था गर्ने, भ्रष्टाचारजन्य कार्यबाट सम्पन्न कार्य खारेज वा रद्द गर्ने व्यवस्था गर्ने र नोक्सानीको क्षतिपूर्ति दिलाउने व्यवस्था गर्ने लगायतका महासन्धिले निर्देश गरे अनुरूपका व्यवस्था

समावेश गर्ने गरी प्रचलित कानूनमा समावेश गरिनु पर्छ।

## ४.३ सैनिक ऐन, २०६३

सेनाले गरेको भ्रष्टाचारको अनुसन्धान तहकिकात र अभियोजनको कार्य अन्य सार्वजनिक पद धारण गरेको व्यक्ति जस्तै अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारमा पारिने गरी यो ऐनको संशोधन गरिनु पर्छ।

## ४.४ राजस्व चुहावट नियन्त्रण ऐन, २०५२

भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धिले देहायका विषयहरू रोक्ने कानूनी व्यवस्थाको अपेक्षा राखेको र यी कार्य राजस्व चुहावट गर्ने उद्देश्यले गरिने भएकाले यो ऐनमा संशोधन गरी निजी क्षेत्रका निकायले गर्ने देहायको कार्य पनि राजस्व चुहावटको कसूर मान्ने व्यवस्था गर्न उपयुक्त देखिन्छ। यसले गर्दा निजी क्षेत्रका लेखा पद्धति विश्वसनीय र शुद्ध भई असल व्यावसायिक व्यवस्था कायम हुनेछ।

* वास्तविक स्रेस्ता बाहिरै लेखा राख्नु
* वास्तविक स्रेस्ता बाहिरै वा पर्याप्त रूपमा पहिचान हुन नसक्ने किसिमका कारोबारहरू देखाउनु
* अस्तित्वमै नरहेका खर्चहरू हिसाब किताबमा देखाउनु
* विषयको गलत पहिचान हुने गरी दायित्वको उल्लेख गर्नु
* गलत लिखतहरू प्रयोग गर्नु र
* कानूनले निर्धारण गरे भन्दा अगावै खातापाता सम्बन्धी लिखतहरू मनसायपूर्वक नष्ट गर्नु।

## ४.५ सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५

महासन्धिको धारा ३८ फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन गर्ने निकायको सहयोगलाई प्रभावकारी रूपमा प्रोत्साहन गर्नका लागि हाल सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ मा रहेको समन्वय समितिमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र न्याय परिषद्का सचिवलाई ती निकायको परामर्श लिई सदस्यको रूपमा राख्ने गरी नियमावलीमा संशोधन गरी यस सन्दर्भमा समन्वय संरचनालाई प्रभावकारी बनाई महासन्धिलाई कार्यान्वयन गर्न सहज बाताबरण निर्माण गर्न सकिन्छ।

## ४.६ अन्य

माथि उल्लिखित बाहेक देहाय बमोजिमका ऐन कानूनहरूमा महासन्धि अनुरूप संशोधन आवश्यक छ :

- बैंक तथा वित्तीय संस्था, कम्पनी र बिमा सम्बन्धी कानूनहरू,
- निर्वाचन सम्बन्धी कानूनहरू,
- स्थानीय निकाय सम्बन्धी कानूनहरू,
- आर्थिक कार्यविधि सम्बन्धी कानूनहरू,
- विभिन्न सरकारी तथा सार्वजनिक संस्थाका कर्मचारीहरूको सेवा सम्बन्धी कानून।

## ५ महासन्धिको प्रभावकारी कार्यान्वयनमा सरकारी वकीलको भूमिका

महासन्धिको कार्यान्वयनमा सरकारी वकीलको भूमिका देहाय बमोजिम रहन्छ:

- नेपाल सरकारको कानूनी सल्लाहाकार, मन्त्रिपरिषद्को विधेयक समिति र व्यवस्थापिका-संसदमा समेत कानूनी सल्लाह दिने हैसियतमा महासन्धि कार्यान्वयनका लागि आवश्यक कानून तर्जुमा र संशोधनमा भूमिका।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा कार्यरत सरकारी वकीलहरू तथा जिल्ला प्रशासन कार्यालयमा कार्यरत सरकारी वकीलहरू प्रत्यक्ष रूपमा भ्रष्टाचारको अनुसन्धान र अभियोजनमा संलग्नता।
- अख्तियारद्वारा पुनरावेदन सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयमा प्रत्यायोजन गरेको

अधिकार बमोजिम भ्रष्टाचारको कसूरको निर्णयमा संलग्नता ।

- भ्रष्टाचार मुद्दामा विशेष अदालत तथा सर्वोच्च अदालतमा बहस पैरवी र प्रतिरक्षामा संलग्नता ।
- भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने सम्बन्धमा नेपाल सरकार र नेपाल सरकारका निकायलाई कानूनी सल्लाह प्रदान गर्ने कार्यमा संलग्नता ।
- अभियोजन लगायत सरकारी वकीलको कार्यसम्पादनका प्रक्रियामा हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गर्ने तथा सरकारी वकीलहरूको शुद्धता (integrity) बढाउने र भ्रष्टाचारको मौका प्राप्त हुन नदिने उपायहरू अवलम्वन गर्ने ।

**६ महासन्धि कार्यान्वयनमा सरकारी वकील समक्ष रहेका चुनौतीहरू**

महासन्धि कार्यान्वयनमा सरकारी वकीलको महत्वपूर्ण भूमिका रहेपनि सरकारी वकील समक्ष अहिले निम्न चुनौती रहेका छन् :

- महासन्धिका ब्यापक व्यवस्थाबारे पर्याप्त ज्ञान हासील र परिचित भई नसकेकोले सो कायम गर्ने विषय ।
- सरकारी वकीलको महासन्धि कार्यान्वयन गर्ने आवश्यक पर्ने सीप र क्षमता कमजोर रहेको हुँदा पारस्पारिक कानूनी सहायता, संयुक्त अनुसन्धान, विश्वब्यापी अधिकारक्षेत्रको प्रयोग, सूचना प्रविधि, भ्रष्टाचारजन्य सम्पत्ति पहिचान, रोक्का, जफत तथा फिर्ता सम्बन्धी प्रक्रिया तथा अनुसन्धानका नवीनतम् उपाय र प्रविधिबारे जानकारी र तदनुरूप जनशक्ति विकासको विषय ।
- पर्याप्त कानूनी पूर्वाधार विकास भइनसकेको सन्दर्भमा प्रचलित कानूनको आधारमा प्रभावकारी प्रतिरक्षाको विषय ।
- महासन्धिको संबोधनको हाँकलाई पूरा गर्ने गरी संस्थागत क्षमता, जनशक्तिको अपर्याप्तता र साधन स्रोतको विकासको पक्ष ।
- फौजदारी न्याय प्रणालीका अवयवहरूबीच समन्वय गर्ने विषय ।

**७ महान्यायाधिवक्ताको कार्यालयबाट चाल्नुपर्ने कदमहरू**

कानूनी रायको जिम्मेवारी, फौजदारी मुद्दामा नेतृत्वदायी भूमिका रहने र भ्रष्टाचार मुद्दाको बहस पैरवी गर्नुपर्ने सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयबाट देहायका विषयमा कार्य गर्न आवश्यक देखिन्छ :

**७.१ कानूनी संरचनाको पुनरावलोकन**

(क) महासन्धिले निरोधात्मक उपाय अवलम्बन गर्ने कुरामा जोड दिएको छ । महासन्धिका चार वटा मुख्य सिद्धान्त मध्ये निरोधात्मक उपाय रहेको छ । यस सन्दर्भमा महासन्धिले आत्मसात गरेको व्यवस्थालाई समेट्ने गरी सरकारी वकीलको व्यावसायिक आचार संहितामा परिमार्जन गर्ने,

(ख) महासन्धिको धारा ३८ फौजदारी मुद्दाको अनुसन्धान र अभियोजन गर्ने निकायको सहयोगलाई प्रभावकारी रूपमा प्रोत्साहन गर्नका लागि हाल सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ मा रहेको समन्वय समितिमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग र न्याय परिषद्का सचिवलाई ती निकायको परामर्श लिई सदस्यको रूपमा राख्ने गरी नियमावलीमा संशोधन गर्न नेपाल सरकारमा लेखी पठाउने,

(ग) उल्लेख भएबमोजिम संशोधन नभएसम्म सोही नियम बमोजिम बैठकमा आमन्त्रण गर्ने र यो समन्वय समिति हाल खासै सक्रिय नरहेको हुँदा यसलाई सक्रिय र जीवन्त बनाउने ।

**७.२ कार्यप्रणालीमा सुधार**

महासन्धिको धारा ११ बमोजिम अभियोजन कार्यमा भ्रष्टाचार नहुने अवस्था सिर्जना गर्न आचार संहिताको पालना सम्बन्धमा अनुगमन र अभियोजनको न्यायिक परीक्षण गरी गलत भएको पाइएमा विभागीय कारवाही गर्ने अभ्यास

विकास गर्ने ।

### ७.३ क्षमता विकास

भ्रष्टाचारको मुद्दामा बहस पैरवी गर्नुपर्ने र महासन्धिमा कतिपय प्राविधिक र नयाँ विषय पनि समावेश भएको तथा महासन्धिको धारा ६० ले आवश्यकता अनुरूप, भ्रष्टाचार नियन्त्रण गर्ने र प्रतिरोध गर्ने जिम्मेवारी पाएका आफ्ना कर्मचारीलाई दिइने विशेष तालिम कार्यक्रमहरूको शुरुवात गर्ने, विकसित गर्ने वा सुधार गर्नेगरी सदस्य राष्ट्रलाई दिशानिर्देश गरेको सन्दर्भमा सरकारी वकीलहरूलाई देहायका विषयमा स्वदेशी तथा विदेशी तालिम आवश्यक पर्ने भएकाले स्वदेशी तालिमका हकमा राष्ट्रिय न्यायिक प्रतिष्ठान र विदेशी तालिमको हकमा नेपाल सरकार तथा दातृ संस्थामा अनुरोध गरी महासन्धि कार्यान्वयनको हाँकलाई संबोधन गर्नसक्ने स्तरको जनशक्ति निर्माण गर्नु जरुरी छ ।

- विश्वब्यापी रूपमा प्रभाव पार्ने अपराधको नियन्त्रण गर्ने, प्रमाण संकलन पत्ता लगाउने, अनुसन्धान गर्ने, दण्ड गर्ने र नियन्त्रण गर्ने प्रभावकारी उपायहरू सम्बन्धमा,
- पारस्परिक कानूनी सहायता सम्बन्धी अनुरोधहरू तयार गर्ने सक्षमता सम्बन्धमा,
- सार्वजनिक खरिद बिक्री र निजी क्षेत्र लगायतका संस्थाहरू, सार्वजनिक सेवा व्यवस्थापन र सार्वजनिक वित्तको व्यवस्थापनको मूल्याङ्कन तथा सबलीकरण सम्बन्धमा,
- कसूरका उपजहरूको स्थानान्तरणलाई नियन्त्रण गर्ने र प्रतिरोध गर्ने र त्यस्ता उपज फिर्ता गर्ने सम्बन्धमा,
- अपराधबाट आर्जित सम्पतिको स्थानान्तरण, पत्ता लगाउने र रोक्का राख्ने, ओहोर-दोहोर माथि निगरानी राख्ने र स्थानान्तरणका तरिका एवं यस्ता उपजलाई लुकाउने वा पहिचान बदल्ने तरिका र त्यस्ता सम्पति वा कसूरका उपजहरू फिर्ता गराउन मार्ग प्रशस्त गर्ने समुचित र प्रभावकारी कानूनी र प्रशासनिक संयन्त्र तथा पद्धति सम्बन्धमा,
- न्यायिक निकायहरूलाई सहयोग पुऱ्याउने, पीडित र साक्षीहरूको सुरक्षाको लागि प्रयोग हुने पद्धति सम्बन्धमा,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनी विषय र भाषाको ज्ञान हासिल गर्ने सम्बन्धमा,
- सूचना र प्रविधिसँग परिचित, सम्पन्न र दक्ष बनाउने सम्बन्धमा,
- विदेशी मुलुकबाट भएका फैसलाहरू आफ्नो देशको कानूनका आधारमा कार्यान्वयन गर्ने सम्बन्धमा,
- विश्वब्यापी अपराधहरू सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यता, नियन्त्रणमा भएका प्रयास र उपायबारे पूर्ण रूपमा जानकारी र अध्याबधिक हुने सम्बन्धमा ।

### ७.४ पारस्पारिक कानूनी सहायता सम्बन्धी केन्द्रीय निकाय

महासन्धिको कार्यान्वयनका लागि पारस्पारिक कानूनी सहायता सम्बन्धी कानून, सम्पत्ति फिर्ता सम्बन्धी कानून निर्माण र सपुर्दगी सम्बन्धी कानूनको परिमार्जन लगायतका कार्य गर्नुपर्ने र विदेशबाट माग हुने सहयोग र नेपालबाट अनुरोध गर्नुपर्ने कानूनी सहायता लगायतका विषयमा हाल संसदमा विचाराधीन रहेको पारस्पारिक कानूनी सहायता सम्बन्धी ऐनमा महान्यायाधिवक्ताको कार्यालयमार्फत हुने व्यवस्था गर्न पहल गर्न सकिन्छ ।

### ७.५ कानून तर्जुमाका लागि परामर्श

नेपाल सरकारलाई महासन्धि कार्यान्वयनका लागि माथि सुझाइए अनुसार आवश्यक कानूनको तर्जुमा र संशोधनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट नेपाल सरकारको कानूनी सल्लाहाकारको हैसियतमा परामर्श दिन उपयुक्त हुन्छ ।

## ८ महान्यायाधिवक्ता कार्यालयको चालु पञ्चवर्षीय रणनीतिक योजनामा महासन्धि कार्यान्वयनको पक्ष

भ्रष्टाचार नियन्त्रण र महासन्धिको कार्यान्वयनको विषय महान्यायाधिवक्ताको कार्यालयको गम्भीर चासोको विषय रहेको र कार्यसम्पादनमा यो विषयलाई पनि प्राथमिकता दिन चाहिएको छ । रणनीतिमा यस सन्दर्भमा भएको केही

सान्दर्भिक व्यवस्थाहरू निम्नानुसार छन् :

- भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि र यसको कार्यान्वयन सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको सुदृढीकरण : सम्भावना र चुनौतीहरू विषयमा व्यापक विश्लेषण गरिएको ।
- रणनीतिक योजना तर्जुमा गर्दा भ्रष्टाचार विरुद्धको महासन्धि कार्यान्वयनको पक्षलाई पनि आत्मसात गर्न खोजिएको छ ।
- अन्तर्राष्ट्रिय कानून र अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार महाशाखाको स्थापना गर्ने, सो महाशाखामा अन्तर्राष्ट्रिय कानून सम्बन्धी विशेष ज्ञान अनुभव भएका सरकारी वकीलहरूको पदस्थापना गरी अन्तर्राष्ट्रिय कानून र कार्यविधि सम्बन्धी प्रशिक्षण दिने ।
- नेपाल सरकारका विरुद्ध अन्तर्राष्ट्रिय संस्थामा परेका मुद्दा मामिलाको प्रतिरक्षा गर्ने वा गराउने व्यवस्था मिलाउने । भ्रष्टाचार, राजश्व, मानव बेचबिखन, मानव अधिकार उल्लङ्घन तथा संगठित अपराध सम्बन्धी मुद्दाहरूको प्रतिरक्षाका लागि छुट्टै महाशाखाको व्यवस्था गर्ने ।
- सो महाशाखामा भ्रष्टाचार मुद्दाका सम्बन्धमा अनुभव, अध्ययन र विशेष दखल हुने सरकारी वकीलहरूको पदस्थापना गर्ने । नयाँ कानून (जस्तै साक्षी संरक्षण तथा पीडित राहत र सहयोग सम्बन्धी कानून, एकीकृत हदम्याद सम्बन्धी कानून, झुठ्ठा बक्ने साक्षीलाई सजाय गर्ने सम्बन्धी कानून आदिको) तर्जुमा र भइरहेका कानूनमा सुधारको लागि सुझाव दिन कार्यदलको गठन गर्ने ।

## ९ सरकारी वकील परिचित हुनै पर्ने अपराध नियन्त्रण र फौजदारी न्याय प्रणाली सम्बन्धमा संयुक्त राष्ट्रसंघीय साल्भाडोर घोषणापत्र

विश्वब्यापीकरण र परिवर्तित विश्व परिवेशमा सयुंक्त राष्ट्रसंघले विश्वब्यापी चुनौतीको रूपमा रहेको अपराध नियन्त्रण र फौजदारी न्याय प्रणालीको विकासका लागि विस्तृत रणनीतिको घोषणा सन् २०१० को अप्रिल १२ देखि १९ मा ब्राजिलको साल्भाडोरमा भएको बाह्रौं अपराध नियन्त्रण र फौजदारी न्याय विषयक कंग्रेसको भेलामा गरेको थियो । यो घोषणापत्रले विश्वब्यापीकरणको हाँकको संबोधनका सन्दर्भमा लिएका केही रणनीतिहरू देहाय बमोजिम छन् ।[13] यी रणनीतिहरू भ्रष्टाचार विरुद्धको महासन्धिको कार्यान्वयनका सन्दर्भमा पनि आर्कर्षित हुने हुँदा सरकारी वकील परिचित हुनै पर्छ :

- प्रभावकारी, स्वच्छ र मानवीय (humane) फौजदारी न्याय प्रणालीमा आधारित रही मानव अधिकारको संरक्षण, न्याय प्रशासनको संचालन र अपराधको नियन्त्रण ।
- स्वच्छ, जिम्मेवार र मानवीय अपराध नियन्त्रण र फौजदारी न्याय प्रणालीको आवश्यकतानुसार सदस्य राष्ट्रहरूले अध्याबधिक गर्दै जाने ।
- संयुक्त राष्ट्रसंघले विकास गरेका सिद्धान्त, मूल्य र मार्गनिर्देशनहरूलाई अपराध नियन्त्रण र फौजदारी न्यायप्रणाली कानून, कार्यक्रम र कार्यविधिको तर्जुमाको सन्दर्भमा आफ्नो मुलुकमा कार्यान्वयन र आन्तरिकीकरण गर्ने ।
- पीडित हुनबाट रोक्न आवश्यक पर्याप्त र उपयुक्त कानून र कार्यक्रमको निर्माण तथा पीडितलाई राहत र संरक्षण गर्ने ।
- फौजदारी न्याय प्रणालीलाई विकास र आधुनिकीकरण गर्न प्राविधिक लगायत अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान गर्ने ।
- फौजदारी अपराध र आतकंवाद नियन्त्रण गर्ने कार्यक्रम विकास र कार्यान्वयन गर्न राज्यहरूले पर्याप्त मानव र आर्थिक स्रोतको व्यवस्था गर्नु पर्ने ।

---

13 यसको बिस्तृत अध्यनका लागि हेर्नुहोस् Salvador Decleration on comprehensive strategies for global challenge: Crime prevention and criminal justice system and their development in a challenging world

- सदस्य राष्ट्रले अपराधबारे सूचनाहरू आदान प्रदान र अन्तरराज्यीय अपराधीको चुनौतीलाई संबोधन गर्न प्रयास गर्नु पर्ने ।
- वातावरणमा असर पर्ने अपराधहरूको नयाँ स्वरूपलाई नियन्त्रण गर्न राष्ट्रिय कानून, नीति र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्ने ।
- भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघीय महासन्धि, अन्तर्राज्यीय संगठित अपराध नियन्त्रण सम्बन्धी महासन्धि तथा आतंक विरुद्धका अन्तराष्ट्रिय कानूनी संयन्त्रको अनुमोदन गरी महासन्धिका दायित्वहरू वहन र कार्यान्वयन गर्ने ।
- अन्तर्राष्ट्रिय सहयोगलाई प्रभावकारी बनाउन सदस्य राष्ट्रले उपयुक्त केन्द्रीय निकायको स्थापना, सुदृढीकरण गरी फौजदारी मामलामा माग भएका अन्तर्राष्ट्रिय सहयोग उपलब्ध गराउन सक्ने गरी पूर्ण रूपमा अधिकार र साधन सम्पन्न बनाउने ।
- अपराधबाट आर्जित सम्पति (Proceeds of crime) को जफत तथा कब्जा र छरितो किसिमले सम्पति फिर्ता (Asset Recovary) सम्बन्धी अन्तर्राष्ट्रिय सहयोग अभिवृद्धि गर्ने ।

**१० अन्त्यमा**

संगठित र विश्वब्यापी रूपमा उपस्थित भएको भ्रष्टाचार निवारण परम्परागत कार्यशैली, क्षमता, सोच र न्यायिक प्रणालीबाट संभव छैन । त्यसका अलावा अहिलेको विश्वब्यापीकरणका सन्दर्भमा अपराधको विश्वब्यापीकरण हुने र विश्वब्यापीकरणले फौजदारी न्याय प्रणालीमा प्रत्यक्ष प्रभाव पारीरहेको अवस्था छ । विश्वब्यापीकरणका नकारात्मक प्रभावसँग जुध्ने सम्बन्धमा नेपालमा खासै ब्यबस्थित अध्ययन र प्रयास हुन सकेको छैन । विश्वब्यापीकरणमा भ्रष्टाचार लगायतका अपराध पनि सीमाविहीन हुने भएकाले कुनै पनि मुलुक यसको नियन्त्रणमा एकलकाटे हुन सक्तैन । नेपाल पनि त्यसको अपवाद हुन सक्दैन । यस सन्दर्भमा संगठित अपराध नियन्त्रण, पारस्पारिक कानूनी सहायता, सम्पत्ति फिर्ता, संयुक्त अनुसन्धान लगायतका कानून र संस्थागत संयन्त्र बनाई अन्तर्राष्ट्रिय सहयोगमा अभिवृद्धि गर्नुपर्छ । अनुसन्धान, अभियोजन र न्याय निरूपणसँग सम्बन्धित जनशक्ति समयानुकूल विकास गरिनु पर्छ । अपराध अनुसन्धानको क्षमता र सीपलाई आधुनिकीकरण, सबल, सक्षम र अन्तराष्ट्रियस्तर अनुरूपको विकास गरिनु पर्छ । सारमा भन्दा अपराध अन्तर्राज्यीय भइरहेको वर्तमान विश्वब्यापिकरणको सन्दर्भमा परम्परागत फौजदारी न्याय प्रणालीबाट नयाँ रूपमा र विश्वब्यापी रूपमा विस्तार भएका भ्रष्टाचार लगायतका अपराध नियन्त्रण हुन नसक्ने भएकाले न्याय प्रणालीलाई समयानुकूल र विकसित बनाउनु अति जरुरी छ ।

# (ग) महान्यायाधिवक्ताको कार्यालयको प्रशासनिक र व्यावसायिक सुदृढीकरण

- सह न्यायाधिवक्ता श्री युवराज सुवेदी
महान्यायाधिवक्ताको कार्यालय

## १. प्रशासनिक र व्यावसायिक सुदृढीकरणका चुनौतीहरू

हाम्रो संवैधानिक र कानूनी व्यवस्था अनुसार सरकारी वकीलबाट सम्पादन हुने मुख्य कार्यहरूमा कानूनी राय सल्लाह प्रदान गर्ने, मुद्दा चल्ने नचल्ने निर्णय गर्ने, सबूद प्रमाण पेश गर्ने एवं आवश्यकता अनुसार विशिष्ट कानूनी दस्तावेजहरू तयार गर्ने, मुद्दा चलाउने तथा नचलाउने सम्बन्धी निर्णयमा निकासा दिने, बयान/बकपत्र (साक्षी परीक्षण समेत) गराउने, मुद्दामा बहस पैरवी एवं रिट निवेदन उपर प्रतिरक्षा (बहस पैरवी), पुनरावेदन, मुद्दा दोहोऱ्याउने तथा पुनरावलोकन सम्बन्धी कार्यहरू रहेका छन् ।

विज्ञान र प्रविधिको विकाससँगै अपराधको प्रकृति र अपराध गर्ने अपराधीको शैलीमा आएको परिवर्तनले सरकारी वकीलको व्यवसायलाई चुनौतीपूर्ण बनाएको छ । परम्परागत अपराधहरूमा पनि नयाँ प्रविधि र विद्युतीय माध्यमहरू प्रयोग हुन थालेको छ । एक ठाउँमा बसेर अर्को ठाउँमा हुने अपराधमा सहयोग गर्ने र भौतिक रूपमा उपस्थित नभईकन पनि अपराधमा संलग्न हुन सक्ने अवस्थाले त्यस्ता व्यक्तिको अपराधमा संलग्नता पुष्टि गर्न कठिन हुनुको साथै फौजदारी कानूनमा आएको जटिलताको सामना गर्न पनि सरकारी वकीलको व्यावसायिक दक्षतामा अभिवृद्धि गर्नु आवश्यक देखिन्छ । आर्थिक उदारीकरण, विश्वव्यापीकरण र अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि, महासन्धिमा नेपाल पक्ष भएबाट पनि सरकारी वकीलको जिम्मेवारी बढाएको, नयाँ समस्याको सामना गर्न व्यावसायिक दक्षता झनै आवश्यक पर्ने देखिन्छ । यस्तो अवस्थामा सरकारी वकीलहरूको विशेषज्ञता यी क्षेत्रमा सुधार गर्नुपर्ने देखिएको छ ।

महान्यायाधिवक्ताको कार्यालयमा समयानुकूल दक्ष र उच्च योग्यता भएका जनशक्तिको अभाव रहेको छ । जसले फौजदारी न्याय प्रणाली र न्याय प्रदान गर्ने कार्यमा समेत असर पारिरहेको छ । त्यस्तै संगठनको पूर्वाधार अवस्था साह्रै नाजुक छ । भैरहेका कार्यालय भवनहरूमध्ये निकै कम संख्यामा मात्र काम गर्न सजिलो हुने गरी पुग्दो ठाउँ छ । नेपालको राजधानीमा अवस्थित केन्द्रीय कार्यालय महान्यायाधिवक्ताको कार्यालय, मातहतका पुनरावेदन सरकारी वकील कार्यालय, पाटन र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंमा समेत काम गर्न सजिलो हुने गरी पुग्दो ठाउँ तथा भौतिक सुविधा छैन । पर्याप्त पुस्तकको सुविधा र पुस्तकालयको व्यवस्था छैन । कम्प्युटर, प्रिन्टर, फोटोकपि, इन्टरनेट, वेभसाइट, इमेल, नेटवर्किङ लगायतका सूचना प्रविधिको सुविधा उपलब्ध छैन । विकासका कार्यको लागि कुनै पनि कार्यालयलाई सरकारद्वारा सहयोग उपलब्ध गराइएको छैन । अधिकांश भवनहरू जीर्ण र कम्पाउण्डवाल समेत नभएको अवस्थामा रहेका छन् । संगठनलाई छुट्ट्याइएको बजेट, तलब, भत्ता, इन्धन र मसलन्दमा सामान्य खर्चको परिपूर्ति हुन्छ । लोडसेडिङमा वैकल्पिक व्यवस्थाको अभाव छ । फौजदारी न्याय प्रणालीको सुधारमा राज्यले प्राथमिकता नदिँदा र सरकार सकारात्मक नभएकाले महान्यायाधिवक्ताको कार्यालय न्यूनतम् स्रोत साधनबाट समेत वञ्चित हुन पुगेको छ । सरकारले कानूनी राज्यलाई सुदृढ पार्ने दिशामा प्राथमिकता दिन नसक्दा मुलुकमा दण्डहीनताको अवस्था विकसित हुन पुगेको छ ।

अपराध अनुसन्धानलाई छुट्टै व्यावसायिक तथा विशेषतापूर्ण कार्यको रूपमा नलिइनु, अनुसन्धान गर्ने दायित्व अपरिपक्व तथा तल्लो तहको कर्मचारीलाई सुम्पने प्रवृत्ति चलिरहनु र अभियोजनकर्ताद्वारा अपराध अनुसन्धानका सिलसिलामा दिइएको निर्देशनको पालना कम हुनु र भएको निर्देशन पनि अपरिपक्व अभियोजनकर्ताबाट जारी गरिनु एवं निर्देशन पालनामा अनुसन्धानकर्ताको उदासिनता हुनु, प्रहरी कर्मचारीहरू थुनुवा तथा पीडितको मानव अधिकारप्रति सजग नहुनु, पीडितलाई महत्वपूर्ण साक्षीको रूपमा लिइने प्रवृत्तिलाई वेवास्ता गर्ने चलन रहिरहनु, साक्षी संरक्षणको प्रभावकारी व्यवस्था नहुनु, हचुवाको भरमा मुद्दा चलाउने प्रवृत्ति रहिरहनु, अभियोजन गर्दा पीडित पक्षको

हित र अधिकारलाई विरलै ध्यान दिइनु, मुद्दा सुनुवाइ गर्दा पीडित पक्षको प्रतिनिधित्वलाई चासो नदिइनु आदि[१४] तत्वहरूले नेपालको फौजदारी न्याय प्रणालीलाई कमजोर पार्नमा असर पारेका मात्र छैनन् महान्यायाधिवक्ताको कार्यालयको प्रशासनिक र व्यावसायिक सुदृढीकरणका चुनौतीहरूका रूपमा रहेका छन् ।

संगठनको दैनिक कार्य संचालन गर्न उपलब्ध भएको भौतिक सुविधा तथा पूर्वाधारहरू उपयुक्त, प्रभावकारी र पर्याप्त छैनन् । अधिकांश कार्यालयहरूमा काम गर्ने वातावरणको कमी छ । कार्यालयहरूबाट सम्पन्न गर्ने कार्यका विशेषताहरूलाई समृद्ध बनाउन तत्कालै लगानी गर्न आवश्यक भए पनि सो हुन सकिरहेको छैन । २०४६ सालको परिवर्तन पश्चात सरकारी वकीलको कार्य र जिम्मेवारीमा निरन्तर वृद्धि भएको छ । नेपाल कानूनमा भएका संशोधन तथा नयाँ नयाँ ऐनको आगमनसँगै ती ऐनले प्रदान गरेका जिम्मेवारी, अन्तर्राष्ट्रिय अदालत, न्यायाधिकरण, निकायहरूमा दाबी, प्रतिदाबी, लिखित प्रतिवेदन पेश गरी बहस पैरवीका लागि उपस्थित हुनुपर्ने अवस्था, विवाद समाधानका वैकल्पिक उपायका सिलसिलामा सरकारका तर्फबाट प्रतिनिधित्व गर्नुपर्ने अवस्था, विभिन्न प्रकारका रिट, निवेदन, मुद्दाको संख्यामा वृद्धि, हालै मात्र पुनरावेदन तथा जिल्ला अदालतलाई प्रदान गरिएका रिट क्षेत्राधिकारका कारण कार्य एवं जिम्मेवारीमा भएको बढोत्तरी, संगठित अपराध, नयाँ नयाँ अवराध, Anti-Corruption, Anti-Money Loundering, Financing Terrorism, Cyber Crime लगायतका विषयका प्रभावका कारण जिम्मेवारीमा आएको बढोत्तरी, विभिन्न आयोग, समिति, कार्यदलमा सरकारी वकीलको प्रतिनिधित्वका कारण जनशक्तिमा परेको प्रभाव, भूमाफियाका कारण सरकारी, पर्ति, वन, सार्वजनिक, गुठी लगायतका जग्गामा व्यक्तिले हडप्ने प्रवृत्तिमा आएको विस्तारसँगै सरकारी वकीलको जिम्मेवारीमा विस्तार भई थप चुनौतीहरू देखिएका छन् ।

सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३७ ले सरकारी वकीलले महान्यायाधिवक्ताको स्वीकृति लिई नेपाल सरकारको स्वामित्व भएको कुनै संगठित संस्थामा कानून व्यवसाय गर्न, कानूनी सल्लाहकार हुन वा कुनै शैक्षिक वा प्राज्ञिक संस्थामा अध्यापन, अनुसन्धान, अन्वेषण एवं प्रशिक्षण गर्न सक्ने व्यवस्था गरेको भए पनि यो व्यवहारमा लागू हुन सकिरहेको छैन । कामको प्रकृतिका आधारमा सरकारी वकीलहरू ब्यावसायिक हुने भएकाले निजामती सेवा सरहको व्यवस्था र निजामती कर्मचारी सरहको स्रोत साधन समेतको तुलनामा छुट्टै सेवा शर्त र सुविधाको वैज्ञानिक ढंगले व्यवस्थापन गरेमा मात्र सरकारी वकीलहरूको अवस्था अन्य निजामती कर्मचारीहरूको भन्दा सुध्रन सक्ने भई कार्यक्षमतामा समेत अभिवृद्धि हुन सक्ने हुन्छ ।

त्यसैगरी सरकारी वकीलहरूले कार्यालय समयबाहेक अतिरिक्त समय र बिदाका दिनमा समेत मुद्दा सम्बन्धी काम गर्नु परिहेकोमा सो बमोजिम सुविधाको व्यवस्था नहुनु, सरकारी वकील कार्यालयमा पर्याप्त भौतिक सामग्रीको अभाव हुनु, कार्यालयका लागि सवारी साधनहरूको अभाव हुनु, अद्यावधिक र पर्याप्त पाठ्यसामग्री सहितको पुस्तकालयको अभाव हुनु, अध्ययन, प्रशिक्षण तथा विदेश भ्रमणको अवसरमा कमी हुनु, महान्यायाधिवक्ताको कार्यालयको संस्थागत विकास एवं मानव संसाधन विकासको निमित्त योजनाको अभाव हुनु, सरकारी वकीलको लागि आवास सुविधा नहुनु, सरकारी वकीलहरू तथा अन्य कर्मचारीको दरबन्दी पर्याप्त नहुनु, अपराध शास्त्रीय अध्ययन तथा अनुसन्धान केन्द्रको अभाव हुनु, अदालतमा लिखित जवाफ पठाउँदा अपनाउने प्रक्रियामा आवश्यक समन्वयको अभाव हुनु, म्याद थप, बयान, बकपत्रमा सरकारी वकीलको प्रभावकारी उपस्थिति र व्यावसायिकताको प्रयोग हुन सकिरहेको छैन । जसका कारण मानव अधिकारको उल्लंघन हुने संभावना रहेको छ । अपराध अनुसन्धानको कार्य प्राथमिकतामा नपर्नु, जनचेतना अभिवृद्धिमा ध्यान नपुग्नु जस्ता चुनौतीहरू पनि रहेका छन् ।

विभाजित प्रशासनिक संयन्त्र (विभिन्न ट्रेड युनियनहरू) का कारण जनसेवा सुदृढीकरण गर्ने व्यावसायिक धर्ममा उदासिनता देखिएको छ, निर्णयको अदृश्य स्रोतले कार्यमा कठिनाई पुऱ्याएको छ, आरक्षणको अस्पष्टताले अन्योल सिर्जना गरेको छ, तदर्थ प्रशासनले कार्यसम्पादनमा असर पारेको छ, जनशक्तिको कमजोर मनोबल रहेको छ, जनताका अपेक्षाहरूमा वृद्धि भएको छ, पीरमर्का र गुनासोको सुनुवाइ पर्याप्त मात्रामा हुन सकिरहेको छैन, प्रशासन माथि नागरिकको नियन्त्रण हुन पुगेको छ, समान रूपमा सरकारी सुविधा पुग्न सकेको छैन ।

[१४] सुरु न्यायिक प्रणाली सम्बन्धी अनुसन्धान प्रतिवेदन, कानून अन्वेषण तथा स्रोत विकास केन्द्र (सेलर्ड), पृ. ४ बाट साभार ।

सरकारी वकील र कर्मचारीहरूको वृत्ति विकास योजना बनेको छैन, सरकारी वकील र अन्य कर्मचारीहरूको वर्गीकरणले कर्मचारीहरूको मनोबलमा नकारात्मक असर पर्न गएको छ, कार्य विश्लेषण र मूल्याङ्कन प्रणाली अवलम्बन नगरेकोले विभिन्न पदमा कार्यरत कर्मचारीले सम्पादन गर्नुपर्ने कार्यहरू र कार्य सम्पादनस्तर निर्धारण गर्ने आधार नभएको अवस्था छ, जनशक्तिको पदोन्नतीको अवसर निकै सीमित छ । न्याय सेवाका खासगरी न्याय समूहका कर्मचारीहरूको तुलनामा सरकारी वकीलहरूको पदोन्नती न्यून रहेको कारण एकै सेवाका पदाधिकारीहरूमा समेत असमान व्यवहार भएको देखिन थालेको छ । संसारका अन्य मुलुकहरूमा विकसित भएको अभियोजन प्रणालीको अवलोकन वा अध्ययनको अवसर नजुटेका कारण सीमित ज्ञानको आधारमा सरकारी वकीलहरूले कार्य सम्पन्न गर्नुपर्ने बाध्यता रहेको छ ।

## २. प्रशासनिक र व्यावसायिक सुदृढीकरणका व्यवस्थित प्रयासहरू

महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना[१५] र कार्यालयको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन, २०६७[१६] लागू भइसकेको छ । विभिन्न सरकारी वकील तथा कर्मचारीहरूको पहिलो चरणको दरबन्दी सिर्जना भई निजामती किताबखानामा पद दर्ता समेतको कार्य सम्पन्न भइसकेको छ । संविधान सभा न्याय प्रणाली सम्बन्धी समितिको प्रतिवेदन[१७] समेतमा उल्लेख भएको सरकारी वकीलहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐनको मस्यौदा[१८] तयार पारी विभिन्न चरणमा छलफल भइसकेको र सोलाई कार्यान्वयनमा ल्याउन मुद्दा तथा बहस व्यवस्थापन सचिवालयका नायब महान्यायाधिवक्तालाई जिम्मेवारी दिइएको अवस्था छ ।

महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन गर्न, महान्यायाधिवक्ताको कार्यालय र मातहतका पुनरावेदन तथा जिल्ला सरकारी वकील कार्यालयहरूको कार्यसम्पादनलाई व्यवस्थित, विशिष्टिकृत र आधुनिकीकरण गर्न सचिवालयहरूको स्थापना लगायतका कार्य गर्न सरकारी वकील सम्बन्धी नियमावलीमा संशोधनको लागि नेपाल सरकार समक्ष पठाइएको छ । महान्यायाधिवक्ताको कार्यालयका सचिवालयहरूको कार्य संचालन निर्देशिका[१९] कार्यान्वयनको चरणमा छ । ती सचिवालयलाई नेतृत्व गर्ने नायब महान्यायाधिवक्ता र अन्य सरकारी वकीलहरूलाई कार्य विशिष्टिकरण अनुरूप कामको जिम्मेवारी तोकी सकिएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकीलहरूलाई जारी गरिएको कार्य निर्देशिका[२०] पनि कार्यान्वयनमा आइसकेको छ ।

नेपालका विकास एजेण्टका रूपमा रहेका विभिन्न दातृ निकाय र राष्ट्रहरूसँग उच्च शिक्षा, सहयोग,

---

१५ महान्यायाधिवक्ताको कार्यालयको पञ्चवर्षीय रणनीतिक योजना २०६८/०६९–२०७३/०७४ मिति २०६७।१२।१५ मा सम्माननीय प्रधान न्यायाधीशज्यूबाट सार्वजनिक भएको थियो ।

१६ महान्यायाधिवक्ताको कार्यालयका सह-न्यायाधिवक्ता श्री कृष्णप्रसाद पौडेलको संयोजकत्वमा नेपाल सरकार अर्थ र सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृतहरू सदस्य रहेको तीन सदस्यीय समिति गठन भई सो समितिले महान्यायाधिवक्ताको कार्यालयका उप-न्यायाधिवक्ता खेमराज ज्ञवाली, शाखा अधिकृत सोमकान्त भण्डारी समेत रहेको उप-समिति गठन गरी उक्त उप-समितिको सहयोग समेतबाट प्रतिवेदन तयार गरेको थियो ।

१७ संविधान सभा, न्याय प्रणाली सम्बन्धी समितिले तयार पारेको अवधारणा-पत्र सहितको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदन, २०६६

१८ सरकारी वकीलहरूको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्त सम्बन्धी ऐनको मस्यौदा काठमाडौं उपत्यकामा कार्यरत सम्पूर्ण सरकारी वकीलहरूको विभिन्न चरणमा भएको छलफल तथा सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा प्रशिक्षण कार्यक्रम तथा सरकारी वकीलहरूको केन्द्रीय सम्मेलन, २०६७ मा समेत छलफल भई मस्यौदालाई पारित गरेको थियो ।

१९ महान्यायाधिवक्ताको कार्यालयका सचिवालयहरूको कार्य संचालन निर्देशिका, २०६८ तयार भई लागु भइसकेको छ ।

२० महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकीलहरूलाई जारी गरिएको कार्य निर्देशिका, २०६७ मिति २०६७।१२।२७ बाट कार्यान्वयनमा आइसकेको छ ।

अवलोकन भ्रमण तथा प्रशिक्षण लगायतका कार्यका लागि विभिन्न चरणहरूमा कार्य गरी पत्राचार समेत भैसकेको र केहीले सहयोगका लागि जानकारी गराएको अवस्था छ। विभिन्न निकाय र राष्ट्रहरूले कम्प्युटर नेटवर्किङ्गको राष्ट्रव्यापी सञ्जाल विस्तारको लागि कार्य प्रारम्भ गरिसकेको र कम्प्युटर, ल्यापटप, फर्निसिङ्ग, फ्लोरिङ्ग लगायतका सहयोग गर्न तत्परता देखाई कार्य प्रारम्भ भइसकेको छ । वैदेशिक तालिम, अवलोकन भ्रमणको लागि केही सरकारी वकीलहरूको दक्षिण कोरिया, भुटान, जापान र जर्मनीको लागि मनोनयन भइसकेको र चीन, दक्षिण कोरिया, बेल्जियम, अष्ट्रेलिया, सिंगापुर, हङकङ, अमेरिका लगायतका राष्ट्रहरूमा जानको लागि निकट भविष्यमै मनोनयन हुने चरणमा रहेको छ । भारतको विशाखा पटना विश्वविद्यालयमा कानूनमा स्नातकोत्तर उपाधि हासिल गर्नको लागि तीन जना सरकारी वकीलहरूको मनोनयन भई छात्रवृत्तिमा अध्ययनरत रहेका छन् । आवश्यकतामा आधारित तालिमको सुरुवात यसै वर्षको प्रारम्भदेखि गरिसकिएको छ ।[२१] संगठनमा कार्यरत जनशक्तिका लागि व्यावसायिक र प्रोत्साहन भत्ताका सम्बन्धमा[२२] आवश्यक पहल भैरहेको छ। महान्यायाधिवक्ताको कार्यालयका प्रत्येक निर्णयहरू उच्चस्तरका पदाधिकारीहरू बीचको छलफल पश्चात हुने गरेका छन्। यस सन्दर्भमा संस्थागत रूपमा असर पर्ने कुनै पनि महत्वपूर्ण निर्णयमा उपत्यकामा रहेका सबै सहन्यायाधिवक्ताहरूको उपस्थितिमा निर्णय गर्ने परिपाटी विकसित भई सकेको छ ।

### ३. प्रशासनिक र व्यावसायिक सुदृढीकरणमा गर्नु पर्ने सुधारहरू

महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र ढाँचामा परिवर्तन गर्नुपर्ने देखिन्छ । सो गर्दा संगठनको कार्य ढाँचा, विभागीकरण, अधिकार वितरण, समन्वय, कार्य संस्कृति, मानव स्रोत व्यवस्थापन, सूचना प्रवाह आदिमा परिवर्तनको जरुरी छ । त्यस्तै संगठनको प्रयोगमा आउने प्रविधिको प्रयोग र कार्यविधिमा परिवर्तन गर्नुपर्ने देखिन्छ । सोका लागि सूचना प्रविधि, यन्त्र उपकरण, कार्य प्रक्रिया, कार्य श्रृंखला, नियन्त्रण प्रणाली आदिमा परिवर्तन गर्नु पर्ने हुन्छ । संगठनको वर्तमान भौतिक अवस्थामा परिवर्तन गर्नु अति जरुरी छ । त्यसका लागि कार्यालय भवन, आवास, कम्पाउण्डवाल, भौतिक सामग्री, पुस्तकालय, सवारी साधन, कम्प्युटर, प्रिन्टर, फोटोकपि, फर्निचर, इन्टरनेट, नेटवर्किङ लगायतमा परिवर्तन ल्याई संगठनको कार्य वातावरणलाई अनुकूल बनाउन आवश्यक छ । संगठनको मानव स्रोतलाई सक्षम, सबल, योग्य, प्रतिस्पर्धी बनाउनको लागि संगठनमा कार्यरत जनशक्ति सरकारी वकील तथा कर्मचारीहरूको मूल्यमान्यतामा परिवर्तन अति जरुरी देखिन्छ । सो हुन सकेमा संगठनमा कार्यरत प्रत्येक जनशक्तिको ज्ञान र सीप, कार्यसम्पादनस्तर, अपेक्षाहरू, अवधारणा, बानी व्यहोरा, मूल्यमान्यता आदिमा परिवर्तन आई संगठनको परिदृश्य, परिलक्ष्य र उद्देश्यहरू सहजै हासिल हुन सक्ने देखिन्छ ।

संगठनमा व्यवस्थित काम कारवाहीबाट सबै जनशक्तिको जिम्मेवारी वहनमा प्रभावकारिता आउँछ । यसका लागि संगठनभित्रका सबै जनशक्तिको कार्य विवरण बनाई सो अनुरूप जिम्मेवारी दिई प्रत्येकलाई जिम्मेवारी वहन गराउन लगाउने व्यवस्था हुनुपर्ने देखिन्छ । त्यस्तै संगठनमा संलग्न जनशक्तिबाट स्वामित्व ग्रहण गर्ने प्रवृत्तिको विकास गराउनु पर्ने देखिन्छ । सो हुन सकेमा संगठन भित्रका सबै जनशक्तिले कार्यालयप्रतिको स्वामित्व ग्रहण गर्ने पद्धतिको विकास हुन गई सोका लागि आवश्यक वातावरण तयार गर्दै लैजान सकिन्छ। संगठनको समग्र पक्षमा सुधारको लागि त्यहाँ कार्यरत जनशक्तिमा Self Motivation को आवश्यकता पर्दछ । सोका लागि संगठन भित्र कार्यरत प्रत्येक जनशक्तिले व्यक्तिगत प्रयासमा संगठनको सुधारको लागि के गर्न सकिन्छ भन्ने उत्प्रेरणा जगाई कार्य गर्ने कार्य संस्कृतिको विकास गर्नुपर्ने देखिन्छ। त्यसका साथसाथै संगठनको समग्र व्यवस्थापन सुधार र क्षमता अभिवृद्धि गर्नुपर्ने, त्यहाँ कार्यरत सम्पूर्ण मानव स्रोतको कार्यक्षमतामा वृद्धि गर्नुपर्ने, भ्रष्टाचार विरोधी क्रियाकलापको

---

२१ राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपालको सहकार्यमा २०६८ वैशाखमा महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकीलहरूलाई लक्षित गरी तयार पारेको नयाँ पाठ्यक्रम बमोजिमको अभियोजन सम्बन्धी सम्बन्धी तीन दिने प्रशिक्षण कार्यक्रम संचालन भएको र अर्को सोही कार्यक्रम यसै आ.व.को अन्तसम्ममा सञ्चालन हुँदैछ ।

२२ नेपाल सरकार, अर्थ मन्त्रालयबाट सैद्धान्तिक सहमति प्राप्त भई कानून तथा न्याय मन्त्रालयबाट सहमतिका लागि मन्त्रिपरिषद्मा पेश भएको प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भइसकेको छ ।

प्रबर्द्धन गर्नुपर्ने, प्रतिस्पर्धी र उत्प्रेरित जनशक्तिको व्यवस्था गर्नुपर्ने, संगठनले समय समयमा ल्याएका सुधार कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने, संगठनका परिदृश्य, परिलक्ष्य र उद्देश्य बमोजिमका क्रियाकलापहरू भए नभएको जाँच गर्न समय समयमा अनुगमन र मूल्याङ्कन गर्नुपर्ने तथा Right man in right place and right time in right job, Reward and punishment, IT based work आदिको परिपालना हुने गरी व्यवस्थापन र सुदृढीकरण गर्नुपर्ने देखिन्छ ।

यस बाहेक समग्र संगठनको सुधारका लागि संगठन र सेवाग्राही बीचको दुरी घटाउने, सकेसम्म अधिकारको विकेन्द्रीकरण गर्ने, वैकल्पिक निकायको व्यवस्था गर्ने, ठोस आधारयुक्त कार्यसम्पादन प्रणालीको विकास गर्ने, जनशक्तिलाई उत्प्रेरित बनाउनु पर्ने, पीडित र सरोकारवालाको सहभागितालाई बढावा दिने, सुशासन ऐन र सूचना ऐनको प्रभावकारी कार्यान्वयनमा जोड दिने आदि रहेका छन् ।

त्यस्तै संगठनले कार्यसम्पादनमा आधारित जनशक्ति व्यवस्थापन पनि गर्नुपर्ने देखिन्छ त्यसका लागि प्रत्येक पदले गर्नु पर्ने कार्यहरू, वहन गर्नुपर्ने उत्तरदायित्व, अपेक्षा गरिएको नतिजाहरू, कार्यसम्पादनस्तर मूल्याङ्कन गर्न सक्ने खालको कार्यसम्पादन सूचाङ्क, कार्यसम्पादन गर्न आवश्यक अधिकार, योग्यता आदि प्रष्ट हुने गरी कार्य विवरण तयार पारी लागू गर्ने, प्रत्येक जनशक्तिले संगठनको लक्ष्य र आफ्नो कार्य विवरण अनुरूप आफूले वर्ष दिनमा गर्ने कार्यहरू र हासिल गर्ने लक्ष्य प्रष्ट पारी कार्य सम्पादन योजना बनाई सुपरिवेक्षक समक्ष पेश गर्ने, सम्बन्धित कर्मचारीले पेश गरेको कार्य योजनामा सुपरिवेक्षक र कर्मचारी बीच छलफल गरी अन्तिम रूप दिने, कार्यसम्पादन योजनामा संख्यात्मक रूपले मापन गर्न नसकिने लक्ष्य मूल्याङ्कन गर्ने आधार पनि पहिलेनै निर्धारण गर्ने, कार्यसम्पादन योजनाका आधारमा चौमासिक र वार्षिक मूल्याङ्कन गर्ने सोक्रममा तोकिएको लक्ष्य प्राप्त नभएको पाइए त्यसको कारण प्रष्ट पार्दै सुधार गर्ने उपाय समेत सुपरिवेक्षकले सम्बन्धित कर्मचारीलाई बनाउने, मूल्याङ्कन गर्दा पाइएका कर्मचारीका कमजोर पक्षमा सुधार गर्न अवलम्बन गर्नु पर्ने उपायबारे सम्बन्धित कर्मचारीलाई जानकारी दिई यस्तो सुधारको लागि संगठनले गरिदिने परिपाटी बसाल्ने, कर्मचारीले आफ्नो पहलमा गर्नु पर्ने सुधार प्रष्ट गर्ने र यसका लागि कर्मचारी जिम्मेवार हुने बनाउने, संख्यात्मक रूपले मूल्याङ्कन हुन नसक्ने कार्यहरू, व्यक्तिगत गुण र चरित्र जस्ता कुराको मूल्याङ्कन व्याख्यात्मक र विवरणात्मक रूपले गर्ने, कार्यसम्पादन मूल्याङ्कनलाई बढुवाको निर्णयमा मात्र सीमित नराखी दण्ड, पुरस्कार, वृत्ति विकासका सबै निर्णयमा प्रयोग गर्ने परिपाटी बसाल्ने पद्धतिलाई तुरुन्त कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

संगठनको सञ्चालन त्यहाँ कार्यरत जनशक्तिबाट हुने गर्दछ । संगठनको सुधारका लागि पनि मानव स्रोतकै अत्यन्त महत्वपूर्ण भूमिका हुने गर्दछ । संगठनमा कार्यरत सबै जनशक्ति अनुशासित, संयमित, होशियार, सतर्क, जनमुखी, सहयोगी, समन्वयी, सेवामुखी, गतिशिल, चुस्त, छिटोछरितो, क्रियाशील, नैतिकवान, इमान्दार, मितव्ययी, सदाचारी, नियमित, दक्ष, दूरदर्शी, उच्च मनोबलयुक्त, उत्प्रेरित, उत्साहित, व्यावहारिक, सरल, स्पष्ट, प्रतिबद्ध, कटिबद्ध, विश्वासिलो, तटस्थ र जनसेवी हुनु पर्ने, प्रचलित कानून बमोजिम तोकिएका काम कर्तव्यहरू इमान्दारी र निष्ठापूर्वक वहन गर्ने, अनुशासित रहने, पेशागत आचरण र मान्यतालाई सर्वोपरी ठान्ने, आफ्नो ज्ञान, सीप र क्षमतालाई सिर्जनात्मक रूपमा प्रयोग गर्ने, सीमित साधन र स्रोतलाई अधिकतम उपभोग गर्ने खालका भएमा निश्चयनै संगठनको गरिमा बढ्न गई संगठनको प्रशासनिक र व्यावसायिक सुदृढीकरण हुन गई समग्र संगठनमा उल्लेख्य सुधार आउँछ । तसर्थ संगठनको प्रशासनिक र व्यावसायिक सुदृढीकरणका लागि मानव संशासनलाई अनुशासित बनाउन संगठनले विभिन्न प्रयासहरू गर्नुपर्ने हुन्छ। उदाहरणको लागि राम्रो काम गर्नेलाई पुरस्कार र खराब काम गर्नेलाई दण्डित गर्ने, संगठनमा कार्यरत जनशक्तिलाई कामप्रति उत्प्रेरित र उत्साहित हुने वातावरण बनाउने, खराब आचरण प्रदर्शन गर्ने अनुशासनहीन कर्मचारीलाई सजाय दिने, पुरस्कारका आधारहरू पारदर्शी बनाउने, काखा र पाखाको प्रवृत्ति त्याग्ने, नराम्रो काम गर्ने वा खराब आचरण देखाउनेलाई अनिवार्यरूपमा दण्ड सजाय दिने, पदोन्नतिको उचित व्यवस्था गर्ने, कर्मचारीबाट भएको योगदानको कदर गर्ने वातावरण सिर्जना गर्ने, नेतृत्वको आचरण शुद्ध हुनु पर्ने, नेतृत्वको शैली र व्यवहार अनुशासित, मर्यादित र अनुकरणीय हुनु पर्ने, अनुशासनको कारवाही व्यक्तिलाई व्यक्तिगत नभई

उसको गल्तिलाई हुनु पर्ने, अनुशासनको सजाय अपराधको श्रेणीमा राखी गंभीरता साथ हेरिनु पर्ने आदि रहेका छन् ।

## ४. निष्कर्ष

महान्यायाधिवक्ताको कार्यालयको संगठन देशव्यापीरूपमा तीन तहमा र सरकारका विभिन्न निकायमा फैलिएको व्यावसायिक प्रकृतिको संगठन हो । यस संगठनमा विशुद्ध व्यावसायिक सरकारी वकीलहरू र नेपाल सरकारका अन्य कर्मचारीहरू कार्यरत रहन्छन् । सरकारी वकीलको कार्य अन्य सामान्य प्रकृतिका कार्य जस्तो एक पटकको अध्ययन, अनुभव र योग्यताले सञ्चालन गर्न संभव छैन । सरकारी वकीलले सामना गर्नुपर्ने सवालहरू नयाँ तथ्य, विषयवस्तु र शैलीमा प्रस्तुत हुने हुँदा एक पटकको जानकारी र अध्ययनले मात्र संभव हुँदैन । परिवर्तित कानून, विवाद सिर्जनाका परिस्थिति, कारण र त्यसको प्रकृति र प्रभाव समान हुँदैनन् । तसर्थ व्यावसायिक दक्षता सरकारी वकीलको अपरिहार्य पूर्व शर्त हो । यस्तो अवस्थामा उनीहरूलाई पुनर्ताजगी प्रशिक्षण कार्यक्रमहरू निरन्तर रूपमा दिनुपर्ने अवस्था छ । व्यावसायिक दक्षता भनेको आफ्नो कार्य कुशल, सक्षम, निष्पक्ष, स्वतन्त्र रूपमा गर्न सक्नु हो । सरकारी वकीलले आफूले गर्नुपर्ने व्यावसायिक कार्यका लागि न्याय प्रणाली र न्याय प्रशासन सम्बन्धी ज्ञानका अतिरिक्त कानूनको विशिष्ट सैद्धान्तिक ज्ञानका साथै कार्यविधि र प्रमाण कानूनमा पनि निपूर्ण हुनु पर्दछ । यसै गरी आफ्नो दाबी पुष्टी गर्न सबूद प्रमाणको प्रस्तुति, तार्किक अभिव्यक्ति क्षमता भएको, अध्ययनशील, परिश्रमी, इमानदार तथा अत्यन्त अनुशासित हुनु आवश्यक हुन्छ । आफ्नो पेसालाई सफलतापूर्वक सञ्चालन गर्नका लागि दक्षता आवश्यक पर्दछ र दक्षताका लागि योग्यता, सीप, ज्ञान, अनुभव मात्र पर्याप्त हुँदैन । अनुभवलाई कार्यसम्पादनमा प्रयोग गर्नका लागि व्यावसायिक उन्मुक्ति र कार्यगत स्वतन्त्रता पनि आवश्यक पर्दछ । सरकारी वकीलबाट सम्पादन हुने कार्यहरू अन्य निजामती सेवाका कर्मचारीहरूबाट सम्पादन हुने कार्य प्रकृति भन्दा भिन्न र व्यावसायिक प्रकृतिका हुने गर्दछन् ।

फौजदारी न्याय प्रणालीको एक महत्वपूर्ण अवयवको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयको संगठन फौजदारी न्याय प्रशासनको सञ्चालनका लागि अनुसन्धान गर्ने निकाय र न्यायिक कार्य गर्ने निकाय बीचको समन्वयकर्ताको रूपमा सरकारी वकीलले कार्यसम्पादन गरेको हुन्छ । सरकारी वकीलले अभियोजन, कानूनी राय सल्लाह, बहस पैरवी, प्रतिरक्षा, विभिन्न कानूनी लिखतहरूको मस्यौदा लगायतका कार्यमा दक्षता हासिल गर्दै निजी क्षेत्रका कानून व्यवसायीहरूसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ । कानून व्यवसाय ज्ञान/विषयका दृष्टिकोणले बहुआयामिक हुन्छ र अनुसन्धानमूलक हुन्छ। तसर्थ सरकारी वकीलहरूको प्रशिक्षण र क्षमता विकास निरन्तर अगाडि बढिरहेको हुन्छ । न्यायिक क्षेत्रमा भएको विकासले आर्थिक अपराध, राजश्वमा हुने भ्रष्टाचार र अपचलन, साइवर अपराध जस्ता कानूनका नवीनतम् आयामहरूमा विशेष ज्ञान र प्रविधिको प्रयोग हुनुपर्ने देखिन्छ तर सरकारी वकीललाई यस्ता सुविधाहरू छैनन् । अतः तत्काल सुदृढीकरणतर्फ नलाग्ने हो भने यसक्षेत्रका विवादमा महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलले भरोसायुक्त प्रतिरक्षा गर्न नसक्ने अवस्था छ। अपराधको जटिलता हेर्दा संगठित अपराध र आर्थिक अपराधमा एकजना सरकारी वकीलले मात्रै कार्यसम्पादन संभव छैन । अतः सेवा र कार्य विशिष्टीकरणका हिसाबले संगठनभित्र विशेष विभागहरू गठन गर्नुपर्ने अवस्था छ। विभिन्न अन्तराष्ट्रिय फौजदारी अदालत, अदालत, न्यायाधिकरण लगायतमा नेपाल सरकारको तर्फबाट पेश गर्नुपर्ने दाबी, प्रतिदाबी, प्रतिउत्तर, बहस नोट, बहस पैरवी, प्रतिरक्षा लगायतका कार्य गर्न पनि सरकारी वकीलहरूको व्यावसायिक दक्षतालाई बढाउनु पर्ने भएकोले नेपाल सरकारले यस संगठनको समग्र विकासमा विशेष चासो र सक्रियता देखाई हरसंभव सहयोग गर्नुपर्ने देखिन्छ । सोका लागि निकै ढिलो भैसकेको छ ।

न्यायाधीश र सरकारी वकीलको योग्यता, सेवा शर्त र सुविधाको तुलनात्मक स्थिति हेर्दा जापान, दक्षिण कोरिया र केही युरोपेली देशहरू जस्तै बेल्जियम, वोस्निया हर्जगोभिना, बुल्गेरिया, क्रोएशिया, फ्रान्स, जर्मनी, हंगेरी, ग्रिस, इटाली, लक्जेम्बर्ग, पोल्याण्ड, पोर्चुगल, सर्विया, स्पेन आदि देशहरूमा त्यस्तो सुविधा समान रहेको देखिन्छ । कार्यबोझ र कार्य प्रकृतिका आधारमा न्यायाधीश भन्दा सरकारी वकीललाई बढी सुविधा प्रदान गर्ने देशहरू अष्ट्रिया, जर्जिया, निदरल्याण्ड, लात्भिया, रोमानिया र स्लोभेनिया रहेका छन् । यसरी संसारभर सरकारी

वकीलको भूमिका राज्य सञ्चालन प्रणालीमा महत्वपूर्ण रहेको पाइन्छ। सरकारी वकीललाई व्यावसायिक र आकर्षक पेसाको रूपमा विकास गर्न सेवा सुविधा विस्तार हुनु पर्ने देखिन्छ। संविधान सभाले तर्जुमा गर्ने नेपालको भावी संविधानमा संयुक्त राष्ट्रसंघीय आठौं कङ्ग्रेसद्वारा सन् १९९० मा पारित मार्गदर्शनलाई ध्यानमा राखी सरकारी वकीलहरूको व्यावसायिक दक्षता, निष्पक्षता, सक्षमता, योग्यता, पारिश्रमिक, सेवाका शर्तहरू, मर्यादा, व्यावसायिक उन्मुक्ति, स्वतन्त्रता र विशेषाधिकार जस्ता महत्वपूर्ण पक्षहरूलाई समेट्ने गरी समावेश गर्नुपर्ने देखिन्छ। संविधान सभाको न्याय प्रणाली समितिले प्रस्ताव गरेको सरकारी वकील सम्बन्धी अवधारणा, दक्षिण एसियाली मुलुकहरूले गरेका अभ्यास, कमन् ल प्रणाली अपनाउने मुलुकमा प्रचलनमा रहेको व्यवस्था एवं अमेरिकामा संघीय र राज्यस्तरमा अंगालिएका मान्यताहरू एवं अन्तर्राष्ट्रिय दस्तावेजहरूले गरेका व्यवस्थाको विस्तृत अध्ययन गरी एक्काइसौं शताब्दीका न्यायिक मूल्य र मान्यतालाई आत्मसात गर्दै विश्व न्यायप्रणालीसँग प्रतिस्पर्धा गर्न सक्ने सक्षम, प्रभावकारी, दक्ष, व्यावसायिक र स्वतन्त्र सरकारी वकीलको निर्माण नेपालको भावी संविधानबाटै बन्न सक्ने विश्वास लिन सकिन्छ।

# सम्पत्ति शुद्धीकरण, संगठित अपराध, आतंककारी कार्यमा लगानी सम्बन्धी महासन्धिको अनुमोदनः त्यसबाट सरकारी वकीलको काममा थपिने दायित्व

- सहन्यायाधिवक्ता श्री किरण पौडेल
महान्यायधिवक्ताको कार्यालय

## विषय प्रवेश

कुनै पनि तरिकाबाट सम्पत्ति आर्जन गर्ने, आपराधिक क्रियाको फलस्वरूप आर्जित सम्पत्तिलाई कानूनी बनाउने र आतंकवादका लागि लगानी गर्ने क्रिया एकआपसमा अन्योन्याश्रित रहेका छन्। यस प्रकारका आपराधिक कार्यहरू संगठित तरिकाले सम्पन्न गरिने गरिन्छन्। यी सबै विषयलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय समुदाय क्रियाशील छ। हालका समयमा संगठित अपराधका साथै अपराधबाट आर्जित सम्पत्तिलाई कानूनी बनाउने र आतंकवादमा लगानी गर्ने विषयलाई प्रमुख समस्याका रूपमा लिने गरिएको छ। अपराधबाट आर्जित सम्पत्तिलाई कानूनी बनाउने र आतंकवादमा लगानी गर्ने विषयलाई हेर्ने जिम्मेवारी **लागू औषध र अपराध सम्बन्धमा संयुक्त राष्ट्रसंघीय कार्यालय** (UNODC)[23] को कानून कार्यान्वयन, संगठित अपराध र सम्पत्ति शुद्धीकरण शाखाले बहन गर्दै आएको छ। यस सम्बन्धी अख्तियारी यस कार्यालयलाई सन् १९८८ को लागू औषध तथा मनोद्दीपक पदार्थको गैरकानूनी ओसार पसार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिबाट प्राप्त भएको छ।[24]

अपराधबाट आर्जित सम्पत्तिलाई कानूनी बनाउने र आतंकवादमा लगानी गर्ने विषयका विरुद्धमा संघर्ष गर्न अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि महत्वपूर्ण भूमिका खेल्दै आएको छ।[25] साथै, यस विषयका विरुद्धमा अन्तर सरकारी संस्था Financial Action Task Force (FATF) ले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नीति निर्माणकर्ताको दायित्व निर्बाह गर्दै आएको छ।[२६] यस अन्तर्गत यसले ४० वटा सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित र ९ वटा आतंककारी लगानी सम्बन्धी विशेष सुझाव दिएको छ।[२७]

सन् २००२ मा FATF को सदस्यहरू मध्येको एउटा सदस्य Asia/Pacific Group on Money Laundering (APG) को सदस्यता प्राप्त गरे पछि नेपाल अपराधबाट आर्जित सम्पत्तिलाई कानूनी बनाउने र आतंकवादमा लगानी गर्ने विषयका विरुद्धमा सहकार्यका लागि अन्तर्राष्ट्रिय समुदायसँग आबद्ध भएको हो।[28]

### लागू औषध तथा मनोद्दीपक पदार्थको गैरकानूनी ओसार पसार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८८ [United Nations Convention against Illicit Traffic in Narcotic Drugs and Psychotropic Substances, 1988 (Vienna Convention)]

यस महासन्धिले लागू औषध तथा मनोद्दीपक पदार्थको व्यापारको अन्तर्राष्ट्रिय स्वरूपका विविध पक्षहरूलाई सम्बोधन गर्नका लागि पक्ष राष्ट्रहरूका बीचमा सहयोग अभिवृद्धि गर्ने लक्ष्य राखेको छ।[29] यस अन्तर्गत यस महासन्धिले अफिम, कोका र गाजाको खेती लगायत लागू औषध तथा मनोद्दीपक पदार्थको उत्पादन, निर्माण, बिक्री बितरण र ओसार पसार मात्र होइन् ती काम गरेर कमाएको सम्पत्तिलाई एक स्थानबाट अर्को स्थानमा सार्ने, अर्को रूपमा परिणत गर्ने, लुकाउने वा स्वामित्व परिवर्तन गर्ने लगायतका कामलाई कसूरका रूपमा आफ्ना फौजदारी कानूनमा व्यवस्था गर्न पक्ष राष्ट्रलाई जिम्मेवारी दिएको छ।[30] सम्पत्ति शुद्धीकरण सम्बन्धी अबधारणालाई

23 http://www.unodc.org/unodc/en/money-laundering/index.html?ref=menuside हेरिएको मितिः २०६८।२।४
24 Ibid
25 http://www.imf.org/external/np/leg/amlcft/eng/index.htm हेरिएको मितिः २०६८।२।४
26 http://www.fatf-gafi.org/pages/0,3417,en_32250379_32236836_1_1_1_1_1,00.html हेरिएको मितिः २०६८।२।४
27 http://www.fatf-gafi.org/recommendations हेरिएको मितिः २०६८।२।४
28 http://www.apgml.org/apg-members/default.aspx¿JurisdictionID=18 हेरिएको मितिः २०६८।२।११
29 Article 2 of the Convention
30 Article 3 of the Convention:
1. Each Party shall adopt such measures as may be necessary to establish as criminal offences under its domestic law, when committed

सर्वप्रथम यस महासन्धिले सम्बोधन गरेको हो । यस महासन्धिमा नेपाल सन् २४ जुलाई १९९१ मा सम्मिलन भएको हो ।[31]

**अन्तरदेशीय संगठित अपराध विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००० [United Nations Convention against Transnational Organized Crime, 2000 (Palermo Convention)]**

बिभिन्न देशमा सन्जाल बनाएर हुने संगठित अपराध रोक्न तथा त्यस विरुद्ध अझ राम्रोसँग लड्नका लागि सहयोग अभिवृद्धि गर्ने उद्देश्य यो महासन्धिको रहेको छ ।[32] यस महासन्धिका तीन वटा आलेखहरू छन्, जो निम्न छन्:

1. Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially Women and Children, supplementing the United Nations Convention against Transnational Organized Crime
2. Protocol against the Smuggling of Migrants by Land, Sea and Air, supplementing the United Nations Convention against Transnational Organized Crime
3. Protocol against the Illicit Manufacturing of and Trafficking in Firearms, Their Parts and Components and Ammunition, supplementing the United Nations Convention against Transnational Organized Crime

यस महासन्धिले आर्थिक वा अन्य प्रकारको फाइदाका लागि अन्तरदेशीय संगठित आपराधिक समूहमा आबद्ध हुने कामका साथै अपराधबाट प्राप्त सम्पत्तिलाई शुद्धीकरण गर्ने क्रियाकलापलाई पनि पक्ष राष्ट्रको राष्ट्रिय कानूनले अपराधका रूपमा परिभाषित गर्नु पर्छ भनेको छ ।[33]

**आतंकवादमा हुने लगानीलाई नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९९९ [International Convention for the Suppression of the Financing of Terrorism, 1999 ( Financing of Terrorism Convention)]**

यस महासन्धिले यसको अनुसूचीमा रहेका मध्ये कुनै एक महासन्धिले कसूर मानेको कामका लागि वा आतंककारी

intentionally:
a) i) The production, manufacture, extraction; preparation, offering, offering for sale, distribution, sale, delivery on any terms whatsoever, brokerage, dispatch, dispatch in transit, transport, importation or exportation of any narcotic drug or any psychotropic substance contrary to the provisions of the 1961 Convention, the 1961 Convention as amended or the 1971 Convention;
ii) The cultivation of opium poppy, coca bush or cannabis plant for the purpose of the production of narcotic drugs contrary to the provisions of the 1961 Convention and the 1961 Convention as amended;
iii) The possession or purchase of any narcotic drug or psychotropic substance for the purpose of any of the activities enumerated in i) above;
iv) The manufacture, transport or distribution of equipment, materials or of substances listed in Table I and Table II, knowing that they are to be used in or for the illicit cultivation, production or manufacture of narcotic drugs or psychotropic substances;
v) The organization, management or financing of any of the offences enumerated in i), ii), iii) or iv) above;
b) i) The conversion or transfer of property, knowing that such property is derived from any offence or offences established in accordance with subparagraph a) of this paragraph, or from an act of participation in such offence or offences, for the purpose of concealing or disguising the illicit origin of the property or of assisting any person who is involved in the commission of such an offence or offences to evade the legal consequences of his actions;
ii) The concealment or disguise of the true nature, source, location, disposition, movement, rights with respect to, or ownership of property, knowing that such property is derived from an offence or offences established in accordance with subparagraph a) of this paragraph or from an act of participation in such an offence or offences;

[31] http://treaties.un.org/Pages/ViewDetails.aspx¿src=TREATY&mtdsg_no=VI-19&chapter=6&lang=en हेरिएको मिति: २०६८।२।५

[32] Article 1 of the Convention

[33] Article 6 of the Convention:
1. Each State Party shall adopt, in accordance with fundamental principles of its domestic law, such legislative and other measures as may be necessary to establish as criminal offences, when committed intentionally:
(a) (i) The conversion or transfer of property, knowing that such property is the proceeds of crime, for the purpose of concealing or disguising the illicit origin of the property or of helping any person who is involved in the commission of the predicate offence to evade the legal consequences of his or her action;
(ii) The concealment or disguise of the true nature, source, location, disposition, movement or ownership of or rights with respect to property, knowing that such property is the proceeds of crime;
(b) Subject to the basic concepts of its legal system:
(i) The acquisition, possession or use of property, knowing, at the time of receipt, that such property is the proceeds of crime;
(ii) Participation in, association with or conspiracy to commit, attempts to commit and aiding, abetting, facilitating and counselling the commission of any of the offences established in accordance with this article.

कामका लागि भनी रकम दिने, उठाउने वा जम्मा गर्ने कामलाई कसूर मानेको छ ।[34]

**तीन वटै महासन्धिले गरेका समान व्यवस्था**

केही व्यवस्थाहरू तीन वटै महासन्धिमा समानरूपले गरिएका छन् । ती व्यवस्थाहरू सन्धिका पक्ष राष्ट्रहरूले आफू स्वयंले गर्नु पर्ने कामका लागि तथा यसै सन्दर्भमा अन्य पक्ष राष्ट्रसँग गर्ने व्यवहारलाई सहज बनाउने कुराका लागि गरिनु पर्ने कामसँग सम्बन्धित छन् । ती व्यवस्थाहरू निम्न छन्:

१. **अपराध घोषणा गर्ने तथा सजायको व्यवस्था गर्ने कुराः** सबै महासन्धिले पक्ष राष्ट्रले आफ्नो देशको कानूनमा यी महासन्धिले अपराध मानेका कार्यलाई अपराधको कोटीमा राख्नु पर्ने तथा त्यस अपराधका लागि कसूरको गम्भीरतालाई आधार बनाई सजायको व्यवस्था गर्नु पर्छ भनेका छन् ।[35]

२. **पारस्परिक सहयोगको कुराः** तीन वटै महासन्धिले आफूले कसूर मानेका विषयमा अनुसन्धान, अभियोजन तथा न्यायिक कारवाही लगायतका सम्बन्धमा पक्ष राष्ट्रले पारस्परिक सहयोग गर्ने भन्ने कुरालाई स्पष्ट रूपमा राखेका छन् । यस अन्तर्गत पारस्परिक सहयोगको उद्देश्य स्पष्ट राखिएको छ । पारस्परिक सहयोग गर्न अस्वीकार गर्न पाउने आधार तथा अस्वीकार गर्न नपाउने कुरा स्पष्ट राखिएको छ ।[36]

३. **सपुर्दगी सम्बन्धी कुराः** तीन वटै महासन्धिले कसूरको परिभाषामा राखेका कार्यलाई राज्य पक्षले सपुर्दगी गर्न योग्य कसूरको कोटीमा राख्नु पर्ने भनेका छन् । यसका लागि पक्ष राष्ट्रले आ-आफ्ना सपुर्दगी कानूनको निर्माण गर्नु पर्ने तथा यसलाई उनीहरूका बीचमा भएको सपुर्दगी सम्बन्धी सन्धिले व्यवस्थित गर्ने छ भन्ने कुरा तीन वटै महासन्धिले उल्लेख गरेका छन् ।[37]

४. **सम्पत्ति जफत गर्ने कुराः** भियना महासन्धि तथा पालेर्मो महासन्धिले यी महासन्धिले परिभाषित गरेका आपराधिक कार्यबाट आर्जन गरेको वा जम्मा गरेको जुनसुकै प्रकारको सम्पत्ति जफत गर्ने कुरालाई स्वीकार गरेका छन् । आतंकवादमा लगानी नियन्त्रण महासन्धिले यस महासन्धि अन्तर्गत कसूर कायम गरेको कार्य गर्नका लागि जम्मा गरेको सम्पत्ति तथा अपराधको फलस्वरूप आर्जन वा जम्मा गरेको जुनसुकै प्रकारको सम्पत्ति जफत गर्ने कुरालाई स्वीकार गरेको छ । सम्पत्ति जफत गर्नका लागि अर्को पक्ष राष्ट्रले अनुरोध गरेमा त्यस अनुसार जफत गर्नु पर्ने कुरालाई पनि यी महासन्धिले व्यवस्था गरेका छन् ।[38]

५. **कारवाही अर्को देशमा पठाउने तथा कारवाहीको जानकारी दिने कुराः** भियना महासन्धि तथा पालेर्मो महासन्धिले अपराधसँग सम्बन्धित कारवाही उपयुक्त न्याय प्रशासनका लागि अर्को देशमा पठाउन सकिने कुरालाई मान्यता दिन्छन् । आतंकवादमा लगानी नियन्त्रण महासन्धिले न्यायिक कारवाहीको अन्तिम परिणाम पक्ष राष्ट्रहरूलाई

---

[34] Article 2

**Annex of the Convention:**

1. Convention for the Suppression of Unlawful Seizure of Aircraft, done at The Hague on 16 December 1970.
2. Convention for the Suppression of Unlawful Acts against the Safety of Civil Aviation, done at Montreal on 23 September 1971.
3. Convention on the Prevention and Punishment of Crimes against Internationally Protected Persons, including Diplomatic Agents, adopted by the General Assembly of the United Nations on 14 December 1973.
4. International Convention against the Taking of Hostages, adopted by the General Assembly of the United Nations on 17 December 1979.
5. Convention on the Physical Protection of Nuclear Material, adopted at Vienna on 3 March 1980.
6. Protocol for the Suppression of Unlawful Acts of Violence at Airports Serving International Civil Aviation, supplementary to the Convention for the Suppression of Unlawful Acts against the Safety of Civil Aviation, done at Montreal on 24 February 1988.
7. Convention for the Suppression of Unlawful Acts against the Safety of Maritime Navigation, done at Rome on 10 March 1988.
8. Protocol for the Suppression of Unlawful Acts against the Safety of Fixed Platforms located on the Continental Shelf, done at Rome on 10 March 1988.
9. International Convention for the Suppression of Terrorist Bombings, adopted by the General Assembly of the United Nations on 15 December 1997.

[35] Article 3 of the Vienna Convention, Article 5, 6, 11 of the Palermo Convention, Article 4 of the Financing of Terrorism Convention

[36] Article 7 of the Vienna Convention, Article 18 of the Palermo Convention, Article 12-15 of the Financing of Terrorism Convention

[37] Article 6 of the Vienna Convention, Article 16 of the Palermo Convention, Article 11 of the Financing of Terrorism Convention

[38] Article 5 of the Vienna Convention, Article 12-14 of the Palermo Convention, Article 8 of the Financing of Terrorism Convention

जानकारी गराउनका लागि संयुक्त राष्ट्रसंघका महासचिवलाई दिनुपर्ने व्यवस्था गरेको छ ।[39]

**महासन्धिले परिभाषा गरेका कसूरको आर्थिक पक्ष**

सन् २००८ मा ३५ बिलियन (थप नौ वटा शुन्य) अमेरिकी डलरको लागू औषधको व्यापार भएको भन्ने सन् २०१० को World Drug Report ले देखाएको छ ।[40] मानव बेचबिखनको व्यापारबाट हुने नाफा हालका समयमा लगभग २० बिलियन अमेरिकी डलर रहेको भन्ने देखिन्छ ।[41] यसैगरी आतंकवादमा भएको खर्चको आँकलन गर्दा सन् २००१ को सेप्टेम्बर ११ मा अमेरिकामा भएको घटनामा ५ लाख अमेरिकी डलरभन्दा बढी तथा सन् २००२ मा भएको बाली बम काण्डमा ७४ हजार अमेरिकी डलर खर्च भएको अनुमान सन् २००२ मा संयुक्त राष्ट्र संघको सुरक्षा परिषदका अध्यक्षका लागि गरिएको अध्ययनले देखाएको छ ।[42] UNODC बाट प्रवाहित जानकारी अनुसार एक वर्षमा विश्वको कुल गार्हस्थ उत्पादन (Global GDP) को २ देखि ५ प्रतिशत अर्थात ८०० बिलियन देखि २ ट्रिलियन अमेरिकी डलर रकम शुद्धीकरण गरिन्छ ।[43]

**यी महासन्धिको पक्ष राष्ट्र नेपाल हुँदा सरकारी वकीलको काममा थपिने दायित्व**

**सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) ऐन, २०६४ का सम्बन्धमा**

भियना महासन्धिमा नेपाल सन् २४ जुलाई १९९१ मा सम्मिलन भएको छ । पालेर्मो महासन्धि र आतंकवादमा लगानी नियन्त्रण महासन्धिमा नेपाल पक्ष राष्ट्र भै सकेको छैन, हुने क्रममा छ । तर APG को सदस्य भएपछि नेपालले त्यसको सदस्यको हैसियतमा पूरा गर्नु पर्ने दायित्वलाई सम्बोधन गर्न २०६४ सालमा सम्पत्ति शुद्धीकरण (मनि लाउण्डरिङ) ऐन ल्याएको छ । हालै मात्र उक्त ऐनमा केही महत्वपूर्ण विषयमा संशोधन गरिएको छ । यस अनुसार आतंककारी क्रियाकलापमा लगानी गर्ने कुरालाई निषेध गरिएको छ ।[44] विदेशमा गरिएको कार्यमा नेपालमा सजाय गरिने व्यवस्था गरिएको छ ।[45]

सम्पत्ति शुद्धीकरणलाई निषेध गरेको यस ऐनले बिभिन्न कसूर गरी[46] कमाएको सम्पत्तिलाई रूपान्तण गर्ने, गर्न मद्दत गर्ने कामलाई सम्पत्ति शुद्धीकरण मानेको छ ।

सरकारी मुद्दाको अनुसूचीभित्र नरहेको तर नेपाल सरकारवादी भै चल्ने मुद्दा भएको[47] कारणले यस ऐनका मुद्दाका सम्बन्धमा सरकारी वकीलको दायित्व मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने तथा मुद्दा दायर भएपछि प्रतिरक्षा गर्ने नै हुन्छ । (हाल यस ऐन अन्तर्गतका मुद्दाको तहकिकातको लागि नेपाल सरकारले राजश्व अनुसन्धान विभागलाई तोकेको छ । कसूर भएको इलाकाको जिल्ला सरकारी वकील कार्यालयबाट मुद्दा चल्ने नचल्ने निर्णय गरिन्छ । मुद्दा

[39] Article 8 of the Vienna Convention, Article 21 of the Palermo Convention, Article 19 of the Financing of Terrorism Convention

[40] http://www.unodc.org/documents/wdr/WDR_2010/Executive_summary.pdf हेरिएको मितिः २०६८।२।६

[41] André Standing, rapporteur, Transnational Organized Crime and the Palermo Convention: A Reality Check, New York: International Peace Institute, December 2010, page 2. Cited from< http://www.humansecuritygateway.com/documents/IPI_TransnationalOrganizedCrimeandthe Palermo Convention_ARealityCheck.pdf> हेरिएको मितिः २०६८।२।१४

[42] http://www.investigativeproject.org/documents/testimony/22.pdf हेरिएको मितिः २०६८।२।१४

[43] http://www.unodc.org/unodc/en/money-laundering/globalization.html हेरिएको मितिः २०६८।२।१४

[44] दफा ४ क.

[45] दफा ५क.

[46] (क) राजश्व छली (ख) संगठित रूपमा अपराध गरी (ग) आतंककारी क्रियाकलापमा लगानी गरी (घ) हातहतियार खरखजाना सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (ङ) विदेशी विनिमय नियमित गर्ने सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (च) ज्यान, चोरी, ठगी, किर्ते कागज, खोटा चलन, अपहरण वा शरीर बन्धक सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (छ) लागू औषध नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (ज) राष्ट्रिय निकुञ्ज तथा वन्य जन्तु संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (झ) मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (ञ) सहकारी सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (ट) वन सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (ठ) भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (ड) बैङ्क तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (ढ) बैंकिङ्ग कसूर तथा सजाय सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (ण) प्राचीन स्मारक संरक्षण सम्बन्धी प्रचलित कानून अन्तर्गतको कसूर गरी (त) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य कुनै कानून अन्तर्गतको कसूर गरी ।

[47] दफा २४

हेर्न नेपाल सरकारबाट विशेष अदालतलाई तोकिएको हुँदा मुद्दा दायर भएपछि बहस पैरवी र प्रतिरक्षाको काम महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत विशेष शाखाबाट हुँदै आएको छ।) तथापि यस ऐन अन्तर्गत कसूर मानिने कार्य प्रचलित अन्य कानून बमोजिम समेत दण्डनीय हुने रहेछ भने त्यस्तो कानून बमोजिम समेत मुद्दा दायर गर्न सकिने र प्रचलित कुनै कानून अन्तर्गतको कसूरमा संलग्न व्यक्तिले यस ऐन अन्तर्गत कसूर मानिने कार्य गरेको देखिएमा त्यस्तो कसूर अनुसन्धान तथा तहकिकात गर्ने निकाय वा अधिकारीले विभागलाई सोको जानकारी दिनु पर्ने व्यवस्था[48] यस ऐनमा भएकोले यस व्यवस्था कार्यान्वयका सन्दर्भमा सरकारी वकील सजग हुनु पर्ने अवस्था छ।

**पारस्परिक कानूनी सहायता सम्बन्धी कानूनका सम्बन्धमा**

उल्लिखित तीन वटा महासन्धिको व्यवस्था कार्यान्वयन गर्न लगायत पारस्परिक कानूनी सहायता लिने दिने व्यवस्था गर्नका लागि त्यससँग सम्बन्धित आफ्नो कानून बनाउनु पर्ने आवश्यकता देखी पारस्परिक कानूनी सहायता सम्बन्धी विधेयक तयारी अवस्थामा छ।[49] अनुसन्धान, प्रमाण संकलन, न्यायिक कारवाही तथा फैसला कार्यान्वयन समेतमा पारस्परिक कानूनी सहायता गर्न सकिने व्यवस्था गरेको यस विधेयकले पारस्परिक कानूनी सहायता प्रदान नगरिने[50] सम्बन्धमा पनि स्पष्ट व्यवस्था गरेको छ । यस विधेयकले गरेका व्यवस्थाका आधारमा हेर्दा पारस्परिक कानूनी सहायता कार्यान्वयनका क्रममा सरकारी वकील निम्न रूपमा संलग्न हुनु पर्ने देखिन्छ :

क) पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने प्रयोजनको लागि महान्यायाधिवक्ताले केन्द्रीय अधिकारीको रूपमा काम गर्ने व्यवस्था[51]

ख) पारस्परिक कानूनी सहायताको लागि अनुरोध प्राप्त भएपछि परराष्ट्र मन्त्रालयले केन्द्रीय अधिकारी समक्ष पठाउनुपर्ने र त्यसरी अनुरोध प्राप्त भएपछि केन्द्रीय अधिकारीले त्यस सम्बन्धमा अध्ययन तथा जँचबुझ गरी पारस्परिक कानूनी सहायता उपलब्ध गराउनुपर्ने देखिएमा केन्द्रीय अधिकारीले सोको निर्णय गरी त्यसभन्दा अगाडिको कारवाही गर्नु पर्ने व्यवस्था[52]

ग) अनुसन्धान, तहकिकातको लागि बाहेक अन्य निम्न प्रयोजनको लागि[53] पारस्परिक कानूनी सहायता अनुरोध गरिएको भए कारवाहीको लागि जिल्ला सरकारी वकीलको कार्यालय मार्फत केन्द्रीय अधिकारीले जिल्ला अदालतमा निवेदन पेश गर्ने व्यवस्था[54]

१. प्रमाण प्राप्तिको लागि

२. न्यायिक कारवाहीको अनुसन्धान, तहकिकात र कारवाहीको लागि सहयोग पुग्ने कुनै कागजात वा वस्तु वा सूचनाको लागि

३. नेपालमा रहेको भनी त्यस्तो सम्पत्ति वा रोक्का राख्ने वा जफत गर्ने आदेश कार्यान्वयनको लागि

४. व्यक्ति वा निकायको नाममा कुनै म्याद, सूचना, समाव्हान जारी गर्नुपर्ने भएमा

(घ) केन्द्रीय अधिकारीले निम्न प्रयोजनका लागि निम्न काम गर्नु पर्ने व्यवस्था[55]

---

[48] दफा २५

[49] http://www.lawcommission.gov.np/index.php?option=com_remository&Itemid=31&lang=en हेरिएको मिति: २०६८।२।१४

[50] विधेयकको दफा ३ को उपदफा (२)- पारस्परिक कानूनी सहायता आदान प्रदान नगरिने अवस्था - (क) नेपाल र अनुरोध गर्ने राज्यबीच पारस्परिक कानूनी सहायता आदान प्रदान गर्ने सन्धि नभएमा, (ख) पारस्परिक कानूनी सहायता आदान प्रदान गर्दा वा सो कारणबाट सार्वजनिक व्यवस्था (पब्लिक अर्डर) प्रतिकूल हुने अवस्था भएमा, (ग) देवानी प्रकृतिको विषयमा एक लाख रूपैयाँ भन्दा कम बिगो कायम रहेको न्यायिक कारवाही भएमा, (घ) फौजदारी प्रकृतिको विषयमा एक वर्ष भन्दा कम सजाय हुने कसूर भएमा

[51] दफा ४

[52] दफा १६ र १८

[53] दफा २२, २४, २५ र २८

[54] दफा १८ को उपदफा (२) को खण्ड (ख)

[55] दफा २३, २६, २७ र २९

१. नेपालमा रहेको व्यक्तिलाई अनुरोध गर्ने राज्यसँग समन्वय गरी न्यायिक कारवाहीमा सहयोग गर्न नेपालबाट पठाउने, नेपालमा फिर्ता ल्याउने र अन्य सम्बद्ध विषयवस्तुको व्यवस्था मिलाउनु पर्ने

२. वस्तुको खानतलासी र कब्जामा लिन सम्बन्धित निकायको प्रमुखलाई आदेश गर्नु पर्ने

३. व्यक्तिको खोजतलास र सनाखतको लागि निजको विवरण र हुलियासहित नेपाल प्रहरी समक्ष पठाउनु पर्ने

४. फैसला कार्यान्वयनको लागि फैसला कार्यान्वयन गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्ने

(ङ) केन्द्रीय अधिकारीले वार्षिक रूपमा पारस्परिक कानूनी सहायता माग गरिएको र कानूनी सहायता उपलब्ध गराएको विवरण उल्लेख गरी नेपाल सरकार समक्ष प्रतिवेदन दिनुपर्ने व्यवस्था[56]

**सपुर्दगी सम्बन्धी कानून**

सपुर्दगीका लागि कानून बनाउनु पर्ने व्यवस्था तीन वटै महासन्धिले गरेको सन्दर्भमा सोसमेतको प्रयोजनका लागि सपुर्दगी कानूनको आवश्यकता देखिन्छ । प्रचलित सपुर्दगी ऐन, २०४५ ले यस काममा लागि सरकारी वकीलको कुनै भूमिका राखेको छैन । तर प्रस्तावित सपुर्दगी ऐनमा सरकारी वकीललाई पनि सपुर्दगी गर्ने कामको प्रक्रियामा संलग्न गराइएको छ । कुनै अभियुक्त वा कसूरदारलाई सपुर्दगीका लागि अनुरोध गर्ने राज्यले कुटनैतिक माध्यमबाट अनुरोध गरेपछि त्यस अनुरोधलाई कार्यान्वयन गर्न गृह मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था प्रस्तावित ऐनमा छ ।[57] गृह मन्त्रालयले प्राप्त अनुरोध बमोजिम सपुर्दगीको कारवाही अगाडि बढाउने निर्णय गरेमा सरकारी वकिल मार्फत अदालतको अनुमतिको लागि जिल्ला अदालतमा प्रतिवेदन पेश गर्न लगाउन प्रमुख जिल्ला अधिकारीलाई आदेश दिनु पर्छ ।[58] अनुरोध गर्ने राज्यबाट प्राप्त वारेण्ट जारी गरी व्यक्ति पक्राउ परेपछि निजलाई बाटाको म्याद बाहेक २४ घण्टाभित्र जिल्ला अदालतमा पेश गरी अदालतको आदेशले थुनामा राखिने र निजलाई सपुर्दगी गर्नका लागि प्रमुख जिल्ला अधिकारीले सरकारी वकील मार्फत अदालत समक्ष प्रतिवेदन दिनु पर्छ ।[59] माग गरिएको व्यक्तिलाई सपुर्दगी गर्न (जिल्ला अदालतको आदेशले वा नेपाली नागरिक भएको कारणले) नसकिने भएमा प्रचलित कानून बमोजिम नेपालमा मुद्दा चलाउनु पर्छ ।[60] नेपाल सरकारले अनुरोध गरेको व्यक्ति सपुर्दगी भै आएमा प्रचलित कानून बमोजिम कारवाही चलाउनु पर्छ ।[61] यसप्रकार सपुर्दगी सम्बन्धी कारवाहीमा सरकारी वकील संलग्न हुनु पर्ने व्यवस्था बन्दै गरेको कानूनमा गरिएको छ ।

**प्रस्तावित संगठित अपराध नियन्त्रण ऐनका सम्बन्धमा**

संगठित अपराध नियन्त्रण गर्ने मुख्य उद्देश्य रहेको यस ऐनले आपराधिक समूहका लागि वा त्यस्ता समूहसँग कुनै प्रकारले सम्बद्ध रहेर गरिने गम्भीर अपराधलाई संगठित अपराध मानेको छ । गम्भीर अपराध अन्तर्गत यस ऐनले तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर, आपराधिक समूहको स्थापना, न्यायिक कारवाहीमा अवरोध, विध्वंसात्मक कार्य, आतंककारी कार्यमा लगानी, भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणको कसूर, संगठित अपराधको तयारी, उद्योग, षडयन्त्र, दुरुत्साहन, मतियार हुनुलाई तथा नेपाल सरकारले तोकेको अन्य कसूरलाई राखेको छ ।[62]

यस ऐनले गरेका केही पृथक व्यवस्था निम्न छन्:

क) सजायको माग दाबीमा छुट दिन सकिने व्यवस्था[63]

---

[56] दफा ३४

[57] विधेयकको दफा ६ र ७

[58] दफा ८

[59] दफा ९,१०,११ र १२

[60] दफा १६

[61] दफा २५

[62] प्रस्तावित ऐनको दफा २, ३

[63] दफा २२

ख) थप अभियोग लगाउन सकिने व्यवस्था[64]

ग) दायर भै सकेको अभियोगपत्र महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धित सरकारी वकीलले संशोधन गर्न सक्ने व्यवस्था[65]

घ) प्रमाण सम्बन्धी विशेष व्यवस्था[66]

१. प्रमाण सम्बन्धमा यस ऐनको व्यवस्था लागू हुने कुरा

२. श्रव्यदृश्य संवाद मार्फत हुने अदालती कारवाहीलाई मान्यताः अभियुक्तको बयान, प्रमाणका व्यक्ति बुझ्ने, साक्षी परीक्षण गर्ने

३. आरोपित व्यक्तिको साविती बयान सरकारी वकीलबाट पेश भै नजिकको जिल्ला अदातलबाट प्रमाणित गराउने र त्यस्तो बयान निज विरुद्ध प्रमाणमा लिन सकिने कुरा

४. विदेशमा कानून अनुसार संकलन गरिएको प्रमाणलाई स्वीकार गर्न सकिने कुरा

ङ) यस ऐनले संगठित अपराधको परिभाषामा भ्रष्टाचार र सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरलाई राखेको भए पनि यी दुई कसूरको अनुसन्धान गर्ने निकाय र मुद्दा हेर्ने अदालत छुट्टै हुने भनेको छ र यी मुद्दा बाहेक अन्य मुद्दालाई सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश भएको मानिने व्यवस्था गरेको छ ।[67]

च) यस ऐन अन्तर्गतको कसूर मानी दायर भएको मुद्दा यस ऐन अन्तर्गतको नदेखिएमा पनि दायर भएको जिल्ला अदालतले प्रचलित कानून बमोजिमको मुद्दामा परिणत गरी फैसला गर्न सक्ने र त्यस्तो अवस्थामा पुनरावेदनका लागि ७० दिनको म्याद दिनु पर्ने व्यवस्था गरेको छ ।[68]

**उपसंहार**

अपराधको परिमार्जित स्वरूपका कारण कानून कार्यान्वयन गर्ने निकायको काम दिन प्रतिदिन जटिल भैरहेको छ । सरकारी वकीलको प्रमुख जिम्मेवारीको रूपमा लिइएका सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूचीमा उल्लेख भएका मुद्दा भन्दा अन्य सरकारवादी मुद्दालाई बढी गम्भीर मान्नु पर्ने अवस्था देखिन थालेको छ । २०४९ सालभन्दा पहिले सरकारी मुद्दा सम्बन्धी ऐनको अनुसूचीमा नरहेका सरकारीवादी हुने मुद्दालाई सरकारी वकीलले बहस पैरवी र प्रतिरक्षाका सन्दर्भमा बाहेक आफ्नो पूर्ण जिम्मेवारीभित्रको नदेख्ने अवस्थाको समाप्ति भएको झण्डै २० वर्ष बितिसक्दा पनि त्यस्ता मुद्दाको स्वामित्व लिन सरकारी वकील तयार हुन नसकेको अवस्थालाई परिवर्तन गरी त्यस्ता मुद्दालाई पनि अनुसूचीभित्र कै मुद्दासरह महत्व दिनु जरुरी देखिन्छ ।

सबै प्रकारका सरकारवादी हुने मुद्दालाई समान महत्व दिन थालेपछि अनुसन्धानका सम्बन्धमा सरकारी वकीलले दिनु पर्ने कानूनी मार्गदर्शनको जिम्मेवारी त बढ्छ तर अनुसन्धानमा हुने त्रुटि कम हुन जान्छ र अभियोजनको स्तर बढ्छ । यसका लागि पहिले सरकारी वकीलले आफूमा त्यसरी निर्देशन दिन सक्ने क्षमता विकास गर्नु जरुरी छ । साथै, सरकारी वकीलले आफ्नो काम अनुसन्धानलाई कानूनी व्यवस्था अनुसारको बनाउनका लागि गरिरहेको भन्ने विश्वास अनुसन्धान गर्ने निकायलाई दिन पनि सक्नु पर्छ ।

आगामी दिनमा सरकारी वकीलको कार्यक्षेत्र अपराध अनुसन्धान, अभियोजन तथा बहस पैरवीमा मात्र सीमित रहने अवस्था छैन । परम्परागत काम भन्दा बाहिरका काम गर्नका लागि कामको जिम्मेवारी पाउने निकायले

[64] दफा २३

[65] दफा २४

[66] परिच्छेद ६

[67] दफा १२, ४४ र ६५

[68] दफा ६३

आफ्नो जनशक्तिलाई नयाँ काम गर्न सक्ने क्षमता दिलाउनु पर्छ। साथै, ती नयाँ कामका लागि सरकारी वकीलले पनि आफूलाई तयार पार्नु अति आवश्यक छ। यसरी कामको बोझ थपिँदै जादा त्यसको अनुपातमा जनशक्तिलाई बढाउनु जरुरी हुन्छ। अपर्याप्त जनशक्तिको समस्यासँग भिड्दै गरेको महान्यायधिवक्ताको कार्यालयले समयमै त्यसतर्फ बिचार गर्नुपर्ने देखिन्छ।

## अनुसूची -५

## कार्यक्रम व्यवस्थापन, आवास व्यवस्थापन र ऱ्यापोटिङ्गमा सम्लग्न कर्मचारीहरू

**(क) कार्यक्रम संयोजक** सहन्यायाधिवक्ता श्री युवराज सुवेदी

**(ख) आवास व्यवस्थापन**

१. सहन्यायाधिवक्ता श्री कृष्णप्रसाद पौडेल-संयोजक

२. शाखा अधिकृत श्री बालकृष्ण वाग्ले-सह संयोजक

**(ग) कार्यक्रम ऱ्यापोर्टिङ, प्रतिवेदन लेखन/सम्पादन**

१. उपन्यायाधिवक्ता श्री धर्मराज पौडेल

२. अनुसन्धान अधिकृत श्री रेवतीराज त्रिपाठी

३. शाखा अधिकृत श्री सोमकान्त भण्डारी

**(घ) कार्यक्रम व्यवस्थापन**

१. शाखा अधिकृत श्री हरिशंकर ज्ञवाली

२. शाखा अधिकृत श्री यदुनाथ शर्मा

३. शाखा अधिकृत श्री अशोककुमार क्षेत्री

४. टा.ना.सु. श्री गजेन्द्र के.सी.

५. ना.सु. श्री नारायण घिमिरे

**(ङ) आर्थिक व्यवस्थापन**

१. लेखापाल श्री उमेश्वर काफ्ले

**(च) व्यवस्थापन सहयोगी**

१. का.स. श्री दीपक पुडासैनी

२. का.स. श्री राजु मारिपा श्रेष्ठ

३. का.स. श्री प्रदीप दाहाल

४. का.स. श्री प्रकाश घिमिरे

## अनुसूची - ६

# महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकीलहरुलाई जारी गरिएको कार्य निर्देशिका

वर्तमान संक्रमणकालीन अवस्थामा अपराधको अनुसन्धान, अभियोजन एवं पूर्पक्षका कार्यहरु चूनौतिपूर्ण बनेका छन् । संगठित एव हिंसाजन्य अपराधका श्रृंखलाहरु व्यापक रुपमा बढिरहेका छन् । समाजमा लागू पदार्थ, खोटा मुद्रा छपाई, अवैध मुद्राको कारोवार, सूचना प्रविधिको दुरुपयोग, अपहरण र शरीर बन्धक जस्ता अपराधहरूको वृद्धि भएबाट आमनागरिकमा असुरक्षा एवं भयको सिर्जना भैरहेको छ । यस्तो अवस्थामा अपराधको प्रभावकारी, छिटो एवं भरोसायुक्त अनुसन्धान गरी प्रमाणको विश्लेषणयुक्त प्रयोग भई अभियोजन हुन सकेन भने पूर्पक्ष प्रभावित हुन जान्छ । अपराधी न्यायको घेराबाट उम्कने खतरा रहन्छ । निर्दोष मानिस पीडित हुन सक्ने खतरा हुन्छ । फौजदारी न्यायको प्राथमिक उद्देश्य अपराधबाट पीडित भएका व्यक्तिहरूको संरक्षण गर्दै अपराधमा संलग्न व्यक्तिलाई दण्डको घेराभित्र ल्याउनु मात्रै होइन सम्भावित अपराधीहरूलाई अपराध गर्नबाट रोक्नु पनि हो । समाजमा महिला, असहाय, गरिब एवं पिछडिएका जनताहरू अपराधका शिकार बन्ने जोखिम रहन्छ । तसर्थ अपराधको प्रभावकारी, विश्वसनीय, स्वच्छ र निष्पक्ष अनुसन्धान एवं अभियोजनको गर्न महान्यायाधिवक्ताको कार्यालय मातहत सबै सरकारी वकील कार्यालयहरूलाई सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३८(२) बमोजिम यो निर्देशन जारी गरिएको छ ।

१. सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा ६(१) बमोजिम प्रहरीबाट प्रस्तुत हुने प्रारम्भिक प्रतिवेदन हाल केवल औपचारिकताको रुपमा मात्र सीमित रहेको तथ्यलाई मध्यनजर राख्दै तत्सम्बन्धमा तत्काल आवश्यक सुधार गर्न उक्त प्रतिवेदनमा घटनाको वस्तुनिष्ठ तथ्यगत विवरणका अतिरिक्त कस्ता प्रमाणहरू संकलन गरिनुपर्ने अवस्था रहेको छ, सरकारी वकीलबाट के कस्ता कुरामा निर्देशन दिनुपर्ने अवस्था छ जस्ता कुराहरु स्पष्ट खुलाई विवरण समावेश गरी अपराध अनुसन्धान गर्न सबै सम्बन्धित प्रहरी कार्यालयलाई निर्देशन दिने र प्रारम्भिक प्रतिवेदन पेश हुनासाथ सम्बन्धित सरकारी वकीलले प्रहरी अनुसन्धानकर्तासँग आवश्यक परामर्श गरी अपराध अनुसन्धानको कानूनी कार्यविधि र संकलन गर्नुपर्ने प्रमाणको वैधताका सम्बन्धमा प्रहरी अनुसन्धानकर्तालाई तत्काल निर्देशन दिने परिपाटीलाई व्यवस्थित गर्ने । यसरी दिइएको निर्देशनहरुको टिपोट तयार गरी प्रारम्भिक प्रतिवेदनसाथ संलग्न गरी फाइलमा राख्ने परिपाटीलाई संस्थागत गर्ने । सम्बन्धित पुनरावदेन सरकारी वकील कार्यालयले प्रत्येक महिना आफू मातहतका सरकारी वकील कार्यालयले सम्पादन गर्नुपर्ने गरी जारी गरिएको उपर्युक्त निर्देशनको पालना भए नभएको र भएकोमा बस्तुगतढंगबाट भए नभएको निरीक्षण गरी महान्यायाधिवक्ताको कार्यालयको अनुसन्धान महाशाखा मार्फत महान्यायाधिक्ता समक्ष पेश गर्ने ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४ को उपधारा (३) बमोजिम पक्राउ गरिएको शंकित व्यक्तिलाई २४ घण्टाभित्र सम्बन्धित न्यायिक अधिकारी समक्ष पेश गरेको पत्रको प्रतिलिपि सरकारी वकील कार्यालयमा अभिलेखबद्ध गर्न जिल्ला प्रहरी कार्यालयलाई लगाउने र त्यसरी सम्बन्धित न्यायिक अधिकारी समक्ष म्याद थपका लागि पेशगर्नु पूर्व सरकारी वकील समक्ष शंकित व्यक्तिलाई उपस्थित गराउने व्यवस्था मिलाउन सम्बन्धित जिल्ला प्रहरी कार्यालयलाई निर्देशन दिने । तत्पश्चात् प्रत्येक पटक म्याद थपका लागि न्यायिक अधिकारी समक्ष प्रस्तुतगर्नु पूर्व शंकित पक्राउ परेका व्यक्ति र त्यसबेलासम्म सम्पादन गरिएको अनुसन्धानको प्रगति र संकलन गरिएका प्रमाणहरूको जानकारी लिई त्यस्ता प्रमाणहरुको वैद्यताको सम्पुष्टि गर्ने प्रयो

जनको लागि आवश्यक निर्देशन दिने र सोको प्रयोजनको लागि त्यसबेलासम्म संकलित प्रमाणहरूको संलग्न रहेको फाइल प्रस्तुत गर्न लगाई अनुसन्धानलाई सहयोग पुग्ने र अनुसन्धानकर्ताले संकलन गरेका प्रमाणहरूको सत्यता एवं वैद्यता स्थापित हुने गरी आवश्यक निर्देशन दिई सो निर्देशनको व्यहोराको अभिलेख गर्ने । सो प्रयोजनको लागि एक छुट्टै रजिष्ट्रर तयार पार्ने ।

३. अनुसन्धानकर्तालाई अनुसन्धानको कार्यमा बाधा पार्ने खालका कुनै अवरोधहरू सिर्जना भएमा अनुसन्धानकर्तासँग तत्काल समन्वय गरी त्यस्ता अवरोधहरूको सम्बोधन गर्नेतर्फ पहल गर्ने र सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारसँग पनि समन्वय गरी स्वच्छ र निष्पक्ष अनुसन्धानको वाताबरण निर्माण गर्न सबै जिल्ला सरकारी वकील कार्यालयहरूले आवश्यक सक्रियता अवलम्बन गर्ने ।

४. एउटै हयाण्डकफ (हतकडी) दुईजना व्यक्ति (शंकित) लाई लगाउने र कहिलेकाही सबै पक्राउ परेका सबै व्यक्तिलाई एक आपसमा जोडिनु पर्ने गरी हतकडी लगाउने प्रचलन रहेको गुनासाहरू सुनिएका छन् । एउटा हतकडी एउटा व्यक्तिलाई मात्र लगाउने व्यवस्था तत्काल गर्न सम्बन्धित प्रहरी अधिकृतहरूलाई निर्देशन दिने र पालना भएको नभएको अनुगमन गरी त्यस्तो निर्देशन पालना नभएमा महान्यायाधिवक्ताको कार्यालयमा जानकारी गराउने । शंकित तथा अभियुक्तप्रति अन्तर्राष्ट्रिय मापदण्डहरूले तोके बमोजिम व्यवहार भए नभएको कुराको अनुमगन गर्ने कुरामा सबै जिल्ला सरकारी वकील कार्यालयहरू चनाखो हुनुपर्ने । यस सम्बन्धमा प्रश्न उठाउँदा प्रहरीबाट जनशक्तिको कमी, साधनको कमी जस्ता कुराहरू उठाउने गरेको पाइएको छ । यस्ता कमी कमजोरीको आधारमा मानवोचित व्यवहार प्रतिकूलताको कार्यहरू गर्न कसैलाई छुट हुन सक्दैन । मानव अधिकारको उल्लघंनमा “जिरो टोलरेन्स” को सिद्धान्तप्रति नेपालको प्रतिबद्धता भएको कुरा समेतलाई ख्याल गर्ने ।

५. प्रहरी प्रधान कार्यालयमा महान्यायाधिवक्ता एवं नायब महान्यायाधिवक्ताहरूसमेत उपस्थित रहेको छलफल कार्यक्रममा सबै जिल्ला प्रहरी कार्यालयहरूमा अधिकृततहका अनुसन्धानकर्ताहरूको दरबन्दी रहेको जानकारी भएको र अनुसन्धानको कार्यमा सहयोग गर्ने प्रयोजनको लागि प्रत्येक जिल्लामा SoCo (सिन अफ क्राइम अफिसर) र अनुसन्धान किटबक्स र क्यामेरा उपलब्ध गराइएको जानकारी दिइएको र अपराध अनुसन्धानको कार्यमा यस किसिमको सुधारप्रति महान्यायाधिवक्ताबाट प्रशंसा समेत भएको थियो । तर हाल महान्यायाधिवक्ताबाट विभिन्न जिल्लाको निरीक्षण भ्रमण गर्दा कतिपय जिल्ला प्रहरी प्रमुखहरूले अपराध अनुसन्धान अधिकृतलाई अन्यत्रै काम लगाई आफ्नो घुमन्तेहरूलाई सो स्थानमा राखेको र SoCo अफिसरहरूलाई समेत उनीहरुको जिम्मेवारी अनुसार काम नलगाएका गुनासाहरू सुनिएका छन् । यस सम्बन्धमा सम्बन्धित जिल्ला प्रहरी प्रमुखसँग परामर्श गरी अपराध अनुसन्धानको कार्यलाई प्राथमिकताका साथ सम्पन्न गर्ने वातावरण निर्माण गर्न पहल गर्ने । अपराध अनुसन्धानमा प्रशिक्षित व्यक्तिहरूको व्यावसायिक संलग्नताप्रति जिल्ला प्रहरी प्रमुखलाई सजग गर्ने कार्यले अपराध अनुसन्धानलाई प्रभावकारी बनाउने हुँदा यसतर्फ सबै जिल्ला सरकारी वकील कार्यालयहरूले विशेष ध्यान दिने ।

६. जिल्लामा कार्यरत सरकारी वकील महान्यायाधिवक्ताको जिल्लास्थित प्रतिनिधि हो । जिल्लास्थित नेपाल सरकारका सबै जिल्लास्तरीय कार्यालयहरूलाई कानूनी राय एवं सल्लाह दिने जिम्मेवारी पनि जिल्ला सरकारी वकीलको हो । तर जिल्लास्थित कार्यालयहरूले जिल्ला सरकारी वकीलसँग कानूनी राय सल्लाह लिई निर्णय गर्ने परिपाटी कमै देखिएको छ । फलस्वरुप त्यस्ता कार्यालयबाट हुने निर्णयहरूमा कानूनी एवं कार्यविधिगत त्रुटि भई सरकारका विरुद्ध अनावश्यक रिटहरू पुनरावेदन अदालत र सर्वोच्च अदालतमा पर्ने गरेको

देखिन्छ । यसबाट एकातर्फ अनावश्यक राजश्वको खर्च भएको देखिन्छ भने अर्कोतर्फ नागरिकलाई अनावश्यक हैरानी समेत भएको देखिन्छ। अतः प्रमुख जिल्ला अधिकारीमार्फत समन्वय गरी जिल्ला सरकारी वकील कार्यालयहरूले सरकारका जिल्लास्थित सरकारी निकायबाट सरकारी वकील सम्बन्धी नियमावली, २०५५ को नियम ३४ को रित पुऱ्याई कानूनी राय सल्लाह लिने वातावरण निर्माण गर्ने र आफूले पनि सहज र सहयोगी भूमिका निर्वाह गर्ने ।

७. समाजको शान्ति सुरक्षा एवं नागरिकका स्वतन्त्रताको संरक्षण नै फौजदारी न्यायको मूल मर्म हो । समाजमा जोखिममा परेका नागरिकहरूको सुरक्षा र न्यायप्रतिको पहुँच कमजोर हुन्छ भन्ने यथार्थतालाई महसुस गर्दै महिला, असहाय, दलित, पछाडि पारिएका वर्गका नागरिक एवं पीडित रहेका मुद्दामा उनीहरूप्रति अत्यन्त सम्बेदनशील रही मुद्दाको अनुसन्धान गर्न प्रहरीलाई निर्देशन दिई अनुगमनसमेत गर्ने र यस्ता वर्गका व्यक्तिहरु शंकित भई पक्राउ पर्दा उनिहरूले कुनै किसिमको अपमान भोग्नु नपर्ने व्यवस्थाको सुनिश्चितता गर्न सबै जिल्ला सरकारी वकीलहरू सजग रहने ।

८. हिरासतमा रहेका व्यक्तिहरूप्रति मानवोचित व्यवहार भए नभएको नियमित हिरासत अनुगमन गरी हिरासत व्यवस्थालाई सुदृढ पार्नसमेत सरकारी वकीलको भूमिका रहेको र हिरासतमा रहेका व्यक्तिप्रति मानवोचित व्यवहार भए नभएको अनुगमन गर्ने कार्यादेश नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा ३ (ग) बाट महान्यायाधिवक्तालाई दिइएको अवस्थामा सबै पुनरावेदन सरकारी वकीलहरूलाई सो कार्यादेश बमोजिमको अधिकार प्रत्यायोजितसमेत भइसकेकोले सो सम्बन्धी काम गर्दा गराउँदा त्यस्ता कामको अभिलेख राख्ने ।

९. अपराधबाट पीडित भएका व्यक्तिहरूप्रति सम्बेदनशील हुनुपर्ने जिम्मेवारीलाई सबै सरकारी वकील कार्यालयहरूले गम्भीरतापूर्वक ग्रहण गर्दै उनिहरुले पाउने सुविधा एवं हक अधिकारको प्रचलन गराउनमा सरकारी वकीलहरु सक्रिय रहनु पर्ने हुन्छ । अतः नेपालको अन्तरिम संविधान, २०६३, नेपाल कानून र नेपाल राज्य पक्ष रहेको सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरूप्रति समेत उत्तरदायी रही आवश्यक कार्य गर्ने । अपराधबाट पीडित भएका व्यक्तिहरुले विभिन्न किसिमका दवाबबाट जाहेरी वा बयान फेर्ने कार्यले न्याय सम्पादन प्रभावित भएको कुरा विभिन्न मिसिलबाट देखिएको छ । यस्ता पीडितहरूको अदालतमा हुने बकपत्र अभियोजन पत्र दायर भएपछि तत्काल गरी गराई "साक्षी बिरोधी" हुने बढ्दो परिपाटीलाई रोक्न पहल गर्ने ।

१०. अभियोगपत्र दायर गर्दा अभियुक्तको नाम, ठेगाना, वतन प्रष्ट हुने सम्भव भएसम्म नागरिकताको प्रमाणपत्र, चालक प्रमाणपत्र वा परिचय खुल्ने अन्य प्रमाणपत्रजस्ता आधिकारिक प्रमाणहरुको प्रतिलिपि, इमेल, टेलिफोन, मोबाइल नम्बरहरू र फेला परेका अभियुक्तको फोटो बयानको अन्तिममा टाँस गरी सो बयान गरिएको कागजमा ल्याप्चे वा सहिछाप गराउने । यो कार्य तत्काल सुरु गर्न गराउन प्रहरी अनुसन्धानकर्तालाई समेत निर्देशन दिने । कुनै शंकित व्यक्तिले बयानमा लेखाएको नाम, थर वतनलाई छानविन गरी यकिन गर्ने गराउने । निजले लेखाएको गा.वि.स./ महा/उपमहा/नगरपालिका छ कि छैन, सम्बन्धित व्यक्ति सो गा.वि.स. र वडा नं. को हो होइन स्थानीय निकायको नाम उल्लेखित विवरण पुस्तिका वा टेलिफोन फ्याक्स जस्ता माध्यमबाट यकिन गर्ने गराउने ।

११. कतिपय प्रहरी कार्यालय तथा सरकारी वकील कार्यालयहरूले पटके अपराध कायम हुने मुद्दाहरू (जस्तै चोरी, डाँका, लागू औषध) का अभियुक्तहरूको नाम नामेसी रेकर्ड गरी राख्ने गरेको नपाइदा त्यस्ता

मुद्दाका प्रतिवादीहरूको नाम नामेसी रेकर्ड गरी राख्ने र अदालतबाट हुने फैसलाको मितिसमेत जनाउने । यी विवरणमा सबै जिल्लाको पहुँच हुने व्यवस्था मिलाउन प्रयत्न गर्ने ।

१२. फरारी अभियुक्तको छुट्टै लगत देखिने गरी रजिष्ट्रर खडागरी राख्ने ।

१३. अदालत वा न्यायिक अधिकारीबाट हुने अन्तरकालीन आदेशउपर माथिल्लो अदालतमा निवेदन गर्ने कानूनी व्यवस्थानुसार समयमै निवेदन गरिएको वा निवेदन मस्यौदा पठाइएको पाइदैन । अतः त्यस्ता आदेशउपर अदालतबाट आदेश भएको सामान्यतः १५ दिनभित्र निवेदन गर्ने वा निवेदनको मस्यौदा प्रस्ताव पठाउने कार्य गरिसक्ने व्यवस्था गर्ने ।

१४. निवेदन, पुनरावेदन मुद्दा दोहोऱ्याउने/नदोहोऱ्याउने निवेदनहरूको राय प्रस्ताव अदालतबाट मुद्दामा सूचना पाएको १० दिनभित्र तालुक कार्यालयमा पठाइ सक्नुपर्ने कानूनी व्यवस्था भएपनि सो समयसीमा भन्दा धेरै ढिलो गरी म्याद नै थमाउनु पर्ने गरी प्रस्ताव पठाइने गरेको पाइदा समयसीमाभित्रै मिसिल कागजात दुरुस्त राखी पठाउने कार्य गर्नेतर्फ सबै सरकारी वकीलहरू सचेत रहने ।

१५. अभियोगपत्र दायर भएपछि लामो समयसम्म साक्षीहरूको बकपत्र नगराउने परिपाटीले साक्षीहरू बिरोधी हुने र त्यसैकै आधारमा न्यायसमेत प्रभावित हुने गरेको पाइएको छ । तत्पश्चात् साक्षीले फरक बकपत्र गरेका आधारमा कतिपय सरकारी वकीलले पुनरावेदन गरेपनि सफल नहुने भनी पुनरावेदन नगर्ने निकासा माग गर्ने परिपाटी नै विकास गरेको देखिएको छ । फौजदारी अपराधको अभियोजन पीडितको खुशीको लागि मात्र गरिएको नभई राज्यको शान्तिसुरक्षा र अपराध नियन्त्रणको प्रयोजनका लागि पनि गरिएको हो । यस तथ्यलाई विचार गरी प्राप्त अन्य प्रमाणको आधारमा सुरु अदालतमा अभियोगपत्र मागदाबी बमोजिम हुन नसकेका मुद्दामा विशेष मेहनतका साथ बुँदा उल्लेख गरी माथिल्लो तहका अदालतमा पुनरावेदन गरी मेहनतका साथ प्रतिरक्षा गर्ने प्रणाली विकास गर्नेतर्फ सबै सरकारी वकील सचेत हुने ।

१६. अदालतमा अभियोग, निवेदन, पुनरावेदन दर्ता भएको लामो समयसम्म पनि पेशी सूचना प्राप्त नभएका मुद्दाहरू वा लामो समयसम्म पनि फैसलाको सूचना नआएका मुद्दाहरूमा सरकारी वकील स्वयं सक्रिय भई अदालतसँग समन्वय गरी कारण पत्ता लगाई त्यस्ता मुद्दाहरूमा गर्नु पर्ने कारवाहीहरू अगाडि बढाउने ।

१७. गोलमटोल रुपमा अभियोजन गर्ने परिपाटीको अन्त गरी प्रत्येक अभियुक्तहरुको हकमा के कुन प्रमाणहरूबाट कसूरदार देखिने हो, प्रमाणको विश्लेषण गरी प्रमाण, आधार, कारण र कसूर स्पष्ट बोध हुने गरी पृथक पृथक विश्लेषणयुक्त अभियोजन गर्ने ।

१८. अभियोगपत्र वा निवेदन, पुनरावेदन के कुन सरकारी वकीलबाट प्रस्तुत भएको हो त्यस्ता लिखतमा मुलुकी ऐन कागज जाँचको महलको १० नं. बमोजिम प्रस्तोताको नाम, दर्जा स्पष्ट रुपमा खुल्ने व्यवस्था गर्ने ।

१९. अनुसूची बाहिरका सरकारवादी हुने भनी ऐनमै लेखिएका (जस्तै वन सम्बन्धी) मुद्दाहरूमा मुद्दा चल्ने नचल्ने निर्णय गरेपछि अदालतमा दायर हुनेबाहेक अन्य अर्ध न्यायिक निकायमा दायर हुने त्यस्ता मुद्दाको स्वामित्व (Ownership) सरकारी वकीलले लिएको पाइँदैन । वास्तवमा ती सबै मुद्दाको स्वामित्व सरकारी वकीलमै रहेको र ती मुद्दाहरूमा पनि अनुसूचीका मुद्दासरहनै सरकारी वकीलबाट वहस पैरवी, प्रतिरक्षा, निवेदन, पुनरावेदन गर्नुपर्ने अवस्था छ । अतः त्यस्ता मुद्दामा पनि सरकारी वकीलले स्वयं सक्रियता लिई अर्ध न्यायिक निकायसँग समन्वय गरी अनुसूचीका मुद्दासरह कारवाही प्रक्रिया अगाडि बढाउने व्यवस्था गर्ने ।

२०. अनुसूची बाहिरका त्यस्ता सरकारवादी हुने भनिएका मुद्दामा अर्ध न्यायिक निकायबाट भएको फैसलाको परिणाम मास्केवारीको सफल असफल महलमा सामेल गर्ने व्यवस्था मिलाउने ।

२१. जाहेरवाला सक्रिय नभएका मुद्दाहरुमा साक्षी उपस्थित गराउने कार्य न्यून रहेको महसुस भएकै विषयवस्तु हो । अतः साक्षीहरुलाई उपस्थित गराउनेतर्फ अनुसन्धान अधिकृतसँग समन्वय गर्ने, उपस्थित भएका साक्षीहरूको बकपत्र गराउन सरिक हुने, सरिक रहे नरहेको अनुगमन गरिने र कार्यसम्पादनको मूल्याङ्कनको मापन बनाइने ।

२२. मुद्दाको बहस पैरवी पूर्ण तयारीका साथ गर्ने, कुनै खास वा गम्भीर प्रकृतिको मुद्दामा एकभन्दा वढी सरकारी वकील रहेका कार्यालयहरुमा Lead Lawyer को Concept का साथ सामूहिक रुपमा बहस गर्ने परिपाटी विकास गर्ने ।

२३. अदालतमा दायर भएका सरकारवादी मुद्दाको मुद्दा व्यवस्थापन, बहस व्यवस्थापनसमेतका सम्बन्धमा समय-समयमा सम्बन्धित न्यायाधीश, रजिष्ट्रार एवं स्रेस्तेदारसँग छलफल गर्ने । यथासम्भव पेशी स्थगित नगर्ने, पेशी स्थगित गर्नुपर्ने भए कारण उल्लेख गरी मिसिलमा संलग्न गरी राख्ने ।

२४. प्रहरी प्रमुख, अनुसन्धान शाखाका प्रहरी कर्मचारी वा अनुसन्धान अधिकृतहरूसँग मुद्दाको अनुसन्धान तहकिकात, साक्षी उपस्थिति, अभियोजन समेतको सुधारका पक्षमा महिनामा कम्तीमा एकपल्ट अन्तरसम्वाद गर्ने परिपाटी बसाउने । यस्तो अन्तरसम्वादको लिखित एजेण्डा तयार गरी गरिएका निर्णयहरू अभिलेखका लागि पुनरावेदन सरकारी वकील कार्यालयमा पठाउने ।

२५. प्रतिवादी पक्राउ वा फेला नपरेको अवस्थामा जाहेरी परेको लामो समयसम्म पनि त्यस्ता मुद्दामा कुनै अनुसन्धान नगरी थन्काएर राख्ने गरिएको र प्रतिवादी पक्राउ परेपछि मात्र वा हदम्याद समाप्त हुने अवस्थामा मात्र एकैपल्ट सबै अनुसन्धान पूरा गरेको देखाई मुद्दा पेश गर्ने गरेको प्रशस्त मात्रामा पाइन्छ । यसबाट प्रमाण लोप हुन सक्ने, बुझ्न पर्ने मानिस फेला नपर्ने जस्ता विविध समस्याहरु पनि आइपर्ने हुन सक्छ । अतः प्रारम्भिक प्रतिवेदन सरकारी वकील कहाँ प्राप्त भई अपराध दायरीमा दर्ता भएका त्यस्ता मुद्दाहरूको अवस्थाको सम्बन्धमा समय-समयमा जानकारी लिने र प्रहरी अधिकृतलाई पनि समयमै प्रमाण बुझ्न, अनुसन्धान गर्न प्रेरित गर्ने ।

२६. कतिपय मुद्दाहरूमा प्रहरी स्वयं प्रतिवेदक रहेको कारण वा काम तामेली गर्ने व्यक्ति भएको कारण साक्षीको रुपमा अदालतमा उपस्थित भै बकपत्र गर्नुपर्ने अवस्था पनि हुन्छ । यस अवस्थामा सूचना पाएर पनि उपस्थित नहुने वा उपस्थित भई प्रतिकूल (Hostile) बकपत्र गर्ने त्यस्ता राष्ट्रसेवक कर्मचारीको हकमा बेलैमा महान्यायाधिवक्ता कार्यालयमा जानकारी दिने ।

२७. सरकारी वकीलले मुद्दा मामिलाको रोहमा दिएका उचित निर्देशनहरू प्रहरी अनुसन्धान अधिकृतबाट परिपालना नभए सोको जानकारी महान्यायाधिवक्ताको कार्यालयमा गराउने ।

२८. आफ्नो जग्गा वा सरकारी भवन भएका सरकारी वकील कार्यालयहरूले जग्गा धनी प्रमाणपुर्जा, भवनको नक्सा जस्ता कागजातहरु दुरुस्त राख्ने र भवन निर्माण नभएका जग्गाको कसैले मिच्न नपाउने गरी बन्दोबस्त मिलाउने ।

२९. पानी, बिजुली, टेलिफोन, सरकारी सवारी साधनको बिमा, कर बुझाउनु तिर्नुपर्ने जस्ता रकमहरु सममयै तिर्नु बुझाउनुका साथै काम नलाग्ने भै थन्किएर बसेका सवारी साधन वा अन्य मालसामान तत्कालै लिलाम बिक्री

गर्ने वा मिनाहा वा लगत कट्टा गरी जिन्सी खाता चुस्त दुरुस्त राख्ने ।

३०. सरकारी एवं सार्वजनिक जग्गा वा सम्पत्तिहरू हिनामिना हुने गरेको, व्यक्तिहरूले दुरुपयोग गर्ने गरेको, आफ्नो नाममा दर्ता गर्ने गराउने गरेको जस्ता कामहरू भई पछि मुद्दाको रूप लिई त्यस्ता मुद्दाहरूमा सरकारी वकीलहरूले बहस पैरवी प्रतिरक्षा गर्नु परिरहेको स्थिति छ । समयमै त्यस्ता सरकारी सार्वजनिक जग्गा वा सम्पत्तिहरूको संरक्षण वा सम्बर्द्धन हुन सके मुद्दामा जानुपर्ने अवस्था नरहने हुन्छ । अतः यस्ता सरकारी एवं सार्वजनिक सम्पत्तिहरू हिनामिना हुन लागेको वा भइरहेको जानकारी सरकारी वकीललाई भएमा त्यस्तो सम्पत्तिको संरक्षण सम्बर्द्धन गर्नु विषयमा के गर्न सकिन्छ ? सम्बन्धित पदाधिकारी वा प्रमुख जिल्ला अधिकारीसँग छलफल परामर्श गरी त्यस्तो दुरुपयोग रोक्न वा त्यस्ता दुरुपयोगलाई कानूनी दायरामा ल्याई के कसरी कारवाही र सजाय गराउन सकिन्छ यसका लागि पहल गर्ने ।

३१. सरकारी वकीलहरूको काम कारवाहीमा चुस्तता दुरुस्ततासमेत होस् अनुसन्धान तहकिकात, अभियोजन, बहस पैरवीमा कठिनाई नहोस् भनी यस कार्यालयबाट सरकारी वकील सम्बन्धी दिग्दर्शन, २०६३ समेत जारी भैसकेको छ । उक्त दिग्दर्शनलाई सबै सरकारी वकीलहरुले आफ्नो दैनिक अभ्यासमा प्रयोग गरेको कमै मात्र पाइएको छ । अतः उक्त दिग्दर्शनलाई आफ्नो काम कारवाहीमा दैनिक अभ्यासमा ल्याउने ।

३२. सरकारी वकील कार्यालयहरूको कामकारवाहीका सम्बन्धमा नियमित अनुगमन निरीक्षण गरिने व्यवस्था मिलाइने छ। अनुगमन निरीक्षणको सिलसिलामा अरु कामकारवाहीका अलावा माथि दिइएका यी निर्देशनहरूको परिपालना गरे नगरेकोतर्फ पनि अनुगमन गरिने छ ।

३३. महान्यायाधिवक्ता र सबै सरकारी वकीलहरूले राज्यका कानूनी सल्लाहकारको रूपमा समेत जिम्मेवारी वहन गर्नुपर्ने हुँदा महान्यायाधिवक्ता एवं सबै सरकारी वकीलहरुले न्यायको प्रबर्द्धन, कानूनी शासनको अवधारणाको कार्यान्वयन र मानव अधिकारको संरक्षणको कार्यलाई व्यवसाय मात्र होइन् जीवनपद्धतिको रूपमा ग्रहण गर्न प्रयत्नशील रहन सरकारी वकीलको व्यक्तिगत आचरण, सक्रियता, अध्ययनशीलता, सहयोगी एवं समन्वयकारी भूमिका जस्ता कुरा र सरकारी वकीलको व्यावसायिक आचारसंहिता, २०५८ को परिपालनले मात्र सम्भव छ । अतः यी मूल्यमान्यताको प्रबर्द्धनमा विशेष भूमिका निर्वाह गर्ने ।

३४. उपर्युक्त बमोजिम गरी गराई फौजदारी न्याय व्यवस्थालाई सुदृढ गर्दै, दण्डहीनताको समस्यालाई सम्बोधन गर्न र सोबाट मानव अधिकारको संरक्षण गर्ने कार्यमा लाग्ने अपेक्षा सबै सरकारी वकील कार्यालयहरू र सम्बन्धित सबै सरकारी वकीलहरूसँग गरिएको छ ।

महान्यायाधिवक्ताज्यूबाट स्वीकृत मितिः २०६७।१२।२७।